# पहिलो अध्याय

# अध्ययन पत्रको परिचय

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय पृथ्वीनारायण क्याम्पस नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्र (५१०-६) पूरा गर्ने प्रयोजनका लागि यो अध्ययन पत्र प्रस्तुत गरिएको हो ।

## १.१ शीर्षक

प्रस्तुत अध्ययन पत्रको शीर्षक “सार्दीखोला र पुरुन्चौर गा.वि.स.का प्रमुख लोकगीतहरूको अध्ययन” रहेको छ ।

## १.२ प्रयोजन

प्रस्तुत अध्ययन पत्रको प्रयोजन त्रि.वि.वि. मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्ष दशौँ पत्र (५१०-६) को लोकसाहित्यको आंशिक खण्ड परिपूर्ति गर्नु हो ।

## १.३ समस्या कथन

नेपाली लोकसाहित्य एउटा महासागर हो । त्यहाँ लाखौँ अनमोल रत्नहरू पाइन्छन् । नेपाली लोकसाहित्यको आफ्नै विशिष्ट पहिचान पनि छ । लोकजीवनका तीता मीठा अनुभूतिहरूको त्यो सहज अभिव्यक्ति जहाँ शास्त्रीय बन्धन र कलात्मक सचेतता हुँदैन त्यो नै लोक साहित्य हो । श्रुति परम्परामा बाँच्ने अलिखित विधा भएकोले लोकसाहित्यमा रचयिताको खास अस्तित्व हुँदैन । लोक साहित्यका विभिन्न विधा उपविधामध्ये लोकगीत एउटा महत्त्वपूर्ण विधा हो । वास्तवमा लोकगीत झरना जस्तै हुन्छ । हजारौँ वर्ष पुरानो भएर पनि झरनाको पानी नित्य नयाँ हुन्छ न कहिल्यै सुक्छ न कहिल्यै रोकिन्छ बरु उसका जलमा नयाँ नयाँ संगीत र नृत्यहरू थपिँदै जान्छ । यसप्रकारको नेपाली लोकगीतका सन्दर्भमा कास्की जिल्लाका सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रमा के कस्ता लोकगीतहरू

प्रचलित रहेका छन् भन्ने विषयमा केन्द्रित यस अध्ययन पत्रको समस्या कथन निम्नानुसार रहेका छन् :

(क) सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रमा प्रचलित लोकगीतहरू के कस्ता रहेका छन् ?

(ख) सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रमा प्रचलित लोकगीतहरूको वर्गीकरण के कसरी गर्न सकिन्छ ?

(ग) सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन पत्रको मूल उद्देश्य सार्दीखोला र पुरुन्चौर गा.वि.स.का लोकगीतहरूको अध्ययन गर्नु हो भने यस अध्ययन पत्रका विशिष्ट उद्देश्यहरू निम्नानुसार छन् :

(क) सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रमा प्रचलित लोकगीतहरूको संकलन गर्नु ।

(ख) संकलित लोकगीहरूको वर्गीकरण गर्नु ।

(ग) संकलित लोकगीतहरूको अध्ययन विश्लेषण गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली लोकसाहित्यको अध्ययन विश्लेषण गर्ने क्रममा महत्त्वपूर्ण कार्य केही मात्रामा भए पनि यसले व्यापकता पाउन सकिरहेको छैन । लोकसहित्य आफैँमा अलिखित साहित्य हो । यो मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जान्छ । नेपालमा रेडियो नेपालको स्थापना भए पछि सञ्चार माध्यममा लोकगीतले स्थान पाउन थालेको हो । वि.सं. २०१० मा लोकगीत संग्राहलयको स्थापना भयो र यस संग्राहलयले लोकगीतको संकलन र सम्बर्द्धनमा सहयोग पुऱ्यायो । लोकसाहित्यको एउटा विधा लोकगीतको अध्ययन परम्परा अझै व्यापक नभएको परिस्थितिमा सार्दिखोला र पुरुन्चौर

गा.वि.स.मा प्रचलित लोकगीतहरूमा केन्द्रीत रहेर अध्ययन गर्ने क्रममा विभिन्न विद्वान्हरूले यस अघि गरेका अध्ययनको संक्षिप्त समीक्षा यहाँ गरिएको छ ।

### १.५.१ कालिभक्त पन्त, हाम्रो सांस्कृतिक इतिहास (२०२०)

नेपाली लोकसाहित्यका अध्येता कालीभक्त पन्तले आफ्नो कृति "हाम्रो सांस्कृतिक इतिहास" (२०२०) मा लोकगीतसमेतको चर्चा गर्ने क्रममा विभिन्न लोकगीतहरूलाई पनि पुकोरेका छन् तथापि उनको यस कृतिले सार्दीखोला र पुरुन्चौर गा.वि.स.मा प्रचलित लोकगीतहरूलाई यथोचित मात्रामा समेट्न सकेको भने पाईंदैन । (पन्त, २०२० : १३)

### १.५.२ धर्मराज थापा, गण्डकीका सुसेलीहरू (२०३०)

यस कृतिमा गण्डकी क्षेत्र अन्तर्गतका गण्डकी, लुम्बिनी र धौलागिरीमा प्रचलित लोकगीतहरूको अध्ययन गरिएको छ । गण्डकी र धौलागिरी अञ्चललाई लोकसंस्कृतिको धरोहरका रूपमा स्थापित गरी त्यहाँ प्रचलित प्रशस्त भाकाहरूलाई सङ्कलन पनि गरेका छन् । थापाले यस क्षेत्रका विभिन्न लोकभाकाहरूको अध्ययन प्रस्तुत गरे तापनि सादीखोला र पुरुन्चौर गा.वि.स.मा प्रचलित लोकगीतहरूको बारेमा विस्तृत चर्चा गरेको पाईंदैन । ( थापा, २०३० : २५)

### १.५.३ कुसुमाकर न्यौपाने, नेपाली लोकगीत (२०७०)

यस कृतिमा लोकगीतलाई अध्ययनको केन्द्रमा राखिएको छ, जसमा लोकनृत्य र लोकबाजाको पनि विवेचना गरिएको पाइन्छ । लोकगीतलाई भूगोल, जाति, उमेर, लिङ्ग, सहभागिता, प्रस्तुति, विषय, आकार, गायनसमय, गायन, अवसर, र प्रकार्य आदिका आधारमा वर्गीकरण पनि गरिएको छ । खासगरी गण्डक क्षेत्रमा प्रचलित लोकभाकाहरूलाई पनि न्यौपानेले उक्त कृतिमा समेटेका छन् । तथापि सार्दीखोला र पुरुन्चौर गा.वि.स.का लोकगीतहरूको बारेमा भने खास विवेचना भएको पाइँदैन । (न्यौपाने, २०७० : ११)

### १.५.४ लीलासिंह कर्मा, हाम्रो लोक साहित्य (२०२३)

लीलासिंह कर्माले यस कृतिमा विशेषगरी सुनकोशी किनार, रामेछाप, सिन्धुली आदि क्षेत्रलाई केन्द्रविन्दु मानी त्यहाँ प्रचलित दोहोरी एकोहोरी आदि गीतको जानकारी गराएका छन् भने विभिन्न बोलका गीतहरूलाई करुणरसका आधारमा पनि परिचय दिएका छन् । यस

कृतिले रामेछाप, सुनकोशी किनार, सिन्धुली क्षेत्रका गीतलाई बढी प्राथमिकता दिएकाले अन्य क्षेत्र ओभ्केलमा नै परेको देखिन्छ । यसमा सार्दीखोला र पुरुन्चौर गा.वि.स.का लोकगीतहरूका बारेमा भने चर्चा भएको पाइँदैन । (कर्मा, २०२३ : २८)

### १.५.५ धर्मराज थापा र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना (२०४१)

यस कृतिमा नेपाली लोकसाहित्यलाई ६ खण्डमा विभाजन गरी अध्ययन गरिएको छ । ६ खण्डमध्ये दुईमा लोकगीतका बारेमा चर्चा परिचर्चा गर्दै संस्कारगीत, ऋतुगीत, पर्वगीत, कर्मगीत, लोकनृत्य वा नृत्यगीत र विविध गरी सात भागमा वर्गीकरण गरिएको छ तर यसमा सार्दिखोला र पुरुन्चौर गा.वि.स.मा प्रचलित लोकभाकाहरूको विस्तृत अध्ययन भएको भने पाइँदैन । (थापा र सुवेदी, २०४१ : ९)

### १.५.६ कृष्णप्रसाद पराजुली, नेपाली लोकगीतको आलोक (२०५७)

पराजुलीको यस कृतिमा नेपाली लोकगीतको परिचय दिई वर्गीकरण र विश्लेषण गरिएको छ । लोकगीतलाई ऋतुचक्रीय गरी दुई भेदमा विभाजित गरी अन्य उपभेद हुन्छ भनी देखाइएको छ । यसमा सार्दीखोला र पुरुन्चौर गा.वि.स.मा प्रचलित लोकगीतहरूको विशेष चर्चा भएको भने पाइँदैन । (पराजुली, २०५७ : १२)

### १.५.७ आर.डि. र एल.एल., नेपालका विभिन्न जाति र लोकगीत एक परिचय (२०२३)

यस कृतिमा नेपालका ऋतुकालीन लोकगीतअन्तर्गत मारुनी, सोरठी, दाइँ, भैलो, देउसी आदि पर्दछन् भनी त्यसका बारेमा चर्चा गरिएको छ तर ती गीतहरू कुन स्थान विशेषमा प्रचलित छन् भनेर वर्गीकरण गरिएको भने पाइँदैन । (आर. डि र एल. एल., २०२३ : १४)

### १.५.८ मोहनराज शर्मा र डा. खगेन्द्र प्रसाद लुइँटेल, लोकवार्ता विज्ञान र लोकसाहित्य ( २०६३)

यस पुस्तकमा लोकगीतलाई क्षेत्रीय, जातीय, उमेर, लिङ्ग, सहभागी, बनोट, प्रस्तुती, विषय, आकार र समयका आधारमा गरी दश प्रकारमा वर्गीकरण गरिएको छ । झ्याउरे, तीजे, भैलो, देउसी, असारे र रत्यौली जस्ता गीतहरू सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रका परे पनि यस स्थानको बारेमा चर्चा गरिएको छैन । (शर्मा र लुइँटेल, २०६३ : १६)

### १.५.९ विष्णुहरी शर्मा, कास्कीकोट क्षेत्रमा प्रचलीत लोकगीतको अध्ययन (२०६७)

यो अप्रकाशित अध्ययन पत्रमा कास्कीकोट क्षेत्रका थुप्रै लोकगीतहरूको उदाहरणसहित चर्चा गरिएको छ । ती मध्ये सार्दीखोला र पुरुन्चौर क्षेत्रका पनि लोकगीतहरू परेका छन् । स्वभाविक रूपमा कास्कीकोट क्षेत्र र सार्दीखोला र पुरुन्चौर क्षेत्र एउटै जिल्ला र नजिकका स्थानहरू भएकाले पनि प्रायः लोकगीतहरूमा समानता भेटिन्छन् तथापि उक्त अध्ययन पत्रमा सार्दीखोला र पुरुन्चौर क्षेत्रको भने आवश्यक विवेचना गरिएको पाइँदैन । (शर्मा, २०६७ : १२)

## १.६ अध्ययनको औचित्य

नेपाली समाजको नितान्त मौलिक र गहकिलो सम्पदा लोक साहित्य हो । लोकसाहित्यको सबैभन्दा लोकप्रिय विधा लोकगीत हो । लोकगीतलाई सबैले आफ्नो भन्न सक्दछन् । यसमा समाजको धर्म संस्कृति, रीतिरिवाज, परम्परा र भाषाका मीठा अनुभवहरू प्रस्फुटित हुन्छन् । नेपाली लोकजीवनको सुख दुःख संगालिएको लोकसाहित्यका विविध विधाहरूको अध्ययन अनुसन्धान गर्ने कार्यले महत्त्व राख्दछ ।

प्रस्तुत अध्ययन पत्रले हालसम्म कहीँ कतैबाट अध्ययन अनुसन्धान हुन नसकेको तर नेपाली भाषा साहित्यमा अमूल्य सम्पदा बनेर रहेको कास्की जिल्ला अन्तर्गत पर्ने सार्दीखोला र पुरुन्चौर गा.वि.स.मा प्रचलित लोकगीतको संकलन र विश्लेषण गरी यसको सामाजिक र सांस्कृतिक महत्त्व समेत पहिल्याउने प्रयास गरेको हुनाले प्रस्तुत अध्ययन निकै औचित्यपूर्ण रहेको छ ।

## १.७ सीमा र क्षेत्र

गाउँले जनजीवनसँग गाँसिएको नेपाली लोकसाहित्यले देशभरी नै फस्टाउने र मौलाउने अवसर प्राप्त गरेको छ । त्यसैले देशैभरी लोकसाहित्यको लोकगीत विधा फैलिएको छ । लोकसाहित्यसँग गाँसिएको लोकगीतको प्रचलनको दायरा वृहत रहेको हुँदा एउटा सानो अध्ययन पत्र मार्फत सम्पूर्ण क्षेत्रको लोकगीतलाई समेट्न नसकिने हुँदा यस अध्ययन पत्रमा सार्दीखोला र पुरुन्चौर गरी कास्की जिल्लाका दुई गा.वि.स.लाई अध्ययनको क्षेत्रको रूपमा समेटिएको छ । उल्लेखित दुई गा.वि.स.का ९/९ वडाहरूमा बसोबास गर्ने लोकगायक, लोकगायिका, युवायुवती, बृद्धबृद्धा र विद्यार्थीहरूलाई प्रत्यक्ष भेटी यस क्षेत्रमा प्रचलित

लोकगीतहरूको सङ्कलन, अध्ययन र विश्लेषण गर्ने कार्यमा यो अध्ययन पत्र सीमित रहेको छ ।

### १.८ अध्ययन विधि

प्रस्तुत शोधकार्य सम्पादन गर्ने क्रममा यसलाई सकेसम्म प्रामाणिक र सत्यतथ्यगत बनाउन स्थलगत भ्रमण गरी यस कास्की जिल्लाका सार्दीखोला र पुरुन्चौर गा.वि.स.का लोककलाकारहरूको सहयोगमा लोकगीतहरू सङ्कलन गरिएको छ । उक्त क्षेत्रहरूमा लाग्ने मेला, मनाइने पर्व र लगाइने पूजाआजामा प्रत्यक्ष सहभागी भई यस विषयका विज्ञ एवं पूर्व प्रकाशित कृतिहरूलाई समेत आधार बनाइएको हुँदा यस शोधकार्यमा मूलतः तीन प्रकारका विधिहरूको प्रयोग गरिएको छ । (क) क्षेत्रगत सामाग्री संकलन विधि (ख) पुस्तकालय विधि (ग) विश्लेषण विधि ।

#### (क) क्षेत्रगत सामग्री संकलन विधि

लोकसाहित्यको अध्ययन गर्दा आवश्यक सामाग्रीहरूका लागि स्थलगत अध्ययनको जरुरी हुन्छ । प्रस्तुत अध्ययन पत्र तयार गर्दा पनि शोधकर्ता सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रमा प्रत्यक्ष उपस्थित भई स्थानीय उत्तरदाताहरूबाट सामाग्रीहरूको संकलन गरिएको हो ।

#### (ख) पुस्तकालय विधि

यस अध्ययन पत्रमा लोकगीतको सैद्धान्तिक परिचर एवम् संकलित लोकगीतहरूको वर्गीकरण र विश्लेषणका लागि पुस्तकालय विधि प्रयोग गरिएको छ । यसका साथै लोक साहित्य र लोकगीतका सम्बन्धमा पुस्तकालयमा प्राप्त पुस्तक, शोध तथा लेखहरूको पनि सहायता लिइएको छ ।

#### (ग) विश्लेषण विधि

प्रस्तुत अध्ययन कार्य स्थलगत अध्ययनका आधारमा सम्पन्न गरिने हुँदा निगमनात्मक विधि प्रयोग गरेर तथ्यहरूको व्यवस्थापन गरिएको छ । कतिपय सैद्धान्तिक आधारमा आगमनात्मक विधि प्रयोग गरेर सिद्धान्तको स्वरूप चिनाइएको छ । यसका साथै वर्णनात्मक तथा विश्लेषणत्मक पद्धति अपनाई यो अध्ययन पत्रलाई पूर्णता दिइएको छ ।

## १.९ अध्ययन पत्रको रूपरेखा

प्रस्तुत अध्ययन पत्रलाई संगठित र सुव्यवस्थित रूपमा सम्पादन गर्नका लागि निम्न अनुसारको रूपरेखा तयार गरिएको छ ।

पहिलो अध्याय : अध्ययन पत्रको परिचय

दोस्रो अध्याय : सार्दीखोला र पुरुन्चौर गा.वि.स.को परिचय

तेस्रो अध्याय : लोकगीतको सैद्धान्तिक परिचय

चौथो अध्याय : सार्दीखोला र पुरुन्चौर गा.वि.स.मा प्रचलित लोकगीतहरूको अध्ययन विश्लेषण

पाचौँ अध्याय : सारांश र सुझाव

सन्दर्भग्रन्थसूची

परिशिष्ट

# दोस्रो अध्याय

# सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रको परिचय

सार्दीखोला र पुरुन्चौर दुवै गा.वि.स. नेपालको वर्तमान संघीय व्यवस्थाअनुसार प्रदेश नं. ४ मा रहेको कास्की जिल्लामा अवस्थित छन् । माछापुच्छ्रे र अन्नपूर्ण हिमश्रृङ्खलाको काखमा अवस्थित यी दुवै गा.वि.स.को सीमा एकआपसमा जोडिएका छन् । अर्थात् यी दुवै निकट छिमेकी गा.वि.स. हुन् । भौगोलिक सामीप्यका साथै धार्मिक, सांस्कृतिक तथा जातीय विविधताको सम्बन्धमा पनि यी दुवै गा.वि.स.को वस्तुस्थिति समान किसिमको रहेको छ । यी दुवै गा.वि.स. क्षेत्रको संक्षिप्त परिचय यहाँ प्रस्तुत गरिएको छ ।

## २.१ सार्दीखोला गा.वि.स.को परिचय

नेपालको वर्तमान संघीय व्यवस्थाअनुसार प्रदेश नं. ४ मा रहेको कास्की जिल्ला एक पहाडी जिल्ला हो र सार्दीखोला गा.वि.स. कास्की जिल्लाको उत्तरी भागतर्फ अवस्थित रहेको एक गाउँ विकास समिति हो । यस गा.वि.स.को उत्तरमा माछापुच्छ्रे, पूर्वमा पार्चे एवं सिल्दुजुरे, पश्चिममा माछापुच्छ्रे गा.वि.स. र दक्षिणमा घाचोक एवं पुरुन्चौर गा.वि.स. पर्दछन् । यस गा.वि.स.लाई प्रशासनिक एवं राजनीतिक विभाजनको हिसावले ९ वटा वडाहरूमा विभाजन गरिएको छ । त्यस्तै यो गा.वि.स. कास्की जिल्लाको १३ नं. इलाका तथा ४ नं. निर्वाचन क्षेत्र अन्तर्गत पर्दछ ।

### २.१.१ भौगोलिक अवस्थिति

यस गा.वि.स.को ५४.०६ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ । यस गा.वि.स.लाई लामाचौर-माछापुच्छ्रे सडकले छोएको र सदरमुकामदेखि नजिक रहेकोले यो गा.वि.स.लाई यातायातको दृष्टिले सुगम गा.वि.स. कै रूपमा मान्न सकिन्छ । यो गा.वि.स. देशान्तर ८३.९४ देखि ८४.०६ डिग्री पूर्व र अक्षांश २८.३० देखि २८.४१ डिग्री उत्तरमा अवस्थित रहेको छ ।

### २.१.२ एतिहासिक रूपरेखा

यस गा.वि.स.को ऐतिहासिक रूपरेखा र नामाङ्कनका सम्बन्धमा कुनै आधिकारिक एवं भरपर्दो अभिलेख प्राप्त भएको छैन तापनि हालसम्म प्राप्त विभिन्न अभिलेख र जानिफकार व्यक्तिहरूको कथन समेतको आधारमा यस गा.वि.स.को नामाकरण सम्बन्धमा यस गा.वि.स.मा सार्दीखोला भन्ने खोला बग्ने हुनाले यसै खोलाको नामबाट नै यस गा.वि.स.को नाम सार्दीखोला रहन गएको हो भन्ने भनाई रहेको पाइन्छ ।

### २.१.३ हावापानी तथा जलवायु

यस गा.वि.स.को उत्तरतर्फ विशाल अन्नपूर्ण हिमश्रृंखला भएकोले यस गा.वि.स.को हावपानी बढी मात्रामा चिसो र ठण्डा खालको रहेको छ । यहाँको तापक्रम गर्मी मौसममा अधिकतम ३१ डिग्री र जाडो मौसममा न्यूनतम ७ डिग्री सेन्टिग्रेड रहने गरेको छ । यस गा.वि.स.मा ९० प्रतिशत वर्षा गृष्म ऋतुमा हुन्छ र हिउँदमा १० प्रतिशत वर्षा हुने अनुमान रहेको छ ।

### २.१.४ प्राकृतिक स्रोत

यस गा.वि.स.मा मुख्य प्राकृतिक स्रोतको रूपमा सेती नदी, सार्दीखोला जस्ता खोलाहरू प्रमुख जलसम्पदाको रूपमा रहेका छन् । यसैगरी गा.वि.स. क्षेत्र वरपरका जंगल तथा अन्य सामुदायिक वनहरू यहाँका प्रमुख वनसम्पदाहरू हुन् । साथै पथ्थरका खानी यहाँ धेरै नै भएको र अन्य खानीहरूको बारेमा आधिकारिक रूपमा उत्खनन् हुन बाँकी रहेको कारण यहाँ के कस्ता र कति पैमानामा खनिज श्रोत रहेका छन् भन्न सकिने स्थिति छैन । यस गा.वि.स.को भूवनावट कडा तथा नरम चट्टानले बनेको अग्लो होचो, ठाडो भिरालो रहेको छ । यहाँका केही फाँटहर खाद्यान्न वाली हुने मुख्य क्षेत्र हुन् । यस गा.वि.स.को केही समथल भागमा धान, गहुँ र मकै उत्पादन हुन्त भने भिरालो भागमा मकै, कोदो, अदुवा र फलफुल उत्पादन हुन्छ । यस गा.वि.स.को भिरालो भागबाट वर्षेनि माटो बगेर जाने समस्या रहेको छ ।

### २.१.५ जनसंख्या सम्बन्धी विवरण

यो गा.वि.स. कास्की जिल्लाको एक महत्त्वपूर्ण गा.वि.स. हो । गा.वि.स.ले तयार पारेको वस्तुस्थिति विवरणका अनुसार यस गा.वि.स.को कुल जनसंख्या ३९१८ जना रहेको

देखिन्छ । यसै सर्वेक्षण अनुसार जम्मा घरधुरी संख्या ७४१ र प्रतिघरमा ५.२ जना मानिस बसेका छन् । लिङ्गगत आधारमा जनसंख्याको वितरणलाई हेर्दा महिलाको संख्या १९२६ र पुरुषको संख्या १९९३ रहेको छ । यसैगरी जातिगत आधारमा ब्राह्मण ४२१ जना, क्षेत्री १५ जना, गुरुङ १६१३ जना, मगर ७१ जना, दलित, ५९५ जना, तामाङ ७३५ जना र अन्य ४६८ जना रहेको पाइन्छ । यसैगरी धर्मका आधारमा हिन्दू १८७१ जना, बौद्ध २०२२ जना र अन्य २५ रहेको पाइन्छ ।

## २.१.६ धार्मिक सांस्कृतिक परिवेश

यो गा.वि.स एक बहुजाती, बहुभाषी र बहुधार्मिक जनता बसोबास गर्ने गा.वि.स. रहेको छ । यहाँको मूख्य बासिन्दाहरूमा मुख्य बासिन्दाहरूमा गुरुङ, ब्राह्मण, दलित, क्षेत्री, मगर, तामाङ आदि रहेको पाइन्छ । यहाँका जातजातिहरू प्रायः सबै वस्ती एवं वडाहरूमा छिरलिएर बसेका पाइन्छन् । धर्मको हिसाबले हिन्दू, बौद्ध र अन्य रहेकोमा बौद्ध र हिन्दू धर्मावलम्बीहरूकै बाहुल्यता बढी रहेको पाइन्छ ।

यस गा.वि.स.मा धर्म तथा सांस्कृतिक जनजीवन तथा रहन सहनको विशेष महत्त्व रहेको पाइन्छ । हिन्दू धर्मावलम्वीहरूमा ब्रह्मण, क्षत्री तथा दलित र बौद्ध धर्मावलम्वीहरूमा गुरुङ तथा तामाङहरूका आआफ्नै किसिमको संस्कारहरू प्रचलनमा रहेका छन् । जातिगत विविधताको र भौगोलिक विविधता तथा आर्थिक विविधताले गर्दा यहाँको जनजीवन आफ्नै किसिमको भएको पाइन्छ । यस गा.वि.स.मा हिन्दू तथा बौद्ध धर्मावलम्वीहरूको बसोबास रहेकाले प्रचलित राष्ट्रिय चाडवाडहरूको साथै स्थानीय चाडपर्वहरू पनि मनाउने प्रचलन रहेको पाइन्छ । यस गा.वि.स.को धर्म, जाति र क्षेत्र अनुसार रत्यौली, तीजको गीत एवं नाच जस्ता लोकप्रिय तथा परम्परागत नाचहरू धुमधामका साथ मनाइने गरेको पाइन्छ । यहाँको प्रमुख चाडपर्वहरूमा दशैं, तिहार, तीज, जनै पूर्णिमा, बुद्ध पूर्णिमा र ल्होसार आदि रहेका छन् । यहाँको सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूमा खारापानी, महादेव मन्दिर, तारा हिलटप, तमु प्लेह, विन्दुवासिनी मन्दिर, देउराली मन्दिर, संसारे मन्दिर, देउराली डाँडा आदि रहेका छन् ।

## २.२ पुरुन्चौर गा.वि.स.को परिचय

नेपालको वर्तमान संघीय व्यवस्था अनुसार प्रदेश नं. ४ मा रहेको कास्की जिल्ला एक पहाडी जिल्ला हो र पुरुन्चौर गा.वि.स. कास्की जिल्लाको उत्तरी भागतर्फ अवस्थित रहेको एक गाउँ विकास समिति हो । यस गा.वि.स.को पूर्वतर्फ लामाचौर, अर्मला गा.वि.स., पश्चिम तर्फ सार्दीखोला, घाचोक, लाहाचोक गा.वि.स., उत्तरतर्फ सार्दीखोला गा.वि.स. र दक्षिणमा हेमजा गा.वि.स. पर्दछन् । यस गा.वि.स.लाई प्रशासनिक एवं राजनीतिक विभाजनको हिसावले ९ वटा वडाहरूमा विभाजन गरिएको छ । त्यस्तै यो गा.वि.स. कास्की जिल्लाको इलाका नं. ६ तथा निर्वाचन क्षेत्र नं. ४ अन्तर्गत पर्दछ ।

### २.२.१ भौगोलिक अवस्थिती

सापेक्षिक रूपमा कास्की जिल्लाको वीच भागमा स्थित यो गा.वि.स. को भौगोलिक अवस्थिति तथा फैलावट भने २८$^{0}$ १६' ४१" उत्तरदेखि २८$^{0}$ २०' २८" उत्तरी अक्षांशसम्म र ८३$^{0}$ ५६' ०४" पूर्वी देशान्तरदेखि ८४$^{0}$ ०१'१६" पूर्वी देशान्तरसम्म छ । यस गा.वि.स.को पूर्व तर्फ लामाचौर, अर्मला, गा.वि.स. पश्चिम र्त्क सार्दीखोला, घाचोक, लाहाचोक गा.वि.स. उत्तरतर्फ सार्दीखोला गा.वि.स. र दक्षिणमा हेमजा गा.वि.स. पर्दछन् । यस गा.वि.स.को क्षेत्रफल १८.७६ वर्ग कि.मि. छ र कास्की जिल्लाको ०.९३ प्रतिशत भूभाग ओगटेको छ । यसको पश्चिम र दक्षिणतर्फ सीमानामा सेती गण्डकी प्रवाहित भएको छ ।

### २.२.२ एतिहासिक रूपरेखा

वि.सं. १६०० मा जुम्लाराज्य हालको जुम्ला जिल्लाको पतहरी खोला सिंजाबाट श्री पूर्णाखर अधिकारी आफैंले बुनेको राडिपाखी बेच्नेक्रममा कास्की राज्य हालको कास्कीकोटमा आइपुग्दा त्यहाँका राजाको दर्शन गरेर जाने मनसाय बनाई पूर्णाखरले राजाको दर्शन पाउनु भयो । राजालाई एक राम्रो पाखी उपाहार चढाएर दर्शनगर्दा साथैमा रहेको धार्मिक किताब देखिएछ र राजाले तिम्रो गोत्र के हो ? भन्दा कश्यप हो भन्नु भए पछि तिमी त कश्यप ऋषिका सन्तान रहेछौं यहाँ नै बस र पुरेतको काम गर भन्ने हुकुम भए पछि उनी त्यहीँ बसेर पौडेलकी पुत्रीसँग विवाह गर्नु भएछ । केही दिन वित्दैजाँदा राजाका हजुरमा विन्ति चढाउँदै स्थायी बसोबास भए हुन्थ्यो कि भन्ने आशा राख्दा राजाबाट त्यसो भए तिमी शुक्ला गण्डकीको पारीपट्टि रहेको चौरमा गई आफ्नो सीमा बाँधेर बस भन्ने हुकुम भएपछि (

सेती) शुक्लागण्डकीको बाबियातरा, लोहसे, तल्लाकोट, ढाव र हालको अस्ताममा पुग्दा घाम अस्तायपछि त्यही बस्नु भई भोलीपल्ट राजाका हजुरमा सिमानाको विन्ती चढाउनुभयो । राजाले हुकुम दिएपछि शुक्लागण्डकीको वीच तरोमा घर बनाई बस्नु भएकाले अहिले पनि त्यस स्थानलाई घरतरो भनिन्छ । केही समयपछि घरतरो भन्दा माथि रहेको चौरमा घरबास सारेपछि पूर्णाखरको चौर भन्दा पुरन्चौर नाम रहेको किम्बदन्ती पाइन्छ । पुरुन्चौरमा बसोबास सारेपछि गाईखर्कलाई पुरनखर्क, पुरनपानी, पुरनबेसी, पुरनखोला आदि नामबाट विभिन्न क्षेत्रहरू हालसम्म पनि प्रख्यात छन् ।

### २.२.३ हावापानी तथा जलवायु

यस गा.वि.स.मा समशीतोष्ण हावापानी पाइन्छ । अन्नपूर्ण हिमश्रृङ्खलाको काखैमा पर्ने पहाडी गा.वि.स. भएकाले यहाँ गृष्ममा अत्यधिक मात्रामाा पर्वतीय तथा मनसुनी वर्षा हुन्छ । यहाँ ३३५३ मि.मि. वार्षिक वर्षा हुने गरेको पाइन्छ । यहाँ न्यूनतम ६$^{o}$ र अधिकतम ३३$^{o}$ सेन्टिग्रेट तापक्रम पुग्दछ । यहाँको समतल क्षेत्र पुरुन्चौरमा केही तल र माथि डाँडातर्फ तापक्रम घट्दै गएको पाइन्छ । भौगोलिक अवस्थिति र हावापानीको आधारमा होचो भागमा सदाबहार र अग्लो स्थानमा मिश्रित प्रकारका बनस्पति पाइन्छन् ।

### २.२.४ प्राकृतिक स्रोत

यस गा.वि.स.मा मुख्य प्राकृतिक स्रोतको रूपमा यस गा.वि.स.को पश्चिमबाट दक्षिणतर्फ अन्नपूर्ण हिमश्रृङ्खलाबाट बहने प्रथम स्तरको सेती नदी सीमाना हुँदै बगेको छ । यसैगरी उत्तरतर्फ सार्दीखोलाबाट सिमानको रूपमा भुर्जुङखोला बहन्छ भने भोटेखोला अर्मला लामाचौरसँग पूर्वी सीमाना हुँदै बगेका छन् । त्यहाँका अन्य खोलाहरूमा पुरुन्चौरको दक्षिण भागको समतल हुँदै बहने घट्टेखोला, भुर्जुङखोलासँग मिमिने सिस्नेखोला आदि प्रमुख खोलाहरू हुन् । यिनै नदीनालाबाट यस गा.वि.स.ले पिउने पानी तथा सिंचाई प्राप्त गरेको छ । पुरुन्चौरमा खेतीयोग्य जमीन, घाँसे भूमि, झाडी क्षेत्र, बालुवा तथा गेगर क्षेत्र, नदी किनार क्षेत्र भूउपयोगको दृष्टिले महत्त्वपूर्ण प्राकृतिक स्रोतको रूपमा रहेका छन् ।

### २.२.५ जनसंख्या सम्बन्धी विवरण

यो गा.वि.स. कास्की जिल्लाको एक महत्त्वपूर्ण गा.वि.स. हो । गा.वि.स.ले तयार पारेको वस्तुस्थिती विवरणका अनुसार यस गा.वि.स.को कुल जनसंख्या ४९१८ जना रहेको

देखिन्छ । यसै सर्वेक्षण अनुसार जम्मा घरधुरी संख्या ८३९ र जनघनत्व २६२.१५ प्रति वर्ग कि.मी. रहेको छ । लिङ्गत आधारमा जनसंख्यको वितरणलाई हेदा महिलाको संख्या २४०९ र पुरुषको संख्या २५०९ रहेको छ । यसैगरी यस गा.वि.स.मा बसोबास गर्ने मुख्य जातजातिहरूमा ब्राह्मण, क्षत्री, सार्की, गुरुङ, घर्ती, नेवार, कामी, दमाई आदि रहेका छन् भने हिन्दू, बौद्ध र इसाई धर्मावलम्वीहरू रहेका छन् ।

## २.२.६ निष्कर्ष

यो गा.वि.स एक बहुजाति, बहृभाषी र बहुधार्मिक जनता बसोबास गर्ने गा.वि.स. रहेको छ । यहाँका जातजातिहरू प्रायः सबै वस्ती एवं वडाहरूमा छिरलिएर बसेका पाइन्छन् । धर्मको हिसाबले हिन्दू, बौद्ध र अन्य रहेकोमा बौद्ध र हिन्दू धर्मावलम्बीहरूकै बाहुल्यता बढी रहेको पाइन्छ । यस गा.वि.स.मा धर्म तथा सांस्कृतिक जनजीवन तथा रहन सहनको विशेष महत्त्व रहेको पाइन्छ । हिन्दू धर्मावलम्वीहरूमा ब्राह्मण, क्षत्री तथा दलित र बौद्ध धर्मावलम्वीहरूमा गुरुङ तथा तामाङहरूका आआफ्नै किसिमको संस्कारहरू प्रचलनमा रहेका छ । जातिगत विविधताको र भौगोलिक विविधता तथा आर्थिक विविधताले गर्दा यहाँको जनजीवन आफ्नै किसिमको भएको पाइन्छ । यस गा.वि.स.मा हिन्दु तथा बौद्ध धर्मावलम्वीहरूको बसोबास रहेकाले प्रचलित राष्ट्रिय चाडवाडहरूको साथै स्थानीय चाडपर्वहरू पनि मनाउने प्रचलन रहेको पाइन्छ । यस गा.वि.स.को धर्म, जाति र क्षेत्र अनुसार रत्यौली, तीजको गीत एवं नाच जस्ता लोकप्रिय तथा परम्परागत नाचहरू धुमधामका साथ मनाइने गरेको पाइन्छ । यहाँको प्रमुख चाडपर्वहरूमा दशैँ, तिहार, तीज, जनै पूर्णिमा, बुद्ध पूर्णिमा र ल्होसार आदि रहेका छन् । यहाँको सांस्कृति, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूमा अमरेश्वर मन्दिर, चुरुङ्गामा माछापुच्छ्रे भ्यू प्वाइन्ट रिसोर्ट आदि रहेका छन् ।

# तेस्रो अध्याय

## लोकसाहित्यको सैद्धान्तिक परिचय

लोक साहित्य 'लोक' र 'साहित्य'को समासबाट बनेको शब्द हो । यसको अर्थ हुन्छ लोकको साहित्य । लोकको अर्थ-'स्वर्ग, पृथ्वी र पातल यी तीन ठाउँ । संसार, जगत, दुनियाँ जनसाधारण र साहित्यको अर्थ - सहित वा साथ हुनुको भाव गद्य वा पद्यमा लेखिएको लेख, कविता आदि कुनै विवेचनात्मक ग्रन्थ, वाङ्मय हुन्छ । यसरी लोक साहित्यको अर्थ - सर्व साधारणमा जनताको कोमल मनोभावलाई व्यक्त गर्ने सरस भाव र सरल भाषा भएको विभिन्न चाड पर्व तथा मनोरञ्जनका समयमा प्रसंगानुकूल गाइने, सुनाइने वा देखाइने लोक व्यवहारमा प्रचलित विभिन्न लोकगीतको कथा, लोकनृत्य आदिले युक्त साहित्य वा लोकवार्ता हो । लोक साहित्य शब्द संस्कृतको 'लोक दर्शने' धातुमा 'धञ्' प्रत्यय लागेर बनोको शब्द हो । जनताको कल्याण वा हितको भावनाले अभिप्रेरित शिष्ट अभिव्यक्ति नै लोक साहित्य हो । यसलाई ग्राम साहित्य, जनसाहित्य, अशिष्ट साहित्य आदि शब्दले पुकारेको समेत पाइन्छ (कोइराला, २०५६:१) ।

समाजमा परम्परादेखि हस्तान्तरीत हुँदै आएको अभिव्यक्ति नै त्यस समुदायको लोक साहित्य हो । प्रत्येक भाषाभाषी समुदायले आफ्ना परम्पराबाट लोकगीत, लोकगाथा, लोककथा, लोकोक्तिका विविध रूपहरू प्राप्त गरेको हुन्छ । लोकसाहित्यको स्वरूप मौखिक हुन्छ । सहज र सरल मीठो लोकभाकामा रङ्गिएको सामान्य जनजीवनको दुःख-सुख, समस्या र वेदना, शोषण र असन्तोष आदि हार्दिक अनुभूति नै लोक साहित्यका विषय हुन् । हाम्रो लोक जीवनका हाँसो र आँशु, इच्छा र अभाव आदि सारा जीवन क्रमहरू लोकले सजिलै लिन र बुझ्न सक्ने गरी लोभलाग्दो भाषा र शैलीमा प्रष्ट्याइएको हुँदा नै यसलाई लोक साहित्य भनि पुकारिँदै आइएको हुन सक्तछ । साहित्यका क्षेत्रमा 'लोकसाहित्य' आफ्नो विशिष्ट अर्थ सहित प्रचलित छ र अंग्रेजी 'फोक लिटरेचर' (Folk Literature) को पर्याय वा लोकको साहित्यका रूपमा सुपरिचित छ (गिरी, २०५७:१९) ।

समाजमा परम्परादेखि हस्तान्तरित हुँदै आएको अभिव्यक्ति नै त्यस समुदायको लोक साहित्य हो । प्रत्येक भाषाभाषी समुदायको आफ्ना परम्पराबाट लोकगीत, लोकगाथा, लोकोक्तिका विविध रूपहरू, लोककथा, आदि प्राप्त गरेको हुन्छ । परम्पराबाट प्राप्त गरेकै

कारणले गर्दा यस्ता साहित्यलाई परम्परागत लोक साहित्य भनिन्छ । यस परम्परागत लोक साहित्यको स्वरूप मौखिक हुन्छ । यसैकारण यसलाई मौखिक वा श्रुति परम्परा भनिन्छ । लिखित साहित्यका सन्दर्भमा यसलाई मौखिक वा श्रुति साहित्य भनिन्छ । यसकारणले लोक साहित्यको सैद्धान्तिक परम्परा चिनाउन सकिन्छ ।

## ३.१ लोक साहित्य शब्दको अर्थ

लोक शब्दको सामान्य अर्थ हेर्ने वा देख्ने कार्य सम्पन्न गर्ने समस्त जनसमुदाय हुन आउँछ । साहित्यका सन्दर्भबाट हेर्दा हेर्ने वा भोग्ने जनसमुदायको साहित्य नै लोक साहित्य हो भन्ने स्पष्ट संकेत दिन्छ (शर्मा र लुइँटेल, २०६३:१२) । लोक साहित्य 'लोक' र 'साहित्य'को समासबाट बनेको शब्द हो । त्यसैले यसको अर्थ हो लोकको साहित्य । यहाँ दुई शब्द छन् लोक र साहित्य । लोक भनेको जनसमुदाय हो । त्यही जनसमुदायको प्राचीन विधाको रूपमा लोक साहित्यलाई लिन सकिन्छ । लोकसाहित्य श्रुति परम्परामा आधारित रहेको हुन्छ । लोक साहित्यको अहिलेसम्म पनि रचनाकाल र रचनाकार ज्ञात छैनन् । भन्थे र सुन्थेमा आधारित रहेर यो विधा अहिलेसम्म पनि जीवित नै रहेको छ । यसैगरी लोक साहित्य विधा परापूर्वदेखि कालान्तरसम्म अमर रहनेछ । लोकसाहित्य शब्दको अर्थ हुन्छ - विशेष भूखण्डमा बस्ने सामान्य जनताको हितकारी भावनाले युक्त लालित्यमय तथा भावपूर्ण अभिव्यक्ति (गौतम, २०६०:३४३) ।

लोकसाहित्यलाई जातीय सभ्यताको परिचायक मानिन्छ र यसमा युगौंदेखि जीवन र उनीहरूको आकांक्षाहरू सलबलाएका हुन्छन् । सुन्ने र भन्ने परम्परामा रहेर यसले आफ्नो रूपको निर्माण गर्दै आएको छ । मुक्त भावना, स्वतन्त्र विचार सहज अभिव्यक्ति र लोकजीवनको सरल रूपाङ्कनले गर्दा ऋग्वेदको काव्यमूल्यलाई लोक साहित्यका रूपमा गणना गर्न सकिन्छ । त्यसैले लोक भावनाको पहिलो सङ्कलन नै वेद हो र त्यसमा नै मानव सभ्यताको प्राचीनरूप सुरक्षित रहेको छ भन्नमा कुनै अत्युक्ति हुँदैन (पराजुली, २०५६:४१) ।

## ३.२ लोकसाहित्यको परिभाषा

लोकसाहित्य भनेको लोक समाजको दर्पण हो । यसले मानव जीवनका यथार्थ पक्षहरूको चित्रण गर्दछ । कुनै पनि वस्तुलाई परिभाषित गर्ने काम त्यति सहज होइन, जति सहजता पूर्वक यही हो भनेर किटान गर्ने जमर्को गरिन्छ । शास्त्रीय मर्यादाभित्र गुम्फित

लिखित दिन प्रतिदिन नित्य नवीनतातर्फ पूर्ण उन्मुख हुँदै गएको र नवीन शिल्प विधान र भाव विधानले लिखित साहित्यको हिजोको परिभाषालाई बुढो पुरानो सावित गरेर नयाँ परिभाषा गर्न उत्प्रेरित गरेको वर्तमान अवस्थामा परम्परागत मौखिक स्वरूपमा युगौं युगदेखि जीवन्त रही नित्य परिवर्तनशीलतालाई अंगिकार गर्दै स्वतःस्फूर्त प्राकृत अभिव्यक्त भएको लोक साहित्यको नियमबद्ध सृष्टि विधान छैन । शास्त्रीयतासँग प्रतिबद्ध आस्वादन पनि छैन । यस स्थितिमा लोक साहित्यको परिभाषा गर्न झन् कठिन अनुभव हुन्छ । किन्तु हाम्रा लोकचिन्तकहरूले, लोक साहित्यका मर्मज्ञहरूले यसरी परिभाषित गरेका छन् ।

**(१) डा. कृष्णदेव उपाध्यायका अनुसार -**

"प्राकृतिक परिवेशमा निवास गर्ने आधुनिक सभ्यतादेखि टाढा रहेका आचार विचार एवं जीवन परम्परायुक्त नियममा नियन्त्रित तथाकथित अशिक्षित एवं असंस्कृत जनतालाई लोक भनिन्छ । तिनीहरूको सुख दुःखको साहित्यलाई नै लोक साहित्य भनिन्छ" (उपाध्याय, १९९८ : ११) ।

**(२) धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार -**

"लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मिठो आकर्षकमय मौखिक साहित्य नै लोक साहित्य हो" (थापा र सुवेदी, २०४१ : १८) ।

**(३) कृष्ण प्रसाद पराजुलीका अनुसार -**

"लोक साहित्य लोक जीवनको सरल र सशक्त मौलिक अभिव्यक्ति हो । साझा वाणी साधन हो । यसमा जनसाधारणका सम्पूर्ण क्रियाकालप रीतिरिवाज रहनसहन, उच्छवास-आकांक्षा, पीडा-उमंग आदिको अभिव्यजना हुन्छ" (पराजुली, २०५७ : २३) ।

**(४) चुडामणि बन्धुका अनुसार -**

"समाजमा परम्परित हुँदै प्रत्येक भाषाभाषी समुदायले आफ्ना परम्पराबाट लोकगीत, लोकगाथा, लोककथा र लोकोक्ति आदि विभिन्न रूपमा प्राप्त साहित्यलाई नै लोक वा परम्परागत साहित्य भनिन्छ" (बन्धु, २०५८ : ३३) ।

**निष्कर्ष**

उपर्युक्त परिभाषाहरूबाट प्रष्ट हुन्छ कि लोक साहित्य कुनै पनि लोकमा रहने सर्व साधारण जनताको प्रत्यक्ष दिनानुदिनका क्रियाकलापमा उसका सुख र दुःख, हाँसो र आंशु, मिलन र विछोडमा त्यही लोकको सरल भाषामा गाइने, भनिने, सुन्ने, सुनाइने तथा जीवनको विभिन्न क्रियाकलापमा चाडपर्व, मेला र संस्कृतिको चित्रण भएको साहित्य नै लोक साहित्य हो ।

## ३.३ लोकसाहित्यको विशेषता

कुनै विषयवस्तुमा पाइने खास-खास गुणहरूलाई विशेषता भनिन्छ । लोक मानसको भावात्मक अभिव्यक्तिको रूपमा जातीय अन्तस्करण लाई तीव्रताको साथ स्पर्श गर्दै यो जीवन्त रहन्छ । लोकसाहित्य लोकजीवनको मौखिक परम्परामा हुर्केको कहिल्यै नओइलाउने साहित्य हो । यसबाट लोक साहित्य कसैको पेवा नभई लोकको साझा सम्पत्ति हो भन्ने बुझिन्छ । लोक भनेको कुनै देश राष्ट्र वा भाषिक क्षेत्रको जनसमुदाय हो । यसै समुदायबाट जीवनका तीतापीरा अनुभव, सुख दुःखका सुसेली र सुस्केरामा भिजेर विकसित हुँदै लोकसाहित्यको सृजना हुन्छ । जनमानसको आन्तरिक भावनाको सहज स्वस्फूर्त अभिव्यक्ति लोकसाहित्य हो । समाजको सामुहिक सृजनाका रूपमा युगौदेखि चलिआएको अभिव्यक्तिका विविध रूपको समष्टिलाई लोकसाहित्य भन्नु उपयुक्त हुन्छ । यसरी लोकसाहित्य हरेक समाजको सुख दुःखले भरिएको मौलिक इतिहास हो । लोकसाहित्यमा खास सर्जकको महत्त्व हुँदैन । लोक एक अङ्गले भन्दै, गुनगुनाउँदै जाँदा र परम्परित रूपमा संवर्द्धन परिमार्जन गर्दै जाँदा एक-एक भई सामूहिक रूपमै यसको जन्म हुन्छ र विकास पनि हुँदै जान्छ । लोकगीतमा सरल र शिष्ट अनि सहज मात्रामा रमाउने ग्रामीण बस्तीभरि सुन्दर भाका, तिनले बोकेका गहन र विचारहरू पोखिएका हुन्छन् । लोकगीत ग्रामीणवृत्तमा जीवन्त बन्छ (खनाल, २०६३:३) ।

लोक साहित्य एक गलाबाट अर्को गलामा नित्य परिवर्तन हुँदै नवीनता र आदिमतालाई आफूभित्र समाहित गरेर चिरञ्जीवी बन्न पुगेको विधा भएकोले यसका विशेषताहरूलाई पर्गेल्न त्यति सुगम छैन । तापनि यसका मूलभूत विशेषताहरूलाई यसरी उल्लेख गर्न सकिन्छ ।

**चूडामणि बन्धु (२०५८) का अनुसार**

(क) सामुदयिकता (ख) पारम्परिकता (ग) मौखिकता (घ) गतिशिलता

**कृष्ण प्रसाद पराजुली (२०५७) का अनुसार**

(क) मौखिक परम्परा (ख) सामूहिकता (ग) काल्पनिकता (घ) सरलता र सरसता (ङ) मनोरञ्जकता

**मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइटेल (२०६३) का अनुसार**

(क) लोकज्ञानको प्रवलता (ख) सामुहिक सिर्जना (ग) परम्परागत अनुशरण (घ) मौखिक प्रकारता (ङ) संरचना अजटिलता (च) निरन्तर गतिशीलता (छ) लोकप्रियता

समग्रमा लोक साहित्यका विशेषताहरूलाई निम्नलिखित बुँदाहरूमा उल्लेखित गर्न सकिन्छ ।

**(क) मौखिक परम्परा**

लोक साहित्य भाषागत लिपिभन्दा अगाडिबाट नै रचिने, गाइने र अभिव्यक्त गर्न थालिएको पाइन्छ । यो एक व्यक्तिको मुखबाट अर्को व्यक्तिको मुख हुँदे गाइँदै, सुनाइँदै, समय अनुसार परिवर्तन हुँदै, एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने गर्छ तर सिर्जना र कथन काल यकिन गर्न सकिँदैन ।

**(ख) कल्पनाको प्रधानता**

लोक साहित्य औपचारिक शिक्षित समुदायको मात्र नभई अनौपचारिक सीधा सादा निरक्षर जनसमुदायको सरल स्वतन्त्र अभिव्यक्ति हो । यो कथ्य परम्परामा आधारित हुने हुँदा कल्पना र भावनामा थपिँदै जान्छ तर लोकको यथार्थको धरातलमा टेकेर सरलताका साथ अगाडि बढ्दछ ।

**(ग) सामाजिक भावना**

लोक जीवनका भावना र कल्पना सामाजका साझा सम्पत्ति हुन् । कुनै पनि एक व्यक्तिको काल्पनिक सिर्जना समाजका कयौँ व्यक्तिको भावनासँग मिलेको हुन्छ । जहाँ सामाजका सुख दुःख पीडा, व्यथा हाँसो आँशु आदिको अभिव्यक्ति हुन्छ । यो म र मेरो भावनाबाट हामी र

हाम्रो सामूहिक भावनामा सहज रूपले परिणत हुन्छ । रचनाकार जुनसुकै भए पनि हकदार र संरक्षक सिंगो समाज नै हुन्छ ।

### (घ) मनोरञ्जनात्मकता

लोकजीवनमा थाकेको वेला हर्षसाथ चाडपर्व, कुनै संस्कार मेला, उत्सव, जात्रा आदिमा रमाएर आनन्द लिने कार्य नै मनोरञ्जन हो । जहाँ गीत, संगीत, नृत्य, अभिनय, कथा, उपकथा, आदिले असीमित मनोरञ्जन दिने गरेको पाइन्छ ।

### (ङ) सरलता/स्थानीय रङ्ग

लोकसाहित्य लिखित साहित्य भन्दा निकै सरल र पाठकलाई आनन्द सन्तुष्टि प्रदान गर्ने खालको हुन्छ । समाजका जुनसुकै वर्गका व्यक्तिले बुझ्ने झर्रो, कोमल शब्द र सरल शब्द विन्यासका बाक्य हुन्छन् । समाजको चालचलन, भेषभूषा संस्कृति र त्यहाँको जातीय बोलिचालिको स्थानीय रङ्ग भएको भाषा प्रयोग हुन्छ ।

### (च) परिवर्तनशीलता

लोक साहित्य कुनै एक व्यक्तिद्वारा रचिने भए पनि यो लिखित भई स्थिर नहुने र सट्टामा मौखिक रूपमा एक व्यक्तिबाट अर्को व्यक्तिमा, एक ठाउँबाट अर्को ठाउँमा, एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने हुँदा व्यक्ति स्थान र समय अनुसार परिवर्तशिलताको गुणले लोकप्रिय हुन्छ ।

## ३.४ लोकसाहित्यको वर्गीकरण

लोकसाहित्य लोकजीवनको सहज तथा सरल अभिव्यक्ति भएको हुँदा मौखिक रूपमा व्यक्त गर्न सकिन्छ र तत्कालै सुनेर ज्ञान वा अनुभव गर्न सकिन्छ । लोक साहित्यले सामान्य धरातल वा परिवेशलाई अभिव्यक्त गर्दछ । लोक जीवनका बाह्य तथा आन्तरिक परिवेशको चित्रण लोक साहित्यले प्रस्तुत गर्दछ । लोक मानस र व्यवहारको साझा र सोलो डोलो रूप लोक साहित्यमा प्रकट हुन्छ । लोक जीवन विभिन्न अवसरमा मीठा-मीठा गीत गाएर, गाथा सुनाएर, कथा भनेर, नाटक खेलेर, अनि हृदय छुने उखान टुक्का प्रयोग गरेर र बौद्धिक विकास हुने गाउँखाने कथा हालेर आफ्ना मनको भाव प्रकाशित गर्छ र मनोरञ्जन पनि लिँदै जान्छ ।

लोकजीवन विभिन्न अवसरमा मिठा मिठा गीत गाएर गाथा सुनाएर, कथा भनेर, नाटक खेलेर, हृदय छुने उखान, टुक्का प्रयोग गरेर बौद्धिक विकास हुने गाउँखाने कथा हालेर आफ्नो मनको भावना प्रकाशित गर्छ र मनोरञ्जन पनि लिँदै जान्छ । लोक साहित्यलाई भाषिक अभिव्यक्तिको आधारमा, प्रस्तुतीकरणको आधारमा एवं संस्कारबद्ध र संस्कार मुक्त भनेर पनि वर्गीकरण गर्न सकिन्छ । यसका विभिन्न पक्षलाई हेर्दा विषयवस्तुको आधारमा यसको विभाजन गर्नु उपयुक्त ठहरिन्छ ।

लोकसाहित्यका अध्येताहरूले यसको स्थूल विभाजन यिनै विषयवस्तुका आधारमा गर्दै आएका छन् ।

**जीतेन्द्रदेव गिरी (२०५७) का अनुसार**

(क) लोककथा (ख) लोकगाथा (ग) लोकपद्य (घ) लोकगीत (ङ) लोकनाटक (च) लोकोक्ति (छ) उखान टुक्का (ज) गाउँखाने कथा

**मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुइँटेल (२०६३) का अनुसार**

(क) लोकगीत (ख) लोकगाथा (ग) लोककविता (घ) लोककथा (ङ) गाउँखाने कथा (च) उखान (छ) टुक्का

**कृष्ण प्रसाद पराजुली (२०५७) का अनुसार**

| (क) पद्यमूलक | (ख) गद्यमूलक |
|---|---|
| अ. आख्यान मुक्त | अ. आख्यान मुक्त |
| - लोकगीत | - उखान |
| - लोकपद्य | - टुक्का |
| - लोककविता | - गाउँखाने कथा |
| आ. आख्यान बद्ध | आ. आख्यान बद्ध |
| - लोकगाथा | - लोककथा |
| - लोककाव्य | - दन्त्यकथा |

ग. चम्पूमूलक

- लोकनृत्य
- लोकनाटक

समग्रमा लोकसाहित्यको वर्गीकरणलाई निम्न बुँदाहरूमा उल्लेख गर्न सकिन्छ ।

**(क) लोकगीत**

जनसमाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत नै लोकगीत हो । लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकको सम्पूर्ण चित्र प्रस्तुत भएको हुन्छ । लोकको संस्कृति यसैमा अभिव्यक्त हुन्छ । यसैगरी थापा र सुवेदीले पनि लोकगीतलाई लोकसाहित्यको सबैभन्दा व्यापक र प्रिय अंग मानेका छन् । स्वच्छ र सहज आत्माबाट प्रस्फुटित कुनै पनि लोकको लय लोकगीत हो जसलाई झ्याउरे, सिलोक पनि भनिन्छ । कुनै पनि समाजमा परम्परादेखि आफ्नो जीवनमा दिनानुदिन भोगिने माया र ममता, सुख र दुःख, हर्ष र आँसु, मिलन र विछोड जस्ता विविध पक्षको सरल शब्दमा लय हाली घाँस दाउरा, पानी पँधेरो, वनजंगल, गाई-गोठाला जाँदा वा हलो जोत्दा आदि विभिन्न कामकाज गर्दा मन बहलाउने र समय बिताउने एउटा सशक्त साधन लोकगीत नै हो, जसबाट लोक जीवनले आफ्नो मनोभाव पोख्छ । "लोकगीत भावुक हृदयले स्पन्दनशील लयदार कवितामय सामयिक ध्वनि हो, जीवनको कटुता र खल्लोपनामा मनोहरताको मलम लगाउने स्वतः प्रमुख झन्कार हो" (लोहनी, २०२२:१) ।

यस्ता लोकगीत हाम्रो हिमालदेखि पहाड हुँदै भित्री मधेश र तराईका सम्म फाँट, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म आ-आफ्नै लय र तालमा गाउने गरिन्छ । यिनै लोकगीतलाई सूक्ष्म अध्ययन र अनुसन्धान गरेको खण्डमा कुनै पनि समाजको जीवनचक्र राम्रैसँग जान्न सकिन्छ । त्यसैले भन्न सकिन्छ लोकगीत पनि समाजको ऐना हो जसबाट समाजको अनुहार प्रष्टसँग देख्न सकिन्छ । आफ्नो प्रचुरता र व्यापकताको कारणले जनजीवनमा आधिकारिक प्रभाव छाड्न सफल भएको लोकगीत लोक साहित्यको विभिन्न भेद मध्येको सर्वोच्च र सर्वप्रिय भेद हो । जुन जीवनका सुख, दुःख, हर्ष, विस्मात, घात प्रतिघातले जब लोक व्यक्तिको अर्न्तहृदयलाई उद्दीप्त बनाउँछ र बाहिर प्रस्फुटन हुन्छ त्यो लयात्मक प्रस्फुटन नै लोकगीत हो । जस्तै : झ्याउरे, रोइला, ख्याली, असारे, तिजे आदि ।

**(ख) लोकगाथा**

रचनाकार अज्ञात रही प्राचीन वा समसामयिक विषय वा घटनालाई लिएर श्रुतिपरम्परामा जीवित गीतबद्ध कथानक नै लोकगाथा हो । लोकगाथा नेपाली समाजमा परम्परादेखि मौखिक रूपमा हस्तान्तरित हुँदै आएको पाइन्छ । लोकगाथा पनि लोकसाहित्यको एक अभिन्न अंगका रूपमा रहेको र लोक कण्ठमै सुसाउने गेयकाव्य हो । यसमा कथात्मकता र गीत्यात्मकता साथसाथै रहन्छ । समाज एउटा एकाइमा बस्न थालेपछि गाथाको उत्पत्ति हुँदै अएको हो । परम्परादेखि लोकले मुखमुखै गाउँदै आएको, कथात्मक विद्यमान रहेको अनि गेयश्रृङ्खलामा उनीएर जीवनका महत्त्वपूर्ण पाटालाई उद्घाटित गर्ने विशेष गीत हो - लोकगाथा । यसमा कथालाई गीतमा प्रस्तुत गरी सानो विषयवस्तुलाई पनि लम्ब्याएर गाउने गरिन्छ । लोकगाथा भनेको त्यस्तो गीत हो जसमा एउटा कथा हुन्छ । लोकगाथा गीतभन्दा आकार, विषयवस्तु र प्रस्तुतीकरणको शैलीमात्र फरक हुन्छ । धेरै जसो लोकगाथाहरू गीतबद्ध नै हुन्छन् । त्यसैले लोकगाथा भनेको लोकसाहित्यको उर्वर विधा हो । लोकगीतका फूलमा उनिएको कथायुक्त गीतमालाको सुन्दर स्वरूप नै लोकगाथा हो । जस्तै : चाँचरी, बालुन, मारुनी, गोपिचन आदि ।

**(ग) लोकनाटक**

लोकजीवनमा मनोरञ्जनका निम्ति प्रयोग गरिने गीत, संगीत र नृत्यको त्रिवेणी विधा, जहाँ झिनो आख्यान र विस्तृत अभिनय हुन्छ । यसलाई पञ्चमवेद तथा नाट्यवेद पनि भनिन्छ । लोकतत्वलाई शारीरिक अभिनयद्वारा लोकनाटकमा प्रस्तुत गरिने हुनाले अन्तस्करणको भावधारालाई आंगिक समायोजन तथा प्रदर्शनबाट व्यक्त गरिने मनोरञ्जनपूर्ण लोकाभिव्यक्ति नै लोकनाटक हो । लोकजीवनको आस्था र व्यवहारको सरल प्रदर्शन मूलक अभिव्यक्ति नै लोकनाटक हो । लोकनाटकको सम्बन्ध लोकगीत तथा संगीतसँग हुन्छ । विना गीत वा संगीत लोकनाटक हुन सक्दैन । त्यसैले हाम्रो समाजमा चली आएका विभिन्न सोरठी, घाटु आदिमा ती गीतका भावसँगसँगै गरिने नृत्य अभिनय नै लोकनाटक हो । गेयात्मकता, रसात्मकता र मनोहारिता लोकजीवनको सर्वस्व हो । लोकनाटकमा लोकभावनाको अभिव्यक्ति हुन्छ । लोकनाटक लोकपरम्परा र रुढिमा आधारित हुन्छ । शास्त्रीय नियमहरूको पालना गर्नु नपर्ने भए तापनि प्रदर्शनीमा गुरूपरम्परा हुन्छ, त्यस्ता प्रदर्शनका पनि निश्चित विधि विधान हुन्छन् । तिनले केही घटनामूलक कथावस्तु लिएका

हुन्छन्, लोकशैलीको मञ्च हुन्छ । मञ्चमा विभिन्न पात्रले चरित्रको अनुकरण गर्छन, प्रस्तोताहरूले गीत नृत्य र बाद्य सामग्रीका सहयोगले आफ्ना प्रदर्शनलाई प्रभावकारी बनाउँछन् । जस्तै : सोरठी, बालुन, घाटु आदि लोकनाटकहरू हाम्रो समाजमा प्रचलित रहेको पाइन्छ ।

**(घ) लोककथा**

लोकसाहित्यका विभिन्न विधामध्ये लोककथा पनि एक विधा हो । लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोक कथा हुन् । यस्ता कथाहरू एउटाले भन्ने र अरूले सुन्ने गरिन्छ । परम्परादेखि लोक जीवनमा मौखिक रूपले चली आएको कथा नै लोक कथा हो । यसलाई दन्तेकथा र लोककथा पनि भनिन्छ । लोककथा कुनै पनि समाजमा भएका ऐतिहासिक घटना र संस्कृतिको टिपोट हो । यो आफ्नो फुर्सदका बेला वसिवियाँलो गर्न भनिने र सुनिने गरिन्छ । लोककथा केवल रातमा मात्र भन्नु पर्छ दिनमा भन्न हुँदैन भन्ने भनाई पाइन्छ र दिनमा भनिँदैन पनि । यसको शुरुवात् "एकादेश" बाट सुरु भएर..... सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला चाहिएको वेला फेरि आउला भनेर अन्त्य गरिन्छ । लोकगीत जुन सुकै बेला र एक्लै पनि गाउन सकिन्छ तर लोककथा भन्ने र सुन्ने समय तोकिएको पाइन्छ र भन्ने, सुन्ने दुवै पक्षको खाँचो पनि पर्दछ ।

यस्ता कथाहरू परम्परागत रूपमा सुन्ने र सुनाउने गरिँदै आएको हुन्छ । सम्पूर्ण लोक साहित्य नै सामूहिक हुने हुँदा यसमा पनि कसैको एकाधिकार रहँदैन । त्यसैले लोककथा पनि सबैको साझा सम्पत्ति हो । यसरी लोककथा आफैँमा तत्कालीन समयको चालचलन, रीतिरिवाज, सामाजिक सांस्कृतिक विश्वास, परम्परागत संस्कार, अनुष्ठान आदिको हस्ताक्षर र प्रतीकात्मक साक्षी हो । यस्ता लोककथाहरू पनि हाम्रो पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका कुना कुनामा यत्रतत्र छरिएर रहेको पाइन्छ, जसले लोकलाई मनोरञ्जन र अर्ती उपदेश दिई रहेका हुन्छन् ।

**(ङ) उखान**

उखान भन्नाले 'लोकजीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला, उक्ति, लोकोक्ति, आहान, कहावत आदिलाई जनाउँछ । भाषिक समुदायमा आउने लोक अनुभवका चुट्किला उक्ति वा कथन नै उखान हुन् । कुनै पनि समुदायका जातिको वा समुदायको सशक्त

उद्गार उखान हो । उखानको प्रयोगले एकातिर वक्ताले बोलेको कुरामा गहनता, तिख्खरता ल्याउँदछ भने अर्को तिर यसले स्वाभाविक रूप दिएको हुन्छ । कुनै पनि भाषा र साहित्यलाई समृद्ध पार्न र त्यसैको गरिमा बढाउनमा उखानको प्रयोग गर्नुले पनि महतत्वपूर्ण भूमिका खेलेको हुन्छ । यतिमात्र होइन भाषालाई प्रभावपूर्ण र अभिव्यक्तिलाई सहज तुल्याउन समेत उखानको प्रयोग अति आवश्यक मानिन्छ । उखानको प्रयोग गर्न खास तोकिएको कुनै समय हुँदैन । यो त बोलचालका बेला अकस्मात् प्रयोग गरिने कला हो ।

**(च) टुक्का**

टुक्का कुनै भाषा वा बोलमा लाक्षणिक तथा विशेष अर्थमा प्रयोग हुने एक किसिमको वाक्यांश वा पदसमूह हो । टुक्काको प्रयोगले भाषा स्वादिलो र सजिव, मार्मिक र मनोहर बन्न पुग्दछ भने अर्कोतिर भनाइमा रञ्जकता पनि आउँछ । यसैले टुक्कालाई जिउँदो भाषाको मुटु वा धुक्धुकी भनी उल्लेख गरिएको पाइन्छ । हाम्रो भाषामा टुक्काहरू प्रशस्त छन् । यिनीहरूको क्रमबद्ध सङ्कलन भएको पाइदैन । यी हाम्रो मुख मुखै र पत्र पत्रिका आदिमा समेत छरिएर रहेका हुन्छन् । टुक्काको उद्भव तथा विकास भाषा विकाससँगै भएको भए तापनि लोकसाहित्यमा यिनीहरूको आफ्नै प्रयोग र वैशिष्ट्य छ । लोक जीवनको हाँसो-ठट्टा, माया-प्रेम र घरव्यवहार आदिमा थाहै नपाई यिनीहरूलाई सुटुक्क लिएको हुन्छ र काम चलाएको हुन्छ । टुक्का हाम्रो लोकजीवनमा अमूल्य निधि हुन्, गरिमामय आभूषण हुन् । लोकजीवनकै अनुभव र ज्ञान सञ्चित भएर आउने हुनाले टुक्कामा नेपाली जीवनका धेरै कुरा थाहा पाउन सकिन्छ ।

**(छ) गाउँखाने कथा**

गाउँखाने कथा लोकसाहित्यका विधाहरूमा रोचक विधा मानिन्छ । बक्ताले प्रश्नको रूपमा अड्को हाल्ने र स्रोताले नाउँ मात्रको गाउँ दिएपछि सो अड्को फुकाई दिने कथा नै गाउँखाने कथा हो । अनुभूति र कल्पनाका सुनौला पङ्ख फर्फराउँदै लोकजिन्दगी गाउँछ, खेल्छ, नाच्छ, रामाउँछ-गाउँखाने कथा त्यसै क्रमको एउटा रमाइलो रूप हो नेपाली लोकसाहित्यमा । यस किसिमको कथा दिन भरिको कामको थकाई मार्न, मनोरञ्जन गर्न ग्रामीण जनसमुदायले वसिवियाँलो गर्दा प्रयोग गर्ने गरेको पाइन्छ । यस किसिमको कथा पूरा सांकेतिक हुन्छ । जो जीवन जगत चराचरसँग पूर्ण परिचित छैन, त्यसैले यस्ता कथाहरूलाई फुकाउन (जान्न) मुस्किल पर्ने देखिन्छ । यसरी गाउँखाने कथाले मनोरञ्जन

दिनु त छँदैछ त्यसको साथसाथै बौद्धिकताको खुराक पनि लोकलाई दिइरहेको हुन्छ । कलात्मक नाटकीय भँङ्गीमा र कथनको प्रस्तुतीकरणले गाउँखाने कथालाई जीवन्तता दिएको हुन्छ । यस्तै कतिपय कारणले गर्दा गाउँखाने कथा हाम्रो लोकजीवनको अभिन्न अंग बनेको छ र जनजीवनमा दुःख सुखको रमाइलो साधन बनेको छ । यस्ता गाउँखाने कथा जन समुदायलाई अर्ती, उपदेश, उत्साह, जांगर र स्फूर्ति दिने काम त छँदैछ त्यसका साथसाथै दार्शनिक, चिन्तन र मनन गर्नु पर्ने खालका वस्तु पनि प्रस्तुत गरेर बौद्धिकताको अभिवृद्धि गरेको पाइन्छ ।

## ३.५ लोकसाहित्यको महत्त्व

लोकसाहित्य समाजको सम्पत्ति हो । त्यसैले समाज र लोकसाहित्यको वीचमा नङ र मासुको जस्तै अभिन्न सम्बन्ध रहेको हुन्छ । राष्ट्रिय व्यक्तित्वको सिधा सम्पर्क त्यस राष्ट्रको लोक साहित्यसँग हुन्छ । यथार्थमा लोकसाहित्यलाई लोकजीवनको आफ्ना बाबुआमा, पतिपत्नी मित्र आदि सम्बन्धितहरूले दिने विविध माया ममता त्याग उपदेश आदिले लोकसाहित्यको संरक्षण र संवर्द्धन गर्दछ । त्यसैले न्यानो माया पाएर नै लोक जीवन अंकुरित पल्लवित र पुष्पित हुन पुगेको छ । लोकसाहित्यको माध्यमबाट आफ्नो संस्कृतिको संरक्षण मात्र होइन सम्वर्द्धन पनि हुन्छ ।

लोकसाहित्यको महत्त्वलाई सैद्धान्तिक र प्रायोगिक गरी यसको महत्त्व स्पष्ट पार्ने चेष्टा गरिन्छ ।

### (क) **सैद्धान्तिक महत्त्व**

सैद्धान्तिक रूपमा ज्ञानका विविध शाखाहरूमा लोकसाहित्य पनि एक हो । अझ विस्तारमा जाँदा लोक वार्ता विषयवस्तु र विषयवस्तुलाई हेर्ने त्यसको अध्ययन गर्ने विषय दुवै हो । यसैकारणले लोकवार्ता र लोकवार्ता विज्ञान दुवै शब्द प्रचलित छन् । लोकवार्ताले लोकविश्वास, लोकरीति एवं व्यावहारिक लोकककलाहरू भौतिक सांस्कृतिक र लोकसाहित्यलाई जनाउँछ भने लोकवार्ता विज्ञानले यी विषयवस्तुहरूको अध्ययन गर्ने विधिको जानकारी गराउँदछ । ज्ञानको क्षेत्रको रूपमा लोक साहित्यको विशेष महत्त्व छ ।

**(ख) प्रायोगिक महत्त्व**

लोकजीवनको अभिव्यक्तिका रूपमा लोकसाहित्यको अध्ययन हुन्छ । वास्तविक अर्थमा लोकसाहित्य श्रव्यकाव्य (लोकगीत, लोककविता, लोककथा, लोककाव्य, उखानटुक्का आदि) र दृश्यकाव्य (लोकनाटक) हो । श्रव्यकाव्यको श्रवण र दृश्यकाव्यको दर्शन पनि प्रायोगिक पक्ष हो । साहित्यको अध्ययनको प्रायोगिक पक्षलाई संस्कृतका आचार्यहरूले दिएको महत्त्वलाई घटाएर हामीले साहित्यलाई लिखित र पाठ्य सामाग्रीका रूपमा बढी चर्चा गर्ने गरेका छौँ । तर लोकसाहित्यका विद्वान्हरूले भने लोकसाहित्यको क्षेत्रगत अध्ययन अर्थात् क्षेत्रकार्यलाई बढी महत्त्व दिएका छन् ।

यसरी अध्ययनको विषय र ज्ञानको क्षेत्र हुनाका साथै सैद्धान्तिक र प्रायोगिक दृष्टिले नेपाली लोकसाहित्यको अध्ययन महत्त्वपूर्ण भएकाले यस पुस्ताका पछिल्लन अध्ययनहरूमा लोकसाहित्यको सैद्धान्तिक पृष्ठभूमिमा नेपाली लोकसाहित्यको संक्षिप्त रूपरेखा दिने प्रयास गरिएको छ ।

## ३.६ लोकगीतको सैद्धान्तिक चिनारी

### ३.६.१ विषय प्रवेश :

लोकगीत शब्द ‘लोक’ र ‘गीत’ शब्दको योगबाट बनेको हो । लोक शब्द संस्कृतको लोकृ’ धातुमा ‘घञ्’ प्रत्यय लागेर बनेको देखिन्छ । लोक शब्दलाई ऋग्वेदमा साधारण जनताका अर्थमा पुरुष सुक्तमा जीव तथा स्थानका अर्थमा लिने गरिएको पाइन्छ । यहाँ लोक शब्दले आधुनिक सभ्यता भन्दा टाढा आफ्नो प्राकृतिक परिवेशमा वस्ने अशिक्षित तथा असंस्कृत जनतालाई जनाउँछ । लोकशब्दले देख्नेवाला संसार जनता प्राणी आदिलाई बुझाउँछ । त्यसैगरी गौ धातुमा क्त प्रत्यय लागेर गीत शब्दको निर्माण भएको पाइन्छ । जसको अर्थ गाउनका लागि रचिएको पद्य रचना विशेष भन्ने बुझिन्छ ।

### ३.६.२ लोकगीतको परिभाषा

लोकगीत लोकले गाउने, परम्परामा प्रचलित गीत हो । जुन अंग्रजी भाषाको फोकसङ (Folk Song) को पर्यायको रूपमा आएको पाइन्छ । लोकगीतलाई ग्रामगीत, जनगीत आदि पनि भन्ने गरिएको पाइन्छ । झ्याउरे शब्दलाई पनि लोकगीत कै पर्यायका

रूपमा लिएको पनि पाइन्छ । लोक भनेको जनसाधारणको समष्टि सिङ्गो रूप हो । लोकगीतलाई हेर्दा पनि यसले लोक जीवनकै गेयात्मक अभिव्यक्तिको प्रतिनिधित्व गरेको पाइन्छ । यसमा खास भाव विचार, प्रक्रिया वा मानसिक अवस्थाको तीव्र अभिव्यक्ति हुने गर्दछ । थोरै शब्दमा धेरै कुरा अटाउने र कर्ण प्रिय तथा गेय साध्य हुने भएकोले पनि गीत साह्रै लोकप्रिय विधाका रूपमा स्थापित छ ।

लोकगीत लोकले गाउने मौखिक परम्परामा प्रचलित गीत हो । लोकगीतलाई लोकपद्यको छोटो चुट्किलो र आख्यानरहित गेयात्मक रचनाका रूपमा लिइन्छ । सम्पूर्ण लोकमानसमा चेतन वा अचेतन अवस्थामा रहेका भावना जब सरल सहज रूपमा गीतिबद्ध भएर अभिव्यक्त हुन्छन् । अनि ती लोकगीत बन्दछन् । फोकलोर शब्दकोषमा लोकगीतको निर्माण लिखित रूपमा नभएर परम्परागत रूपमा भएको बताउँदै ग्रामीण सभ्यता र संस्कृतिबाट निर्माण भएको लोकगीतले कुनै पनि राष्ट्रको पुराना सभ्यता र संस्कृतिलाई सुरक्षित गरेको हुन्छ भनि उल्लेख गरिएको छ । लोकगीत नदीको प्रवाहमय गीत जस्तै हुन्छ । जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ । यसले ग्रामीण समाजलाई मात्र प्रभाव नपारी समग्र रूपमा मानव समुदायलाई नै प्रभाव पार्दै शीतलता प्रदान गर्ने काम गर्दछ । जसरी एउटा बगिरहेको नदीले झासझुस फोहोर मैला बगाएर लैजान्छ त्यस्तै लोकगीतले पनि आफ्ना गेयात्मक जादुका माध्यमद्वारा आफ्ना जीवनका दुःख पीडा र विषमतालाई धुने वा पखाल्ने काम गर्दछ ।

लोकगीतलाई चिनाउन विभिन्न विद्वान्ले दिएका केही परिभाषाहरू यसप्रकार छन् ।

**कालीभक्त पन्त अनुसार :**

'लोकगीत भनेको जीवनका आदिम स्रोत हुन्' (पन्त, २०५८:११४) ।

**चुडामणि बन्धुका अनुसार :**

'लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःख, सुख, आँशु, हाँसो, आशा, निराशाका साथै लोकका चालचलन, विधि, व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ' (बन्धु, २०५८:११५) ।

**धर्मराज थापाका अनुसार :**

'चोखो लय र शब्दको प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको छ । लोकगीत त्यसैले मानव सिर्जनाको पहिलो प्रस्फुरण लोकगीत नै हो' (थापा, २०३०:ख) ।

## ३.६.३ लोकगीतका विशेषता

लोकसाहित्यको क्षेत्रको सबैभन्दा बढी चर्चित र विश्लेषित विधा लोकगीत हो । यसका सम्बन्धमा जे जति उद्‌गारहरू देखिएका छन् र यसका अवयवहरूको जे जति विश्लेषण गरिएको छ त्यति अन्य लोक साहित्यका विधाहरूको गरिएको छैन । यस्तो सर्वप्रिय विधा लोक गीतको विशेषता तर्फ पनि धेरै विद्वान र विवेचकहरूको ध्यानाकृष्ट भएको देखिन्छ ।

विभिन्न विद्वानहरूले लोकगीतका विशेषताहरूलाई आआफ्नै प्रकारमा बाँडेका छन्

**कृष्ण प्रसाद पराजुलीका अनुसार :**

(क) अज्ञात रचयिता (ख) सामूहिक भावभूमि (ग) सहजता र स्वभाविकता (घ) मौखिक परम्परा (ङ) मौलिकता र सरलता (च) कथन विविधता (छ) स्वच्छन्दता (पराजुली, २०५७:१३८-१४०) ।

**चूडामणि बन्धुका अनुसार :**

(क) रागात्मक (ख) स्वतःस्फूर्त अभिव्यक्ति (ग) भिन्न प्रसङ्गता (घ) लयात्मक अभिव्यक्ति (बन्धु, २०५८:११५) ।

**कालीभक्त पन्तका अनुसार :**

(क) स्थानीयता (ख) सामयिकता (ग) भिन्न प्रसङ्गता (घ) घटनात्मकता (ङ) छन्दोभङ्गता (पन्त, २०३३:१००) ।

माथि विभिन्न विद्वानहरूले दिएका आआफ्ना मत मतान्तरहरूको विश्लेषण गरेर समग्रमा नेपाली लोकगीतका विशेषताहरूलाई निम्नलिखित बुँदाहरूमा समेट्न सकिन्छ ।

## (क) श्रुति स्मृति परम्परा

पूर्वीय साहित्यका आदि ज्ञानका श्रोतहरू अनादिकालदेखि नै श्रुतिस्मृति परम्परा वा मौखिक परम्परामा, पुस्तौं पुस्तादेखि चल्दै आएको दीर्घ परम्परा देखिन्छ । वेद, उपनिषद्, पुराण जस्ता ग्रन्थहरू यसै परम्परामा आवद्ध भएका देखिन्छन् । लोकगीतहरू परम्परागत रूपमा देखिन्छन् । लोकगीतहरू परम्परागत रूपमा युगयुग र व्यक्तिव्यक्तिलाई प्रभावित पार्दै मौखिक रूपमा गाउँदै आएका छन् ।

यसरी नै गाउँदै र सुन्दै आदि अनादि कालदेखि चल्दै आउनु र मौखिक रहँदा रहँदै आफ्नो वर्चस्व कायम गर्न सक्नु यसको महत्त्वपूर्ण विशेषता हो ।

## (ख) लयात्मक तीव्रता

लयात्मक तीव्रता भन्नाले कथनले तीव्रतालाई संकेत गरिएको हो, लोकगीतको विषयवस्तुले जुन मानिसको अन्तस्करणलाई तुरुन्त स्पर्श गर्ने क्षमता राख्छ भने शैली लयात्मक छ संगीतात्मक छ । फलतः विषयवस्तु र शैलीको तीव्रता जति लोकगीतमा भेटिन्छ त्यति अन्य विधामा भेट्न मुस्किल पर्छ ।

वास्तवमा लय नै लोकगीतको आत्मा हो र लय विना लोकगीत निष्प्राण हुन्छ । लयपूर्ण गायनले श्रोतालाई आनन्दको महासागरमा डुवाइदिन्छ । यही विशेषताले गर्दा नै लोक गीतका व्यापकता र प्रियतामा अभिवृद्धि हुँदै गएको देखिन्छ ।

## (ग) स्वतःस्फूर्त प्रकृत अभिव्यक्ति

काव्य हेतुको क्रममा व्युत्पत्ति र अभ्यासलाई पनि महत्ता प्रदान गरिएको र यसैको बलबुँताबाट मात्र पनि साहित्यिक रचनाहरूको निर्माण भएको देखिन्छ । लोकगीत कलात्मक वा अलङ्कृत काव्य भन्दा सर्वथा भिन्न हुन्छ । आफ्नो रचनालाई सुन्दर र विशिष्ट बनाउने उद्देश्यले जसरी एउटा कविले अलङ्कार, छन्द, रीति, गुण, रस जस्ता शास्त्रीय विधि विधानलाई प्रयोग गर्छ र काव्यमा विचारलाई प्रस्तुतीकरण गर्दै सुगठित शैलीको रचनाबाट आफ्नो रचनालाई सिँगार्ने प्रयत्न गर्दछ । यो जनताको कविता हो र विरहको धुनमा जन मनलाई स्पर्श गर्दै, पाखा पखेरा घन्कँदै आशु कवित्वको परिचय दिँदै स्वतःस्फूर्त

अभिव्यक्तिमा अभिव्यञ्जित हुन्छ । त्यसैले प्राकृत शैली लोकगीतको महत्त्वपूर्ण पक्ष देखिन्छ ।

**(घ) स्थान र सामयिकताको प्रभाव**

लोकसाहित्यको रचनास्थल शहर होइन गाउँ हो । लेकवेशी उकाली ओराली डाँडा काँडा, पाखा पखेरा आदि प्रकृतिक स्थल नै यसको उद्‌गम स्रोत हो । एक समय यस्तो थियो मान्छे प्रकृतिको उपासक थियो र प्राकृत जीवन उपभोग गर्दथ्यो । रहन सहन आचार विचार सहज र सरल थियो । जुन ठाउँमा जुन समयमा जुन परिस्थितिले लोककविको मनलाई छोयो त्यही कुराको सहज अभिव्यक्ति लयमा गुनगुनाउँदै लोककविले गीतमार्फत दिन थाल्यो । यसरी स्थान र सामयिकताको प्रभाव लोकगीतमा पर्न गयो ।

**(ङ) सरलता एवं स्वाभाविकता**

ग्रामीण जनजीवन सरल हुन्छ र उनीहरूको रहन सहन स्वाभाविक हुन्छ । जनजीवनले आफ्नै लागि अभिव्यक्त गरेको लयात्मक कला नै लोकगीत हो । वौद्धिक र आलाङ्कारिक शैलीका बोझबाट नितान्त अलग जङ्गली कोमल फूलजस्तो वा पहराबाट छुटेको छहराजस्तो लोकगीत स्वच्छन्द निर्द्वन्द्व, स्वाभाविक र सहज देखिन्छ । रसिलो वाक्यलाई नै काव्य मान्ने र काव्यमा रस परिपाकको स्थिति सृजना हुन सके काव्य सफलताको चरमचुलीमा पुग्न सक्ने साहित्यिक समीक्षकको दृष्टिकोणको परिपुष्टी लोकगीतले सफलता पूर्वक गरेको देखिन्छ । तसर्थ सरलता र स्वभाविकताको अपूर्व संगम लोकगीतमा यसरी भेटिन्छ ।

**(च) प्रभाव पूर्ण स्थूल चित्रण**

लोकगीतको भाव बुझ्न र शैलीलाई पर्गेल्न मन र मष्तिष्क खियाउनु पर्दैन । घोत्लिनु घोरिनु पनि पर्दैन । कुनै वाद दर्शन सिद्धान्तबाट चिन्तित भएर प्रभावित भएर लोककविले लोकगीतको संरचना गरेको पनि होइन । त्यसैले व्यञ्जनामूलक अथवा ध्वन्यात्मक सूक्ष्म घुमाउने शैली र भाव लोकगीतमा पाइँदैन । यसो भनेर मार्मिक, गहन र प्रभावोत्पादक अर्थ लोकगीतमा खोज्नु हुँदैन र मेटिँदैन पनि । त्यसैले लोकगीतमा प्रभाव पूर्ण स्थूल चित्रण पाइन्छ ।

## ३.६.४ लोकगीतका तत्त्व

कुनै पनि संरचनाको निर्माणमा नभई नहुने कुराहरूलाई तत्व भनिन्छ । अंग्रेजी भाषाको लिरिकल पोइट्री (Lyrical Poetry) नेपालीमा गीति कविता हुन्छ । संरचनागत र प्रस्तुतिगत दृष्टिले केलाउँदा गीति कवितामा रहने तत्व लोकगीतमा पनि रहेका हुन्छन् । यसरी हेर्दा संरचना, लय, गेयता, कथनपद्धति भाषा र भाव लोकगीतका प्रखर तत्व हुन् भने, नृत्य वाद्य आदि सहायक तत्व भित्र पर्दछन् ।

**संरचना**

संरचना भनेको गीतको बनोट हो । मौखिक रूपमा गेयात्मकता आउने गरी सहज र स्वःस्फूर्त हुनेगरी कथिने र भनिने प्रक्रिया नै संरचना हो । संरचना वाह्य र आन्तरिक दुई तहमा भेटिन्छन् । वाह्य संरचना गीतको अवधारणा तथा पहिचान हो । यसमा वर्ण, शब्द, वाक्य, अनुच्छेद हुँदै संकथन सम्म पुग्दछ । आन्तरिक संरचना वस्तुको सिलसिलेवार संयोजन गरिएको सारपूर्ण टुंग्याउनी हो । वाह्य संरचना रूप हो भने आन्तरिक संरचना गीतको सार हो भन्न सकिन्छ ।

**लय**

लय विभिन्न शब्दलाई रागात्मक तबरले उनेर सुमधुर बनाउने काम गर्दछ । गीतलाई भावनात्मक गहिराइमा पुऱ्याएर रागात्मक अनुभूति प्रदान गर्ने काम पनि यही लयले नै गर्दछ । लयमा स्थाई र अन्तरा रहेको हुन्छ । लय विभिन्न प्रकारका हुन्छन् । लयको बन्धनभित्र स्थानअनुसार भाका फरक हुन्छ । तर लय विना लोकगीतको कल्पना पनि गनै सकिँदैन ।

**गेयता**

मुक्त कण्ठद्वारा गाउने सुमधुर आवाजलाई नै गेयता भनिन्छ । गेयताले लय वा भाकालाई मिठो बनाउँछ साथै गीतलाई रसिलो र श्रुतिमधुर बनाउनका निम्ति संगीतलाई बुझ्न र स्वरलाई सुरमा मिलाउन अति आवश्यक हुन्छ । गीत गाउँदा जुन स्वर वा लय उत्पन्न हुन्छ,त्यसलाई भाका भन्ने गरिएको पाइन्छ । लोकगीतका सन्दर्भमा भाका वा स्वर

जुन गेयता भित्र पर्दछ त्यो चुड्का मभ्फौला र लस्के कुनै पनि लोकगीतको प्रमुख तत्त्व गेयता हो ।

### कथन पद्धति

लोकगीतमा कथन पद्धतिको मुख्य भूमिका रहेको हुन्छ । तर यो कतै लामो कतै छोटो रूपमा आउने गर्दछ । लोकगीत एक्लै गाइने एकल वा दोहोरी रूपमा गाइने संवादात्मक कथन पद्धति पनि प्रयोग हुनसक्छ ।

### भाषा

लोकगीतको अर्को महत्त्वपूर्ण तत्त्व भाषा हो । लोकगीतमा अनपढ, गोठाला जस्तासुकै सरल खालका मानिसले पनि बुझ्न सक्ने सरल भाषाको प्रयोग हुन्छ । लोकगीत लोकमा वस्ने मानिसको गीत भएकाले भाषा कृत्रिम नभएर सरल मौलिक र स्वःस्फूर्त हुन्छ । प्रत्येक लोकगीत अनुप्रासयुक्त हुन्छ । लोकगीतमा प्रसाद र माधुर्य गुण स्वभाविक रूपमा पाइन्छ ।

### भाव

लोकगीतको मुटु नै भाव हो । कुनै पनि घटना परिवेश आदिले मानिसको मन मष्तिष्क छोएको हुन्छ । सुख दुःख हर्ष विस्मात मिलन विछोड आदि अनुभूतिको निश्चित विन्दु नै भाव हो । विना भावको लोकगीत हुन सक्दैन । गीतको गायन र श्रवण पछि मनमा जुन किसिमको छाप लोकगीतले पार्न सक्छ त्यो नै वास्तवमा भाव हो ।

## ३.६.५ लोकगीतको क्षेत्र

प्रकृतिको अनुपम सुन्दरता जस्तै लोकगीत पनि लोक प्रिय छ । वन पाखा, उकाली ओराली लेक वेशी अथवा घाँस दाउरा गर्दा होस् वा भेडा बाखा चराउँदा होस लोकगीतको सुमधुर भाका घन्कने गर्दछ । लोक गीत अर्म पर्म, मेलापात, उत्सव, रोधी, धर्म संस्कार इत्यादी जुनसुकै वेला पनि मनको वह पोख्न सकिन्छ । लोकगीतले नेपालको पूर्व मेची देखि पश्चिम महाकाली सम्म नै ढाकेको छ । लोकगीत गाउन हुने यस्ताले लोकगीत गाउन नहुने भन्ने कुनै सीमा छैन जो सुकैले पनि गाउन सकिने लोकगीतको महिमा विश्वव्यवपी रूपमा फैलिएको छ ।

### ३.६.६ लोकगीतको महत्त्व

लोकगीतले लोकजीवन प्रत्येक घटना र परिवेशसँग सम्बन्ध कायम राख्ने हुनाले लोकगीतको महत्त्व असिमित छ । समाजमा हुने गरेको अन्याय अत्याचारलाई पनि लोकगीत मार्फत प्रस्फुटन गर्न सकिने हुनाले अझै लोक समाजमा लोकगीतको महत्त्व झल्किएको छ । लोकगीतलाई मनोरञ्जन एवं पीडा र विरह पोख्ने माध्यमका रूपमा पनि हेर्न सकिन्छ । लोकगीतका महत्त्वहरूलाई निम्न लिखित बुँदामा उल्लेख गर्न सकिन्छ ।

**आर्थिक महत्त्व**

लोकगीत मार्फत ग्रामीण समाजका जनताहरको यथार्थ चित्रण गर्न सकिन्छ । नेपाली जनताहरको अझ पनि यस्तो स्थिति देख्न सकिन्छ कि जुन दुई छाक पेट पाल्नका निम्ति साहूको सस्तो ज्यालामा मजदुरी गरिरहेका हुन्छन् । महङ्गो ब्याज तिरेर ऋण लिइरहेका हुन्छन् । यी कथा व्यथा गरिवको जीवन कथा हो । त्यस्तै धनीको सम्पन्नताको चित्रण समेटीएको पाइन्छ । यसरी लोकगीतमा मानवीय आर्थिक पक्षको चर्चा हुन्छ ।

**सामाजिक महत्त्व**

लोकगीत मार्फत समाजमा हुने गरेका अन्याय, अत्याचार, आस्था, मूल्य एवं मान्यता रितरिवाज, खान पान बसाइँसराई र समाजका सम्पूर्ण पक्षहरूको सकारात्मक तथा नकारात्मक दुवै पक्षको चर्चा हुन्छ ।

**सांस्कृतिक महत्त्व**

लोकगीतमा मानव सभ्यता, धर्म संस्कृति एवं चाडपर्वका प्रचलनका कुराहरको परिचय पाउन सकिन्छ । जस्तै : तीजेगीत, दशैंगीत, देउसी, भैलो रत्यौली, मागल, दाइगीत असारेगीत आदलि विभिन्न धर्म संस्कृतिको परिचय बोकेको हुन्छ । समाजको सिङ्गो सांस्कृतिक महत्त्वलाई झल्काएको हुन्छ ।

**भाषिक महत्त्व**

लोकगीतमा मौलिक तथा अपठित ग्रामीण समाजका व्यक्तिहरूले प्रयोग गर्ने भाषा एवं शब्दहरूको प्रयोग गरिन्छ । समाजमा बोलिने, दाजै, बाबै, हली, बाउसे, लेकबेशी, अर्म पर्म, मेलापात, जस्ता शब्दहरूलाई मालामा उनेर सुन्दर गीत गाउने गरिन्छ । यसरी

लोकगीतले हाम्रो पुरानो संस्कृतिलाई जोगाई राख्ने साथै पुरानोबाट नयाँ पुस्तामा हस्तान्तरण गर्ने काम समेत गरेको पाइन्छ ।

### ३.६.७ निष्कर्ष

लोकगीत लोक समाजको साझा सम्पत्ति हो । सर्जकले साहित्य सिर्जनाकै माध्यमबाट यो संसारको चित्रण गर्न सक्छ । साहित्य त्यति बलियो हुन्छ कि जसको माध्यमबाट सिधै कसैलाई भन्न नसक्ने कुराहरू साहित्यको माध्यमबाट भन्न सकिन्छ । साहित्य भावना र कल्पनामा बहकिने पनि गर्दछ । त्यसैले प्लेटोले साहित्यलाई सत्यभन्दा दुई गुणा टाढा छ भन्ने आरोप लगाएका पनि छन् । आवेग र संवेगमा साहित्य सिर्जन ागर्ने हुनाले यो आरोप लगाएका हुन् । यथार्थको धरातलमा टेकेर सिर्जना गरी पाठकको मन छुनसक्नु नै लोकगीतको सार्वभौमिक महत्त्व हो ।

# चौथो अध्याय

# सार्दिखोला र पुरुन्चौर क्षेत्रमा प्रचलित लोकगीतहरूको अध्ययन

## ४.१ विषय प्रवेश

गण्डकी अञ्चल, कास्की जिल्लाको उत्तर भागमा अवस्थित सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्ने गर्दछन् । ब्राह्मण, क्षेत्री, जनजाति, दलित, दशनामी आदि सबैको आआफ्नै सामाजिक रहन सहन, भेषभूषा तथा चालचलन रहेको देखिन्छ । यहाँका मानिसले एक अर्काका विचार तथा भावनालाई कदर गर्ने हुँदा र ईश्वरप्रतिको धारणामा पनि आस्थावान भएको हुँदा, यहाँका मानिसहरूमा धार्मिक सहिष्णुता प्रखर रूपमा छ । यो क्षेत्र धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक दृष्टिले पनि महत्त्वपूर्ण रहनुका साथै पर्यटकीय दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

कुनै पनि क्षेत्रको लोक संस्कृति त्यस क्षेत्रको मूल्यवान सम्पदा हो । यसको क्षेत्र र प्रभाव निकै गहन हुन्छ । यसको क्षेत्र ठूलो भएता पनि सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्र भनेर यहाँको लोक संस्कृतिलाई सीमित दायराभित्र राखेर हेर्ने प्रयास यस अध्ययन पत्रमा गरिएको छ । यस क्षेत्रका लोकगीतलाई स्थलगत अध्ययन गर्दै वर्गीकरण र विश्लेषण गर्ने कार्य यस अध्ययनमा गरिएको छ । लोकगीतको क्षेत्र व्यापक भएको कारणले सबै प्रकारका लोकगीतलाई यस अध्ययनमा समेट्न नसकिए तापनि सार्दीखोला र पुरुन्चौर क्षेत्रमा घन्किएका लोकगीतलाई लय वा भाखाहरूलाई यस अध्ययन पत्रमा समेट्ने प्रयास गरिएको छ । जसरी पुरुन्चौरमा वहने शीतल हावा र सार्दीखोलाको कलकल पानीको आवाजले मानिसको हृदयलाई झंकृत गर्दछ त्यसैगरी यहाँका लोकभाकाहरूले पनि जो कोहीको पनि हृदयलाई स्पन्दित गर्नुका साथै यस क्षेत्रका भीर पाखा तथा डाँडाकाँडाहरूलाई गुञ्जायमान बनाइरहेका छन् । प्रस्तुत अध्ययन पत्रमा सार्दीखोला र पुरुन्चौर गा.वि.स.का विभिन्न स्थानहरूमा गाइने लोकगीतहरूलाई संकलन गरी विश्लेषण गरिएको छ ।

यस क्षेत्रमा प्रचलित लोकगीतहरूलाई बाह्रमासे लोकगीतअन्तर्गत झ्याउरे, एकोहोरी, दोहोरी, बालगीत, संगीनी, रोइला, सालैजो आदि गीतको अध्ययन गरिएको छ । कर्मगीत अन्तर्गत असारे, दाइँ, गोडेलो आदि गीतको अध्यन गरिएको छ । यसैगरी पर्वगीत अन्तर्गत

तीजे, भैली र देउसी, संस्कारगीतअन्तर्गत मागल, रत्यौली र धार्मिक गीत अन्तर्गत भजन र व्रतगीत साथै पीडा तथा वेदनाका गीहरूको अध्ययन गरी विश्लेषण गर्ने कार्य गरिएको छ ।

## ४.२ सार्दिखोला र पुरुन्चौर क्षेत्रमा प्रचलित लोकगीतहरूको वर्गीकरण

लोकगीतलाई विभिन्न प्रकारबाट वर्गीकरण गर्न सकिन्छ । प्रस्तुतिका आधारमा पनि यसलाई वर्गीकरण गर्न सकिन्छ । यी गीतहरू श्रव्यात्मक र दृष्यात्मक हुने गर्दछन् । यसअन्तर्गत कण्ठ्यगीत, वाद्यगीत र नृत्यगीत पर्दछन् । विषयका आधारमा पनि यसलाई वगीकरण गर्न सकिन्छ । यसअन्तर्गत वर्गीकरण गर्दा यसलाई धार्मिक गीत बाह्रमासे गीत, संस्कार गीत, नृत्यगीत, कर्मगीत भनी वर्गीकरण गर्न सकिन्छ ।

सहभागिताका आधारमा पनि यसलाई वगीकरण गर्न सकिन्छ । यस अन्तर्गत एकल गीत, दोहोरी गीत र सामूहिक गीत पर्दछन् । यसैगरी लोकगीतलाई आकारका आधारमा पनि वर्गीकरण गर्ा सकिन्छ । जस अन्तर्गत लघुत्तम र लघुआकारमा विभाजन गर्न सकिन्छ ।

कुनै पनि लोकगीतमा मिठासका साथै हृदयस्पन्दन हुन्छ । यसमा लय तथा भाकाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसका साथै लोकगीतमा प्रयोग हुने मादल, खैंजडी, पञ्चेबाजा, मुरली, बाँसुरी आदि वाद्य साधनहरूले जो कोहीको पनि मनलाई मन्त्र मुग्ध पारिदिन्छ । यसका साथै नृत्य पनि प्रयोग हुने लोक गीतहरूले सुनमा सुगन्ध नै थपेका हुन्छन् । यस क्षेत्रमा गुञ्जीने गीतहरू कतिपय लोप भइसकेका छन् । यसक्षेत्रमा गायक, कलाकार, तन्नेरी, बुढाबुढी सबैजना लोकगीत प्रति हुरुक्कै भएको देखिन्छ । यस क्षेत्रका व्यक्तिहरूले गाएका गीतहरूलाई सिंहावलोकन गर्दा यसप्रकार वर्गीकरण गरी व्याख्या, विश्लेषण गर्न सकिन्छ :

**क. सहभागिताका आधारमा**

(अ) एकल गीत (आ) दोहोरी गीत (इ) समूह गीत

**ख. लय वा भाकाका आधारमा**

(अ) द्रुत लय (आ) मध्य लय (इ) विलम्वित लय

**ग. संरचनाका आधारमा**

(अ) लघुत्तम आकार (आ) लघु आकार

**घ. विषयका आधारमा**

(अ) बाह्रमासे गीत (आ) धार्मीक गीत (इ) श्रम गीत (ई) संस्कार गीत
(उ) पर्वगीत (ऊ) पीडाका गीत

## ४.३ बाह्रमासे गीत

लोक साहित्यको सन्दर्भमा बाह्रमासे भन्नाले बाह्रै महिनाको मौसम अवस्था र विविधतालाई वर्णन गरिएको पाइन्छ । यसप्रकारका गीतहरू जुनसुकै समयमा एक्लै वा साथीहरू मिलेर गाउन सकिन्छ । बाह्रमासेको एउटा अर्थ बाह्रै महिना फुल्ने एक प्रकारको फूल विशेष भन्ने पनि हुन्छ तर यहाँ प्रेम, विरह, सुख, दुःख, माया प्रीतिलाई आत्मसात गर्दै, वनपाखा घन्काउँदै बाह्रै माहिना गाउन सकिने गीत विशेषलाई बाह्रमासे भनिएको छ । बाह्रमासे गीत देशको सबै जसो भागमा स्थानीयताको स्वरूप अनुरूप प्रचलित छन् । मूलतः तरुण तरुणीमा केन्द्रित पिरतीको भाकामा रहने हुनाले श्रृङ्गार रसप्रधान गीतहरूको आधिपत्य यहाँ देखिन्छ । श्रृङ्गारिक प्रवृत्ति बाहेक सामाजिक यथार्थवादी धरातलका मानवीय अन्तर्मनका संवेदनलाई सफलता पूर्वक अभिव्यक्त गर्न सक्ने खालका यी गीतहरूले शोषण, उत्पीडन, अत्याचार, पापाचार र दुराचारलाई मार्मिक रूपमा सफलता पूर्वक देखाएका छन् र अत्याचार प्रति विद्रोहको शंखनाथ नगरी, कर्मै खोटी मानेर सहनशीलतालाई नै सर्वोपरी मानिएको देखिन्छ (कोइराला, २०५६:५१) । तल उल्लेखित गीतहरू यस अन्तर्गत पर्दछन् ।

(क) झ्याउरे गीत

(ख) बालगीत

(ग) एकोहोरी गीत

(घ) रोइला

(ङ) सालैजो

### ४.३.१ झ्याउरे गीत

झ्याउरे गीत बाह्रै महिना जुनसुकै समयमा पनि गाउन सकिने कर्णप्रिय गीत हो । यसलाई जुनसुकै समय र स्थानमा पनि गाउन सकिने हुनाले बाह्रमासे भन्न सकिन्छ । झ्याउरे शब्दको उत्पत्तिबारे विभिन्न तर्कहरू पाइएका छन् । झम्रेझुम्रे लुगामा नाच्न सकिने वा झामर लगाएर नाच्न सकिने भएकाले अथवा झ्याउँकिरीले जस्तो झ्याउँ झ्याउँ गरेर गाउने गीत भन्ने अर्थमा झ्याउरे शब्दको प्रयोग गरिएको अनुमान गर्न सकिन्छ । झ्याउरे गीत मन बहलाउने र निकै रोचक हुन्छ । झ्याउरे लोकगीतको भाका नेपालीमा लोक छन्दको रूपमा स्थापित भएको छ । लक्ष्मी प्रसाद देवकोटाको प्रसीद्ध कृति 'मुनामदन' झ्याउरे छन्दमा भएकै कारणले पनि बढी चर्चित भएको हो ।

झ्याउरे भनेको खास गरी पाँचौँ, दशौँ र पन्ध्रौँ अक्षरमा अडान हुने गीत हो (बन्धु, २०५८:१३२) । लयका आधारमा प्रायः लेघ्रो तानिने, चुड्का स्वर दिइने आदि भाकामा सोह्र वा उन्नाइस अक्षरमा आवद्ध चरणलाई झ्याउरे भनिन्छ (पराजुली, २०५७:१५४) । झ्याउरे गीत मेलापात जाँदा, वनमा घाँस काट्न जाँदा, गाई बाख्रा चराउन जाँदा, मनका दुःख पीडा बहलाउनको लागि गाउने गरिन्छ । यस गीतलाई विभिन्न ठाउँमा आमा समूह तथा विकासका लागि कार्यक्रममा पनि मनोरञ्जनको लागि गाउन सकिन्छ । यस प्रकारका गीतमा मुख्य तथा ठाडो र लम्बरी भाकाका साथै, लामो र छोटो भाका प्रचलित छन् । तरुण तरुणीहरूले आफ्नो मनका भावना आदान प्रदान गर्नका लागि पनि यस प्रकारका गीतहरू गाउने गर्दछन् । यस गीतमा मादल, खैंजडी, मुर्चुङ्गा बाँसुरी, सारङ्गी आदि पनि प्रयोग गरिन्छ । उदाहरणको लागि झ्याउरे गीतको पंक्ति यसप्रकार छ । जस्तै :

*देउरालीमा हो पात बजाउँदै*
*सम्झेँ माया यी आँखा भिजाउँदै ।*
*चरी वन भरी, छेउछेउमा समुन्द्र पीर छ मन भरी ।*

*निष्ठुरीलाई सम्झेर म बस्दा*
*गयो मेरो कलिलो अवस्था*
*चरी वन भरी, छेउछेउमा समुन्द्र पीर छ मन भरी ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.३.२ बालगीत

ससाना बालबालिकालाई भुलाउन साथै फकाउन यस्ता गीतहरू गाउने गरिन्छ । कतिपय बालगीतमा वाद्यसाधनको पनि प्रयोग गरिन्छ । त्यस्तै कतिपय बालगीतमा शारीरिक हाउभाउ मात्र पनि हुने गर्दछ । कतिपय बालगीतहरू साना नानीलाई नैतिक आचरण एवं अनुशासनको पाठ सिकाउनको निम्ति यसप्रकारका गीतहरू गाउने गरिन्छ ।

बालगीतले लोक संस्कृति र नेपाली लोक साहित्यको फाँटमा लहलाउने लोक गीतलाई धनी बनाउन निकै बल पुऱ्याएको छ । नेपालको जुनसुकै स्थानमा पनि बालगीत प्रशस्तै भेटिन्छन् । बालगीतमा सरल पनका साथै, छिटो छरितोपन पनि पाउन सकिन्छ । मनोरञ्जनमूलक सन्दर्भ, सामाजिक विषयवस्तु, भावगत विविधता, बालभाषाको प्रधानता, स्थायी अन्तरा र थेगोको प्रयोग, लगायत विविधता, वर्णनात्मक शैलीको प्रयोग, मनोरञ्जनको प्रधानता, बालबालिकाका निम्ति गाउनु, संरचनागत अनेकता जस्ता पक्ष नै बाललोकगीतका विशेषता हुन् (न्यौपाने, २०७०:६६) ।

एक्लै गाउन सकिने बालगीत

*कुखुरी काँ*

*बासी भात खाँ*

*खोइबासी भात*

..................

*ताराबाजी लै लै*

*मामा आए घोडा*

*माइज्यू आइन् डोली*

*पापा ल्याइन् सोली ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

यसप्रकारका गीतहरू जुनसुकै समयमा पनि गाउन सकिन्छ । बच्चा होस् वा बृद्ध गीत संगीतको लयले मन्त्र मुग्ध पारी दिन्छ । कोकोमा सुतेको बच्चा किन नहोस् त्यसालाई कुनै

गीत सुनाइदियो भने, उसले त्यो गीत बुझ्नोस् वा नबुझ्नोस् तर रुन छाडेर हेर्न थाल्दछ किनकी त्यो लयबद्ध भाका नै उसका लागि मनपर्छ ।

### ४.३.३ एकोहोरी गीत

लोकगीत संगीतको क्षेत्रमा विभिन्न प्रकारका गीतहरू हुन्छन् । कतिपय लोकगीतहरू डाँडा पाखामा घाँस दाउरा काट्न जाँदा, गाइबस्तु चराउन जाँदा आफ्नो विरह व्यथाले भरिएको मनलाई बहलाउनको लागि मनमनै गुनगुनाएर पनि गाउन सकिन्छ । त्यस्तै मनोरञ्जनको लागि वाद्यवादनका सामाग्रीहरू सहित पनि लोकगीत गाउन सकिन्छ । एकोहोरी गीत जुनसुकै उमेरका व्यक्तिहरूले पनि गाउन सक्दछन् । यस्ता प्रकारका गीतहरूमा वाद्यवादनका साधनहरू रहित र सहित दुवै हुन्छन् । एकोहोरी गीत घाँसदाउरा, उकाली ओराली, मेलापात हरेक समयमा गाउन सकिन्छ । मनोरञ्जन प्रदानता, प्रश्नोत्तर प्रवृत्ति नहुनु, जुनसुकै बेला गाउन सकिनु, वाद्यवादन विना पनि गाउन सक्नु एकोहोरी गीतका प्रवृत्तिहरू हुन् । उदाहरणका लागि एकोहोरी गीत :

*जन्म दियौ यो पापी छोरीलाई*

*दुःख पाए जिन्दगी भरीलाई*

*रुँदारुँदै फाट्यो चोलनी*

*यो जीवनमा यत्तिकै भईरह्यो*

*मरे भेट बासँग होला नि ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.३.४ दोहोरी गीत

लोकगीत अन्तर्गतको अर्को गीत हो दोहोरी गीत । यस गीत पहिला पहिला गुरुङ मगर जातिमा बढी प्रचलनमा थियो भने अहिले आएर यसप्रकारको गीत सबैले गाएको सुन्न सकिन्छ । विशेष पर्व, साँस्कृतिक कार्यक्रम आदिमा राष्ट्रिय स्तरका कलाकारहरूलाई निमन्त्रणा गरेर तथा स्थानीय कलाकारहरूबाट पनि यसप्रकारका दोहोरी गीतहरू सुन्न सकिन्छ । विभिन्न कार्यक्रमहरूमा दोहोरी लोकगीत मनोरञ्जनका लागि प्रतिस्पर्धात्मक किसिमले पनि गाउन  सुन्न सकिन्छ । दोहोरी गीत एकोहोरी गीतको तुलनामा केही भिन्न

हुन्छ । किनकी दोहोरी गीतमा एक तर्फबाट प्रश्न गर्ने र अर्को तर्फबाट उत्तर दिने खालको हुन्छ । दोहोरी गीत कुनै पनि विषयवस्तुमा आधारित रही गाउन सकिन्छ । जस्तै प्रेम, विछोड, विरह सामाजिक अन्याय, सामाजिक घटनाहरू इत्यादीमा आधारित रही गाउन सकिन्छ । दोहोरी लोकगीतको जब कार्यक्रममा प्रतिस्पर्धा हुन्छ, त्यसमा सुन्ने र हेर्ने दर्शक र स्रोताहरूलाई कुतुहुलता जाग्न थाल्दछ । प्रतिस्पर्धामा एक पक्षको हार नभएसम्म अर्को पक्षको विजय हुन सक्दैन । त्यसैले दर्शकहरू बीच कुतुहुलता जाग्नाले नै कार्यक्रमलाई थप मनोरञ्जन बनाउन मद्दत पुग्दछ । मनोरञ्जन, प्रतिस्पर्धा, कुतुहुलता र प्रश्नोत्तर प्रवृत्ति यस दोहोरी लोकगीतका मुख्य विशेषता हुन् । उदाहरणका लागि दोहोरी गीत :

*केटा : भेट भो माया विहेमा आको*
*सञ्चै छौ कि मौकाले भेट भाको*
*तिमलाई टाढा मलाई नि टाढा*
*माछिकाँडे डाँडैमा घर सार ।*

*केटी : सपनीमा मन्दिर थियो*
*आयौ तिमी देउताले बास दियो*
*तिमलाई टाढा मलाई नि टाढा*
*माछिकाँडे डाँडैमा घर सार ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.३.५ रोइला

रोइला गीत पश्चिमाञ्चल क्षेत्रको गुल्मीबाट उत्पत्ति भएको भानिन्छ । यो गीत सार्दीखोला र पुरुन्चौर गा.वि.स.मा पनि उत्तिकै चर्चित र मनोरञ्जनात्मक बन्न पुगेको छ । रोइला पनि चुट्काकै एउटा प्रकार हो । यस गीतलाई भजन, किर्तनकै अवसरमा गाइने हुनाले यसलाई रोइला भजन पनि भनिन्छ । रोइला गीत बढी जुहारीका रूपमा गाउने गरिन्छ । यी गीतहरूले बढी श्रृङ्गारिक भाव बोकेका हुन्छन् । आँधिखोलाको लोक जीवनमा भिजेर हुर्कँदै आएको हुनाले यस रोइला गीतलाई आँधिखोले रोइला पनि भन्ने गर्दछन् ।

रोइला खासगरी चुड्का रोइला र सामान्य रोइलाका रूपमा प्रचलित छन् । गीतका प्रत्येक चरण प्रायः छ वा सात अक्षरमा फैलिएका हुन्छन् । गीतलाई लयात्मकताको ढाँचामा ढाल्दा प्रत्येक चरणको समाप्तिपछि केही बेर अर्को चरणको अलाप तान्ने गरिन्छ । चुड्का जस्तै तीन पाउको गीत मा भनिने रोइलाको पुरै संरचनालाई प्रायः  उन्नाइसदेखि एक्काइस अक्षरमा संयोजित गरिन्छ । स्थायी र अन्तराको भेद नहुनु, गाउँदा गाउँदै अघि बढ्दै जानु, खैंजडी मुजुराको तालमा गाइनु यसका विशेषताहरू हुन् । रोइला गीतलाई दोहोरीको रूपमा पनि गाउन सकिन्छ । जस्तै :

*केटा : पारी वन पालेमा*

*अग्लो रुख टुनियो*

*यतै बसे हुनी हो ।*

*केटी :  बस्न मन त थियो*

*कुरा काट्छन् अरुले*

*घर बिगार्नेहरूले ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.३.६ सालैजो

लोकगीतको वर्गीकरणको आधारमा बर्ष चक्रीय लोकगीत अन्तर्गत बाह्रमासे समान्य गीतको शाखाभित्र पर्ने सालैजो गीत मुख्य गरी  मध्यपश्चिमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रका गुरुङ र मगर जातिमा प्रचलित छ । यो गीत चाडपर्व मेला विभिन्न उत्सवमा पनि गाउने गरिन्छ । त्यस्तै घाँस काट्न जाँदा दाउरा काट्न जाँदा कोदो गोड्न जाँदा समेत यो गीत गाउन सकिन्छ । सालैजो गीत एक व्यक्तिले गाएको बेला अर्को व्यक्तिले छोप्न सक्दछन् । यस प्रकारको गीत विरह चलेको बेला पनि गुनगुनाउन सकिन्छ ।

खासगरी लम्विनी, गण्डकी र धवलागिरी अञ्चलमा प्रचलित यो गीत गुरुङ र मगर जातिका ठिटा ठिटी वा बुढा बुढीद्वारा मन बहलाउनका निम्ती चाडपर्व उत्सव मेला, जात्रा दिनभरीको थकावट आदिको सिलसिलामा गाउने गरिन्छ । काम गर्दा अल्छी नलागोस् भनेर पनि यास गीतलाई भाका मिलाई मिलाई गाउन सकिन्छ (पराजुली, २०५७:१६६) । सालैजो

एक किसिमको भाका भएता पनि यसले गीतकै नाम लिइसकेको छ । यो गीत गाउनका लागि समय, स्थान र अवसर नै चाहिन्छ । सालैजो गीतमा आहा, ए हो, रिमै, ए, हो जस्ता थेगोहरूको समेत प्रयोग गरिन्छ । विभिन्न एकल तथा दोहोरीगाउन सकिनु, सालैजो थोगो रहनु, टुक्का रहित र सहित हुनु गीतका विशेषता भित्र पर्दछन् । जस्तै

*हा..हा.. सुरिलै गयो वाँसैको लिंगो*

*सालैजो भइँ छोयो टुप्पैले...*

*हा..हा.. न तिम्रो छोरो न तिम्रो छोरी*

*सालैजो के गर्‍यो रूपैले ।*

*हा..हा. हाँसो र खेलो यो सबैसित*

*सालैजो जुग जानी कोसित*

*हा..हा.. जुग जाने कोसित...*

*हा..हा.. कुरालाई परे नेपालै जाउँला*

*धनपरे तिरौँला..*

*हा..हा.. धनपरे तिरौँला ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

## ४.४ धार्मिक गीत

नेपालीहरू धर्मशास्त्र तथा ईश्वरीय शक्तिमा अत्यन्त विश्वास राख्दछन् । ईश्वर तथा देवी देवताहरूको नित्य पूजा गर्ने गरिन्छ । यसरी पूजा गर्दा यस क्षेत्रमा धार्मिक गीत गाउने प्रचलन रहेको छ । विभिन्न प्रकारका व्रत बस्दा देवीदेवताहरूको प्रार्थना गर्दै गाउने चलन हुन्छ । यसैगरी आरती उतार्दा पनि भजन गाउने चलन हुन्छ । धार्मिक पूजाआजाका अवसरमा सप्ताह, दवीभागवत, गणेश पुराण आदि जस्ता विभिन्न यज्ञ तथा पुराण लगाउँदा भजन किर्तन गाउने गरिन्छ । भजन गाउँदा खैंजडी, मुजुराको तालमा सामुहिक स्वरमा गाउने गरिन्छ । सत्य नारायणको पूजा गर्दा, रुद्री गर्दा, स्वस्थानी व्रत समापन गर्दा, पूर्णिमा व्रत समापन गर्दा समेत यस्ता भजन तथा व्रत गीत गाउने चलन रहेको छ । भजन, किर्तन

गाउनाले घरमा देवीदेवताको वास हुने, परिवारका सदस्यहरूमा सकारात्मक धारणा उत्पन्न हुने, मनले सोचेको कुरा पुग्ने जनविश्वास रहेको पाइन्छ । भजनको अभिप्राय पूजाआजा वा आराधनाको क्रममा ईश्वरको गुण गान गर्दै, भक्तिभाव देखाउनु हो (पराजुली, २०५७:२३२) ।

### ४.४.१ भजन

भजन भनेको धार्मिक गीत हो । यसलाई धार्मिक पर्वहरूमा घरमा अथवा मन्दिरमा गाउन सकिन्छ । भजनको अभिप्राय पूजाआजा वा आराधनाका क्रममा ईश्वरको गुणगान गर्दै भक्तिभाव देखाउनु हो । भजनलाई एकोहोरी तथा दोहोरी दुवै चरणमा गाउन सकिन्छ । यसलाई विभिन्न प्रतियोगितहरूमा भाग लिएर पुरस्कार समेत जित्ने उद्देश्यले पनि गाउन सकिन्छ । साथै भजनलाई धार्मिक कर्मकाण्ड गरेको वेला देवीदेवाताको भक्ति आरधना स्वरूप घरमा अथवा मन्दिरमा मनोरञ्जन लिने दृष्टिकोणले समेत भजन गाउन सकिन्छ । विभिन्न प्रकारका भजनले चित्त शान्ति हुने, एकाग्रता हुने गर्दछ । भजनहरू विभिन्न प्रकारका हुने गर्दछन् । जस्तै :

(क) चुड्का भजन

(ख) प्रभाती भजन

(ग) आरती भजन

**(क) चुड्का भजन**

चुड्का भजन ब्राह्मण क्षेत्रीका विभिन्न धार्मिक अवसरमा गाउने गरिन्छ । घरका आँगन पिंढीँमा गुन्द्री काम्लो ओच्छ्याएर यस प्रकारका गीतहरू गाउने गरिन्छ । चुड्का भजन गाउँदा एक जनाले भट्याउने, चुड्काहरू निकाल्ने र त्यसैलाई भजन समुहले दोहोऱ्याउने क्रिया हुन्छ । यसरी चुड्कामा भक्ति, आरधना, हाँसो, ठट्टा, कथा इतिहास आदिका गीतहरू गाइन्छ । चुड्का भजन खैंजडी मुजुरा लिएर सामूहिक रूपमा गाइन्छ । जस्तै :

*कोटी नमस्कार,*

*देउता जति सबैलाई, देउता जति सबैलाई ।*

*शंख धुनी लगाए*

*कैलाशैमा शिवले, कैलाशैमा शिवले ।*

*रामको फूलबारीमा*

*छड्के हान्यो मृगले, छड्के हान्यो मृगले ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

**(ख) प्रभाती भजन**

प्रभाती भजन ब्रह्म मुहुर्तमा गाउने भजन हो । सत्यनारायण पूजा, सप्ताह पूराण आदि यज्ञ यज्ञादी पूजाआजा हुँदा भजन मण्डलीबाट रातभर चुड्का भजन गाइसकेपछि विहानी पख प्रभाती भजन गाएर समाप्त गर्ने चलन छ । यस किसिमको भजनमा प्रायः कीर्तन नै भूमिका खेलेको हुन्छ । जस्तै :

*“हरे राम हरे राम राम राम हरे हरे ।*

*हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ॥*

*राधे श्याम राधे श्याम श्याम श्याम राधे राधे ।*

*राधे कृष्ण राधे कृष्ण कृष्ण कष्ण राधे राधे ॥”*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

**(ग) आरती भजन**

धार्मिक गीत अन्तर्गतको पूर्वसन्ध्यामा अथवा कुनै पनि पूजाआजा सकेर धुप, दिप नैवेद्य चढाई सकेपछि प्रथमा आरतीबाट शुरु गरी यस आरती भजन गाएर भजन गाउने क्रमलाई अगाडी बढाइन्छ । जस्तै :

*आरती जगाऊ भक्त, आरती जगाऊ*

*शिवजीको मन्दिरमा भक्त हो आरती जगाऊ*

*सञ्जे जगाऊ भक्त सञ्जे जगाऊ*

*आरतीको बेला भो भक्त हो सञ्जे जगाऊ ।*

*पूर्वको सन्ध्या उठी पश्चिम दिशा जाइ*

*पश्चिमका बरणजीले दिपखा जगाई ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

## ४.५ श्रमगीत

मानिसले परिश्रम गर्दा जुन किसिमका गीतहरू गाउँदछन् ती गीतहरू नै श्रमगीत हुन् । नेपाल कृषि प्रधान देश भएको हुनाले यहाँ विभिन्न प्रकारका श्रम गरिन्छ । रोपाइँ गर्ने, अन्न वाली थन्क्याउने, विउ छर्ने, खेत जोत्ने, धान, कोदो, मकै, गोड्ने आलु गहुँ तोरी लगाउने आदि सम्पूर्ण श्रमहरू हुन् । ती श्रम गर्दा मानिसहरूले काम सहजता पूर्वक गर्न सकियोस् भनेर र दिन विताउनको लागि विभिन्न प्रकारका गीतहरू गाउने गर्दछन् । ती गीतहरूलाई नै श्रम गीत भनिन्छ । आफ्नो शारीरिक थकानलाई मेटाई, मनलाई प्रफुल्ल पार्न, मार्मिक र सुखद लयानुभूतिमा लठ्ठिएर थकावटको खास पत्तो नपाई साथीसँगी बीच सहभाव एवं मित्रता सम्प्रेसित गर्न श्रमगीतहरू गाइन्छ ।

कास्की जिल्ला, सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रमा गोडेलो गीत, असारेगीत, दाइँगीत जस्ता श्रमगीतहरू प्रचलित छन् । यसप्रकारका गीतहरूले मनोरञ्जन त प्रदान गर्छ नै अर्को तर्फ मनका पीडाहरू पनि विर्साउँछ । यस क्षेत्रका किसानहरू अत्याधिक परिश्रम गर्दछन् । यसरी अत्याधिक रूपमा परिश्रम गर्दा मनमा उत्पन्न शारीरिक एवं मानसिक पीडालाई यिनै श्रमगीतहरू मर्फत आनन्दित तुल्याउँदछ ।

### ४.५.१ गोडेलो गीत

बालीनाली राम्रोसँग फस्टाओस् र राम्रो अन्न फलोस् भनेर र झारजङ्गल हुर्कन नपाओस् भनेर धान, कोदो, मकै गोड्ने चलन छ तर कतिपय ठाउँ विउसम्म गोडेको पाइन्छ । तर कास्की जिल्ला सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रका धान, मकै र कोदो मात्र गोड्ने चलन छ । यसरी खेतबारीमा काम गर्दा खेतालाहरूले सम्पूर्ण पीडाहरू विर्सेर काम गर्दा खेतालाहरूले सम्पूर्ण पीडाहरू विर्सेर काम गर्न व्यस्त हुनेक्रममा उनीहरूमा गीत फुर्न थाल्दछन् । जो कोहीको पनि ध्यान गीततर्फ जानु स्वभाविक मानिन्छ । मानिसलाई गीतसंगीतले निकै पीडा पनि विर्साएको हुन्छ र जो कोहीले पनि गीत संगीत भनेपछि

ध्यानमग्न भएर सुन्नु स्वभाविक कुरा हो । वाद्यवादनको प्रयोग नहुनु, श्रमगर्दा गाइनु आदि यस गीतका विशेषताहरू हुन् । जस्तै :

*घैया धान ठोसारा तिम्रो त ईश्वर म छँदैछु*

*मेरो त को छ र .......... ?*

*मेरो त को छ र ? हो किमा होइन, हो भनी देउ न*

*मेरो त को छ र .......... ?*

*धोबीले धोइरहन्छु, करिम बिग्री बसेकी म त चमदारा रोइरहन्छु ।*

*चमदारा रोइरहन्छु, हो किमा होइन, हो भनी देऊ न चमदारा रोइरहन्छु ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.५.२ असारे गीत

असारको महिना मुरी फलाउनका लागि मानो रोप्ने बेला हो । असार प्रचुर वर्षा हुने समय हो । यसैबेला खेतीपातीको काम शुरु हुन्छ । यही मेलोमा गीतको रन्को फूट्न थाल्दछ त्यही गीत असारे गीत हो । असारमा रोपाइँ गर्दा मनमा आनन्द हुनुका साथै हिलो खेल्दा मनमा भिन्न प्रकारको आनन्द हुन्छ । खेतका छेउ कुना खन्दै आली लगाउँदै हिलो छ्यापाछ्याप गर्दा हली तथा खेतालाहरू गीतको टुक्काले हानाहान समेत गरी सार्दीखोला र पुरुन्चौर क्षेत्रको वातावरणमा असारे गीतहरू घन्किने गर्दछन् । असारे गीत खेतकामे आलीमा बसेर अर्को मेलाका हली बाउसे तथा खेतालहिरूलाई छड्के हानेर समेत गाउने गरिन्छ । यसरी खेताला खेतालीहरू आफ्नो काममा व्यस्त हुन्छन् । असारे गीतहर एकोहोरी एवं दोहोरी दुवै प्रकारका हुन्छन् । खोला खेतमा पानीको छ्यालव्याल सँगसँगै भ्यागुताको ट्वारट्वार एवं चर्को घाम र तातोपानीले वाक्क भई शीतल खोज्न हिँड्न पर्ने बेलामा थलाथालमा रसाएर सम्म परेको हिलोमा छुपुछुपु खेत रोप्दै नरनारीले गलामा स्वतःस्फूर्त उद्‌गारका रूपमा स्वभाविक हुँदै रोपाइँमा उमङ्ग र स्फूर्ति बढेर आउँदा गीतमा उकाली ओराली सबै ठाउँलाई घन्काउन थाल्दछन् ।

मनोरञ्जन हुनु थकाइको महसुस नहुनु साथै गीतहरू एकल, सामुहिक वा दोहोरी हुनु हास्य रसको प्रधानता हुनु यस गीतका विशेषता हुन् । असारे गीतको एक उदाहरण :

*असारे मास दवदवे हिलो छुनलाई घिन लाग्यो,*

*पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो*

*हो किमा होइन हो भनी देऊ न*

*छ बीस रिन लाग्यो ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.५.३ दाइँ गीत

असार महिनामा रोपोको धान कार्तिक र मंसीर महिनामा काटिन्छ । त्यसपछि कुन्यु लगाएर दाइँ गरिन्छ । दाइँ गर्दा एकातर्फ धान चुटेर रास लगाइन्छ भने अर्को तर्फ मियो गाडेर वरिपरि पराल छिरोरेल गोरु फनफनी घुमाइन्छ । यसरी काम गर्ने क्रममा शारीरिक थकानलाई मनोरञ्जनको माध्यमद्वारा कम गर्न दाइँ गीत गाउने गर्दछन् । यही गीत नै दाइँगीत हो । दाइँ गीत श्रम संगीतबाट उठेको कर्म गीत हो । भाका र बोलीमा केही फरक भए पनि यो गीत पूर्व पश्चिम सबैतिर उल्लासपूर्ण रूपमा गाइन्छ ।

दाइँमा दँयराहरूले रमाइलो गर्दै गोरु घुमाउँदै परालको कुन्युलाई भत्काइ, धान र परालसँग खेल्दै काम गरेको दृष्य मनमोहक हुन्छ । धान काटेर खलामा फिँजारी गोरुले धान दाउने बेलामा गाइने गीत नै दाइँगीत हो । यसरी धान काटेर दाइँ हाल्ने बेलामा कामले शारीरिक थकान भएको बेलामा यस्ता प्रकारका गीतहरू गाउनाले दयैँरालाई काम गर्ने हौसलाका साथसाथै मनोरञ्जन पनि हुन्छ । यस्ता प्रकारका गीतमा वाद्य सामग्री र नृत्यको प्रयोग नहुनु, दैवी शक्तिको आशामा गाइनु यसका विशेषताहरू हुन् । जस्तै :

*"मियाको टुप्पामा बसिहाल्यो कोइली*

*गोरु खेद्नी केटीलाई ढिँडोको चोइली*

*हो..हो.. माले गोरु हो..हो ।"*

*"एउटा गोरु झाले माले अर्को गोरु तिखे*

*गोरु खेद्नी केटा त साह्रै रैछ लिखे*

*हो..हो.. काले हो..हो ।"* (विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

## ४.६ पर्वगीत

विभिन्न चाडपर्वमा गाइने गीत नै पर्वगीत हुन् । नेपालीहरू आफ्नो रीतिरिवाज तथा संस्कृतिको क्षेत्रमा धनी मानिन्छन् । विभिन्न जातजातिको आआफ्नै धर्म संस्कार हुन्छ । त्यसैले उनीहरूको चाडपर्व पनि आआफ्नै प्रकारका रहेका हुन्छन् । विभिन्न प्रकारका चाडपर्वले धार्मिक आस्था, सामाजिक मानमर्यादा साथै सामाजिक तथा सांस्कृतिक पक्षलाई समेत जीवन्त राख्ने कार्य गरिरहेको हुन्छ । पर्वगीतहरूमा भैलो, देउसी, तीजे, फागु, जस्ता गीतहरू प्रमुख मानिन्छन् । सादीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रमा भने देउसी, भैलो र तीजेगीत बढी मात्रामा प्रचलित छन् ।

### ४.६.१ तीजे गीत

वर्षभरीमा एकदिन आउने चाडहरू मध्येको एउटा चाड तीज हो । यस चाडमा गाइने गीतलाई तीजेगीत भनिन्छ । यो पर्व भाद्र शुक्ल द्वितीया देखि पञ्चमीको दिनसम्म मनाइन्छ । हुन त कुनै पनि चाडपर्वको उद्देश्य आफन्तहरूसँग भेट हुनु हो । यस तीज पर्वमा नेपाली नारीहरू माइत गएर दाजुभाई दिदीबहिनी तथा बाबुआमासँग भेट्ने गर्दछन् । तीजको अघिल्लो दिन सबैजना सँगै बसी दरखाने, तीजको गीत गाएर छमछमी नाच्ने परम्परा सर्वविदितै छ । तीजगीतमा पहिले पहिले ताली बजाउने चलन थियो भने, अहिले मादल लगायत अन्य बाजाहरू पनि बजाउन थालिएको छ । नेपालमा विभिन्न ठाउँमा विभिन्न ढंगले गाउने यो गीत घर, आँगन, चौबाटो, चौर आदि जतातत्तै गाउन सकिन्छ । तीजको समय महिलहरूले जुनसुकै ढंगले गाउने यस गीतमा नृत्यको अनिवार्यता हुँदैन । तीजको परम्परा पौराणिक कथासँग जोडिएर आएको छ । धार्मिक परम्परा अनुसार हिमालय र मेनका सुपुत्री पार्वतीलाई विष्णुसँग विवाह गरिदिन चाहेको तर पार्वतीले महादेव पति पाउँ भनी व्रत बसेको र तीजको दिनमा नै उनको चाहना पूरा भएकोले तीज पर्वको दिन नेपाली नारीहर व्रत बस्ने परम्परा चल्दै आएको भन्ने भनाई पनि पाइन्छ । अविवाहित युवतीहरूले सोचे जस्तो पति पाउने र विवाहिता स्त्रीहरू व्रत बस्नाले श्रीमानको आयु बढ्ने विश्वास रहेको छ । सरल भाषा तथा लोक शब्दको प्रयोग, वर्णनात्मक शैलीको प्रधानता, माधुर्यता, थेगोको प्रयोग तीजनामको पर्व विशेषमा मात्र गाइनु, गायनमा प्रायः सधवा नारीहरको मात्र प्रधानता हुनुन यस गीतका परिचाय विशेषता हुन् ।

जस्तै :

(क) अलच्छिनी बुहारी

*पोखराको बजारमा बसको लाइन*

*अलच्छिनी बुहारीको सुन बइन ।*

*घाँस काट्न पठाम् भने सेउलै सेउला ल्याइदिन्छे*

*भात खाँदा चारमाना सबै भ्याइदिन्छे ।*

(ख) वर्ष दिनको तीजमा

*वर्ष दिनको तीजमा, मत जान्छु माइतमा*

*नकराउनु समीराजै हिँड्ने साइतमा*

*खर्च छैन दलेर चामल छैन कुटेर*

*समीजीले खानु हो मकै भुटेर ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.६.२ भैलोगीत

दिपावली पर्वमा पर्ने लक्ष्मी पूजादेखि आरम्भ भएर भाइटिका लगाउनु पूर्वसम्म पुरुषहरूद्वारा मादल वा खैंजरी अनि मुजुरा बजाउँदै सामूहिक रूपमा गाइने गीतलाई भैलो भनिन्छ । भैलो शब्दले भलो अर्थ व्यक्त गर्दछ । त्यसैले पनि यो गीत गाउँदा भलो हुन्छ भन्ने विश्वास व्यक्त गरिन्छ (न्यौपाने, २०७०:१०७) । नेपाली जीवनमा लक्ष्मी पूजाको दिनदेखि तिहारको झिलिमिली बढ्दछ । वातावरण रमाइलो बन्दछ । गाइतिहारको नामले पनि चिनिने यस दिन राती औँशीको अँध्यारोलाई चिर्दै घरघरमा वत्ति बालेर लक्ष्मी पूजा आरधना गरिने हुँदा, नेपालमा खास लक्ष्मी पूजा नै दिपावली भन्ने चलन छ । भैलो पुरुषले गाउने गीत र भैली नारी समुहले गाउने गीत हो । यस गीतको प्रचलन बारे पुराणर इतिहासका पात्रसँग सम्बन्धित लोक भनाई पाइन्छ । वलीले देवतालाई सताएको र देवताका चलीले वलीसँग अनुमति लिएर भैलो गाइ देवतालाई आशिक दिएकाले देवताहरू दैत्यलाई परास्त गर्न सफल भए (बन्धु, २०५८:१७८) । यसरी पौराणिक भनाइलाई आत्मसात गरी लोक जीवनमा

पनि आशिक दिए शत्रुसँग कहिल्यै झुक्नु नपर्ने विश्वास राख्दै भैलो खेल्ने परम्परा छ । भैलो गीत गाउँदा एकजना शब्द जोड्दै भट्याउने अरुले सँगसँगै भैलो भन्दै दोहोऱ्याउने गर्दछन् । जस्तै :

*ए, हो भन भन साथी हो* *भैलो ।*

*ए, राम्ररी भन* *भैलो ।*

*ए, स्वर मिलाइ भन* *भैलो ।*

*ए, वर्षमा दिनको* *भैलो ।*

*ए, तिहारमा* *भैलो ।*

*ए, हजुरको* *भैलो ।*

*ए, आँगनमा* *भैलो ।*

*ए, आइपुग्यौं हामी* *भैलो ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.६.३ देउसी गीत

देउसीरे गीत पनि भैलो जस्तै तिहारको अवसरमा गाइने गीत हो । देउसी तिहारको भाइटिकाको दिन बेलुकी घर आँगनमा गएर सुख, समृद्धिको कामना गर्दै गाइने सामूहिक गीत हो । भैली विशेष गरेर नारीहरूले गाउने गीत हो भने देउसी पुरुषहरले गाउने गीत हो । यस गीतको देउसीरे नाम देवश्रीबाट बनेको हो । देउसी शब्दमा रे निपातको पनि प्रयोग भएर देउसी रे भन्ने शब्दको निर्माण भएको हो । अझ स्पष्ट भन्ने हो भने देव शब्दलाई नेपालीमा 'देउ' भन्ने र अनि 'श्री' शब्दलाई 'सिरी' शब्दले चिनाइन्छ (न्यौपाने, २०७०:१२५) । यसरी देउसीरेको अर्थ देउसीरे नामको गीत गाइएको घरमा देवताले श्री सम्पत्ति देउरे भनेको हो भनी लोकमा चर्चा गरेको सुनिन्छ । भाइटिकाको दिनमा आशिष दिएपछि त्यस घरमा लक्ष्मीले बास गर्छिन्, सुख समृद्धि प्राप्त हुन्छ, चिताएको कुरो प्राप्त हुन्छ अनि गाउँमा सह रहन्छ भन्ने विश्वास विद्यमान छ (बन्धु, २०५८:१६९) । यस्तो आशिर्वचन मूलक यस गीतलाई समाज अनुसार द्यौसी, देउसी, देउसीरे, देउसरी, देउसुरे गीत भनेर फरक फरक

ढङ्गले उच्चारण गरेको पाइन्छ । मनोरञ्जनको उद्देश्यले गाइनु भाइ तिहारको अवसरमा मात्र गाइनु, बाजा अनिवार्य मात्रामा नभए पनि खैँजडी, मुजुरा, मादल लगायत बाजाको प्रयोग गर्नु, पुरुषको विशेष सहभागिता हुनु यस गीतका विशेषताहरू हुन् । जस्तै :

| | |
|---|---|
| *आहइ भन मेरा भाई हो* | *देउसीरे* |
| *आहइ राम्ररी भन* | *देउसीरे* |
| *आहइ स्वर मिलाइकन* | *देउसीरे* |
| *आहइ झिलिमिलि झिलिमिलि* | *देउसीरे* |
| *आहइ केको झिलमिलि* | *देउसीरे* |
| *आहइ फूलको भिलिमिलि* | *देउसीरे* |
| *आहइ बत्तीको झिलिमिलि* | *देउसीरे* |
| *आहइ बर्षमा दिनको* | *देउसीरे* |
| *आहइ तिहारै* | *देउसीरे* |
| *आहइ देउसीरे खेल्दै* | *देउसीरे* |
| *आहइ हजुरको* | *देउसीरे* |
| *आहइ आँगनी* | *देउसीरे* |

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

## ४.७ संस्कार गीत

नेपाली लोकगीत मध्ये सबैभन्दा बढी मात्रामा मानिसले अपनाइ अनुशासन तथा व्यवहारलाई अग्रगतिमा अगाडी बढाउनको लागि निर्देशन गर्ने गीत संस्कार गीत हो । लोक कल्याणकारी भावनासँग यस गीतको सम्बन्ध जोडिएको हुन्छ । विविध संस्कारमा आफ्नो मान्यता र विश्वास अनुरूप विशेषतः वैदिक विधानका रूपमा संस्कार गीत गाइने गरेका छन् (पराजुली, २०५७:२२३) । मुख्यगरी विवाह, व्रतवन्ध, पास्नी, न्वारन, मृत्यु आदि संस्कार कर्म अन्तर्गत पर्दछन् । संस्कार भन्नाले आफ्ना पूर्वजहरूले मानि आएका र चलन चल्तीमा

ल्याएका सम्पूर्ण विधि विधानहरू पर्दछन् । यसमा स्वच्छता, सुद्धता लगायतका वर्तमानको चेतनात्मक स्थिती लगायत भविष्यको मंगलकारी भावनाको समेत कामना गरिएको पाइन्छ । प्रत्येक संस्कार गीतको आआफ्नै महिमा रहेको हुन्छ । सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रमा पाइने संस्कार गीतमा रत्यौली प्रमुख रूपमा रहेको छ । यस गीतको परिचय निम्न रहेको छ :

### ४.७.१ रत्यौली

नेपाली समाजमा रत्यौली गीत निकै प्रसीद्ध छ । नेपालको पूर्वतिर यो गीत पुरुषहरूले पनि गाउने गर्दछन् । पर्वततिर यो गीत पुरुषहरले पनि गाउने गर्दछन् । कास्की जिल्लाको सार्दीखोल र पुरुन्चौर गा.वि.स. क्षेत्रमा भने महिलाहरूले मात्र गाउने गरेको पाइन्छ । विवाहको अवसरमा दुलाहाको घरमा शुभसूचक वत्ती कुर्न भनी जम्मा भएका महिलाहरले गाउने सामूहिक गीत नै रत्यौली हो । विशेषत: यो गीत ब्राह्मण, क्षेत्री, दलित, दशनामी जातिहरूमा बढी प्रचलित छ । रत्यौली शब्दको व्युत्पत्ति फरक फरक ढङ्गले गरेको पाइन्छ । जस्तै : कतै रात + यौली = रत्यौली, कतै रात + एली = रतेली, कतै राति + एली = रतैली । रातमा गाइने भएकोले रत्यौली हो भन्ने तर्क गर्नेहरू पनि पाइन्छन् । रतिक्रियाको भाव प्रस्तुत गरी गाइने भएको हुनाले रत्यौली भएको हो भन्नेहरू पनि धेरै छन् (न्यौपाने, २०७०:१०८) ।

रत्यौलीमा अलिकति अश्लील प्रसंगहरूसँग मिसिएर पनि आनन्द लिने परम्पार छ । यसमा बृद्ध पतिका तरुणी पत्नी, बालक पतिका जवान पत्नी अथवा बाल विधिवाले आफूँलाई नाटकका पात्रजस्तै बनाएर यौन कुण्ठा र यौन असन्तुष्टिको विषयलाई प्रदर्शन गर्ने गरेको पाइन्छ । रत्यौली गाउने क्रममा दुलाहाको भूमिका निर्वाह गर्दै महिलाहरूले सट, पाइन्ट, दौरा, सुरुवाल, टोपी साफा गुतेर उनीहरूकै भाषामा लुठो भनिन्छ । रत्यौली भित्रै विवाह हुन्छ, रति क्रिडा हुन्छ । लुठो काल्पनिक पोइ हो (अधिकारी, २०५८:१४) ।

रत्यौलीका गीत टुक्का रहित र टुक्का सहित दुवै किसिमका हुन्छन् । यस गीतमा टुक्कालाई गेडा पनि भन्ने गर्दछन् । कृष्णको रति लिलाको क्रममा गाइने गीतबाटै रत्यौलीको जन्म भएको हो । यस गीतलाई गुल्मी तथा अर्घाखाँची तिर ज्युँती गीत पनि भन्दछन् । मनोरञ्जनका दृष्टिले गाइनु, सामुहिक रूपमा गाइनु, पुनरावृत्तिका कारण लामो संरचना हुनु यस गीतका विशेषताहरू हुन् । जस्तै :

*सरर पिलेनमा आए ढिलो हुन्छ बस कुर्न नलाए ।*

*हाम्रो बाबु गएको ठाउँमा बत्ति बाल्न पर्दैन त्यो गाउँमा ।*

*सबै खुसी भएको दिन गयो छोरो कलहको विउ लिन ।*

*आमाले सारेको फूल बाबुले कहिले नि नभुल ।*

*चैतमा मकै रोप्यो असारैमा धान,*

*खरी झरे झर्ला ठोकीदे मादलु ।*

*रत्यौलीमा नाच्नलाई किन खोज्छ्यौ मान*

*खरी झरे झर्ला ठोकीदे मादलु ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

## ४.८ पीडाका गीतहरू

ग्रामीण क्षेत्रका अति सोझा साझा व्यक्तिहरूको भावना लोकगीतमार्फत व्यक्त गरिएको हुन्छ । आजको समयमा आधुनिकताले निकै फड्को मारिसकेको छ । विदेशी रहन सहन, पश्चिमेली सांस्कृतिक मान्यताले पनि यूवा पिँढीहरूलाई निकै असर पारिसकेको छ । यस प्रकारका संस्कारहरूले लोकगीतका ममलाई लत्याएको अथवा कुल्चीएको भन्न सकिन्छ । जब दैनिक जीवनमा नारी पुरुषहरले पीडा खेप्नु पर्ने हुन्छ, उनीहरूको त्यस पीडालाई समाजमा देखाउनको निम्ति लोकगीतलाई नै माध्यम बनाउनु पर्ने हुन्छ । भनिन्छ, जब मनमा पीडा पर्दछ त्यस पछि मान्छे बल्ल साहित्यिक रचना गर्न थाल्दछ । त्यसैले त पाश्चात्य दार्शनिक प्लेटोले भनेका छन् “साहित्य सत्य भन्दा दुई गुणा टाढा हुन्छ ।” जब मानिस आवेग र संवेगको बलेलामा आएर गरेका रचनाहरूलाई उसले सामान्य अवस्थामा हेर्दा झुठो जस्तो लाग्न थाल्दछ । त्यस्तै हाम्रो लोक जीवनमा मनमा भएका भारीहरूलाई घाँस काट्न जाँदा गोरु बाखा चराउन जाँदा लोक गीत मार्फत प्रस्फुटन गर्ने गरिन्छ । यस्ता पीडाका गीतहरूमा शोषण, दमन, विरह, वेदना, अन्याय, श्रम आदिका भावहरू झल्किनु पर्दछ । कास्की जिल्ला, सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रमा धनी, गरिब, उच्च निम्न

वर्गीय मानिसहरू बसोबास गर्ने गर्दछन् । धनीले गरिबलाई, उच्च वर्गकाले निम्न वर्गकालाई हेप्ने परम्परा अझै पनि छ । यस कारण नै शोषण, दमन, पीडाका गीतहरू अभिव्यक्त भएका हुन्छन् । नारी समस्या पीडा वर्गीय द्वन्द्व, मुग्लानी व्यथा आदि समेत अभिव्यक्त भएका हुन्छन् ।

पीडाका गीतहरूमा महिला मुक्तिका चाहना पुरुष प्रधान समाजबाट अन्याय र शोषण सहनु परेका व्यथा, सामाजिक थिचोमिचो तथा यसबाट पाइनु पर्ने मुक्तिको चाहना गरिबी, भोकमरी, अशिक्षा आदि गाइएका गीतहरू यस शीर्षक अन्तर्गत राख्न सकिन्छ । पीडाका गीतहरू जुनसुकै उमेर समूहका व्यक्तिहरूले पनि गाउन सक्दछन् । एकोहोरी वा दोहोरी हुनु, जुनसुकै उमेरका व्यक्तिले पनि गाउन सक्नु, जुनसुकै भाकाका गीत पनि गाउन सकिनु यस गीतका विशेषताहरू हुन् । जस्तै :

*घान्द्रुके बनैमा, पीडा परो के गर्नु मनैमा ।*

*हो र माया उँधौली पालो छ, न समाउनी नटेक्नी डालो छ ।*

*कोही रैनछ दुःखीको लागि, सबैभन्दा मै रछु अभागी ।*

*संगीसँगै रमाउने बेलैमा, हाम फालौँ कि साउने भेलैमा ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

## ४.९ विषयवस्तुका आधारमा विश्लेषण

कास्की जिल्लाको उत्तरी भागमा उवस्थित सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्र विविध जातजातिहरू बसोवास गर्ने र तिनीहरूको आफ्नै मौलिक सांस्कृतिक विशेषताले भरिएको प्रमुख स्थान हो । जनजातिका हिसावले ब्राह्मण, क्षेत्री, जनजाति, दलित, दशनामी आदिको बसोबास रहेको यी दुवै क्षेत्रमा भेषभूषा र चलचलन पानि आआफ्नै किसिमको छ । यी क्षेत्रमा एकजातिले अर्को जातिको धार्मिक सहिष्णुतालाई राम्रोसँग बुझेका कारणले तिनीहरूका बीचमा सामाजिक सद्भाव उल्लेख्य मात्रामा रहेको पाइन्छ । जसको फलस्वरूप यहाँको सांस्कृतिक अवस्था मजबुत बन्न पुगेको छ । आधुनिक विज्ञान जगतले ल्याएको परिवर्तन सँगसंगै यहाँको लोक संस्कृतिमा केही विचलन आउन थाले पति स्थानीय

बुढापाका तथा तन्नेरी यूवायुवतीहरूमा लोकगीत र संस्कृतिको गहिरो छाप बसेका कारण यी क्षेत्रमा रहेको लोकगीत र लोक संस्कृतिहरू झन्झन् मौलाउँदै गएको पाइन्छ ।

लोकगीतको विकास मानव सभ्यताको सँगसँगै भएको भन्ने सर्वविदितै छ । मानिसका मनमा सुख-दुःख, आँशु-हाँसो, संयोग-वियोग, खुशी तथा वेदना व्यक्त गर्ने माध्यम पनि आज लोकगीत नै भएको छ । लोकजीवनका प्रत्येक, भीरपाखा, उकाली-ओराली, भञ्ज्याङ, चौतारीमा लोकगीतको रन्को

छुटेको सुन्न पाइन्छ । यी क्षेत्रका मानिसहरूका पसिना र सुस्केरामा छुटेका गीतले पनि भीर तथा पहरालाई नै रन्काएको भान हुन जान्छ । लोकगीतमा मनलाई मन्त्रमुग्ध पार्ने जुन शक्ति हुन्छ, त्यही शक्ति यसको सौन्दर्य हो । बालककालमा साथीसँग भाँडाकुटी खेलेको, यौवनमा मायाप्रिति गाँसेको, बुढेसकालमा पीरव्यथाले मन विग्रेको वेला व्यक्त गर्ने माध्यम पनि लोकगीत नै हुन् । तसर्थ सार्दीखोला र पुरुन्चौर क्षेत्रमा प्रचलित लोकगीतलाई विषयवस्तुका साथै काव्य तत्वका आधारमा विश्लेषण गरिन्छ ।

### ४.९.१ सामाजिक जीवनको चित्रण

मनिस समाजमा जन्मन्छ, हुर्कन्छ, बढ्छ र समय अनुसार परिवर्तन हुन्छ । आँशु र हाँसोको संगम नै मानव जीवनको विशेषता हो । कास्की जिल्लाको सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रमा विभिन्न जातजातिहरू मिलेर बसोबास गरिरहेका छन् । जातीय तथा आर्थिक हिसावले विविधता भए तापनि उनीहरूको विश्वास र विचार धारणाको कारण यी गा.वि.स. का बासिन्दाहरू एउटै घरको परिवार सरह बसोबास गरिरहेका छन् । यसरी समाजमा बसोबास गर्ने क्रममा कतिपय दुःख कष्ट भोग्नु पर्ने हुन्छ । ती सामजका दुःखहरूलाई आफ्नो दैनिक जीवनमा पाएका पीडाहरूलाई पोख्ने माध्यम लोकगीत भएको छ । यी क्षेत्रका अधिकांश बासिन्दाहरू पेशागत हिसावले व्इस्त रहेका छन् भने कतिपय बैदेशिक रोजगारीको सिलसिलामा विदेश गएका छन् । त्यस्तै बाँकी परिवारहरले आफ्नो मुख्य पेशा कृषि बनाएका छन् । यसरी वनपाखामा घाँस दाउरा गर्दा होस् वा गाइवस्तु चराउँदा होस् एक प्रकारको अभिव्यक्ति लोकभाका मार्फत व्यक्त गर्ने गरिएको पाइन्छ । त्यस भाकामा सामाजिक भेदभाव सानोले ठूलोलाई आदर सत्कार, दयामाया, प्रेम, विरह आदिको अभिव्यक्ति पाइन्छ । साथै सार्दीखोला र पुरुन्चौर क्षेत्रमा प्रचलित लोकगीतमा सामाजमा भौग्नु परेको परिस्थितिलाई व्यक्त गरिएको पाइन्छ ।

*"बन पाखामा नरोउ न निरमाया, आँशु देख्न सक्दिनँ म तिम्रो आँखामा ।"*

(पीडाको अनुभूति गरिएको गीत)

*"तिम्लाई पाउन कुन मन्दिर धाइन, आँशु बाहेक आखिरमा केही पाइन*

*तिम्लाई के था मेरो ब्यथा नि...*

*रुँदै डोली चढेको दिनदेखि पागलकै चाल भाछ यता नि ।"*

(प्रेममा दुःखद अनुभूति गरिएको गीत)

### ४.९.२ आर्थिक जीवनको चित्रण

कास्की जिल्लाको सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रका लोकगीतहरूमा समाजमा विद्यमान आर्थिक अवस्थाको स्पष्ट चित्रण भेट्न सकिन्छ । यी क्षेत्रका बासिन्दाहरू कोही आफ्नो आर्थिक अवस्था सुधारका लागि मुग्लान पस्न बाध्य भएका छन् भने कतिपय कृषि पेशामा दिनरात पसिना बगाउन बाध्य हुँदा पनि आर्थिक अवस्थामा सुधार नआएपछि आफ्ना व्यथा र पीडाहरूलाई यिनै लोकगीतहरूमार्फत व्यक्त गरिरहेको पाइन्छ । कतिपय भने विदेशी पैसाले मोजको जिन्दगी बिताइ रहेको पनि पाइन्छ । यिनै र यस्तै विषयवस्तु यहाँका गीतहरले बोकेको हुनाले गीतमा आर्थिक अवस्थाको यथार्थ चित्रण भेट्न पाइन्छ । जस्तै :

*"धनी रोज्यौ दुःखीलाई छोडेर, बस्न बाध्य छु गुन्द्री ओडेर ।"*

*"मायालाई आफ्नो ठान्दानी,*

*मेरो माया छ भनी जान्दानी*

*रोज्यौ खान्दानी ।"*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.९.३ साँस्कृतिक एवं धार्मिक जीवनको चित्रण

यस क्षेत्रका मानिसहरूमा धार्मिक आस्था निकै रहेको पाइन्छ । विभिन्न समयमा व्रत बस्ने, देवी देवताको आरधना गर्ने, सप्ताह पुराण लगाउने, विभिन्न अवसरमा भजन किर्तन

गर्ने चलन रहेको छ । हाम्रो धर्मभिरु समाजमा, बालबच्चा नभए पुराण एवं यज्ञ यज्ञादि गर्नु पर्ने मान्यता रहेकोले सन्तान प्राप्तिका लागि कतिपय मानिसहरूले पुराण लगाउने प्रचलन पनि यस ठाउँमा छ । साथै पितृ तथा अकाल मृत्य भएका पुर्खा पुर्वजहरको आत्माका चिरशान्तिका लागि विशेष गरी एकाह, सप्ताह आदि पुराण पनि लगाउने गरिन्छ । यसैले यस क्षेत्रमा रीतिरिवाज र धर्म परम्परालाई जीवन्त राख्ने गीतहरू गुञ्जेको सुन्न पाइन्छ । जस्तै :

*“जन्मायौ किन प्रभु हुर्कायौ किन, तेरो मेरो भन्दा भन्दै आइपुग्यौ लिन, हरि हरि ।”*

### ४.९.४ प्राकृतिक जीवनको चित्रण

लोकजीवन प्राकृतिकको काखमै जन्मेको हो । प्रकृतिको काखमै हुर्केको हो र त्यसैमा रमाएको हुन्छ । एउटा कवि कलाकारले कविता रचना गर्नुपर्दा यही प्रकृतिको वर्णनको आवश्यकता पर्दछ । एउटा घाँसी वनमा घाँस दाउरा काट्न गएको वेला वननै सुसाउने गरी गीत घन्काउन थाल्दछ । त्यसैले दुःखमा होस् वा सुखमा होस् हाम्रो प्राकृतिक सम्पत्तिले मानिसको आवेग, संवेग र बरालिएको मनलाई केही हदसम्म भए पनि सम्हाल्ने प्रयास गरिरहेको हुन्छ । र यही प्रकृतिको चित्रण गरि आफ्ना मनका दुःख पीडाहरू गुञ्जीएको पाइन्छ ।

जस्तै :

*“झर्दाखेरी निरमाया ओराली, कुरी बस्थैँ बजाउँदै मुरली ।*

*झल्को मनैमा, सँगै दिन विताउँथैँ पारीवनैमा ॥*

*टिप्थे काफल रुखैमा चढेर, सँगै रुन्थे कुनै दिन लडेर ।*

*झल्को मनैमा ................................................. ॥”*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.९.५ कृषि जीवनको चित्रण

नेपाल कृषि प्रधान देश हो । यहाँ अधिकांश मानिसहरूको मुख्य पेशा तथा जीविका भनेको कृषि नै हो । खेतबारी खनजोत गर्नु, मौसम अनुसारको खेती लगाउनु, विउ गोड्नु,

अन्न अनाज थन्क्याउनु, नेपालीहरूको दिनचर्या नै बन्दै गएको छ । यस क्षेत्रका मानिसहरूले त्यही माटोलाई सिँगार्छन्, त्यही माटोमा खेती गर्छन् र त्यही माटोमा बहुमुल्य अन्न उमार्ने काम गरी आफ्नो घरायसी आवश्यकता एवं इच्छाहरू पूरा गर्ने गर्दछन् । यसरी आफ्नो खेतबारीमा काम गराइएका अभिव्यक्तिहरूलाई यिनै लोकगीतहर मार्फत वनपाखामा गुञ्जाएको पाइन्छ । जस्तै :

*असार महिना दश र पन्ध्र रोपाइँको चटारो*
*राखने लुगा झिकिदेउ आमा गौँथले पेटारो*
*हो किमा होइन हो भनी देऊ न*
*गौँथले पेटारो ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.९.६ प्रेम र विरहको अभिव्यक्ति

मानिस भावनात्मक प्राणी हो । दया, माया, करुणा, विरह एवं वेदनाको भाव मानिसमा नै सलवलाएको हुन्छ । तर सबै प्रकारका मानिसहरूको विचार धारणा एकै किसिमको हुँदैन । धनीले गरिवलाई, वलियोले निर्धोलाई उच्च वर्गकाले निम्न वर्गकालाई हेप्ने, मायामा धोका दिने जस्ता कार्य पनि मानव जातिबाट नै भएको पाइन्छ । यस धर्तीमा स्वतन्त्र रूपमा बाँचने रहर सबैको हुन्छ तर समाजमा भएका धनी, गरिब र माया प्रेमको खलबलले गर्दा बरालिएको मनलाई यिनै लोकगीत मार्फत व्यक्त गर्ने गरेको पाइन्छ । जस्तै :

*टप्प टिपी फूल यो लाउँ कि शिरैमा,*
*गुम्सिएर कति बसौँ पिरैपिरमा ।*
*बैँशालु यो उमेरमा दबाएर रहर,*
*रातोदिन झार्दै आँशु सहौँ कति कहर ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।

## ४.१० काव्य तत्त्वका आधारमा विश्लेषण

कविले रचना गरेको सृजनालाई शाब्दिक अर्थमा काव्य भनिन्छ । काव्यको स्वरूप धेरै व्यापक छ । काव्यलाई आफ्नो परिधिमा बाँड्न धेरै कठीन काम हो । आदिकालदेखि अहिलेसम्म काव्यको स्वरूप स्पष्ट पार्ने काव्यलाई परिभाषामा बाँध्ने काम भइ नै रहेको छ । काव्य संसारको जुनसुकै देश वा जातजातिमा पनि शुरुवाट नै देखा परेको हो । जब मानवको उत्पत्ति भयो उसले आफ्नो जन्म सँगसँगै काव्य पनि लिएर आयो । जनुसुकै लेख पनि काव्य विना अपुरो हुन्छ । समाजमा कुनै लोकगीतको शास्त्रीय नियम अनुसार रचना गरे पनि लोकगीतभित्र स्वतः स्फूर्त रूपमा छन्द, रस, अलंकार जस्ता काव्यशास्त्रीय विशेषताहरू समावेश भएको पाइन्छ । सार्दीखोला र पुरुन्चौर क्षेत्रका लोकगीतहरूमा पनि यस्ता काव्य शास्त्रीय विशेषता समावेश भएको पाइन्छ । यस क्षेत्रमा पाइने काव्यात्मक तत्वको चर्चा निम्नानुसार छ ।

### ४.१०.१ रसभाव

सामान्यतः कुनै साहित्यको अध्ययन, श्रवण वा अवलोकन गर्दा, हाम्रो मनमा जुन आनन्दको अनुभूति हुन्छ यो आनन्द नै रस हो । सामान्यतया बोलिचालीको भाषामा रस भन्नाले पदार्थको तरल अवस्थालाई जनाउदछ । तर काव्यमा रसको आस्वादन आनन्द लिएर गर्ने गरिन्छ । साहित्यिक रचनामा रस प्रमुख तत्वको रूपमा आएको हुन्छ । विभाव, अनुभाव र व्यभिचारी भावलाई रस सामग्री भनिन्छ । यिनै रस सामग्रीहरूले मानव हृदयमा भएका रति, प्रेम, हास, शोक, क्रोध, उत्साह, भय, घृणा, विस्मय आदि स्थायी भावलाई जागृत गराइ रसको उत्पत्ति गराइ दिन्छन् । रस एक प्रकारको आत्मानुभूति हो । यो एक प्रकारको आनन्द प्रदान गर्नेवाला तत्व हो । कास्की जिल्लाको सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रमा अभिव्यक्त भएका रसको उदाहरण तल प्रस्तुत गरिएको छ ।

#### ४.१०.१.१ श्रृङ्गार रस

'श्रृङ्ग' र 'आर' शब्दबाट श्रृङ्गार शब्दको निर्माण भएको हो । श्रृङ्गारको अर्थ कामोद्वेग अवस्था वा प्राप्ति हो । सहृदयीका अन्तर्मनमा वासना वा संस्कारका रूपमा सुषुप्त अवस्थामा अवस्थित रति स्थाइ भावलाई रसावस्थामा पुऱ्याई सहृदयीलाई अलौकिक आनन्द प्रदान गर्ने रस श्रृङ्गार हो । प्रेमी, प्रेमिकाको बीचमा मिलन, विछोडको अवस्थामा उत्पन्न

हुने काम शक्तिको स्थिति वा त्यसबाट मानसपटलमा उत्पन्न हुने भाव प्रकाट भएका लोकगीतहरू श्रृङ्गार रससँग सम्बन्धित रहेका हुन्छन् । साहित्यमा श्रृङ्गार सम्भोग र विप्रलम्भ श्रृङ्गार रस गरी दुई किसिमको पाइन्छ । यसक्षेत्रमा यी दुवै रसको अभिव्यक्त भएका केही उदाहरणहरू तल प्रस्तुत गरिएको छ । जस्तै :

*चौतारीको पातलो छपनी ।*
*झिल्के थिएँ बैशमा म पनि ॥*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

**४.१०.१.२ करुण रस**

खासगरी करुण रसको स्थाई भाव शोक भएकाले यसमा प्रियजनको मृत्यु वा वियोग र अनिष्टको प्राप्तिबाट करुण रसको सिर्जना हुन्छ । इष्टको नाश, अनिष्टको प्राप्ति, स्वजन-प्रियजनको मृत्यु वा दुःखद अन्त्य वैभवको क्षति आदि जस्ता अवस्थाबाट उत्पन्न दुःख, पीडा वा विरह वेदनाबाट करुण रसको अभिव्यक्ति हुन्छ । अतः करुण रसको आस्वादन पनि प्रीतिकर र आनन्दात्मक नै हुन्छ । मान्छेहरूले करुण रसका नाटकहरू हेरिसकेपछि अथवा पढिसकेपछि आनन्दविभोर हुन पुग्दछन् । दुःखबाट दुःखकै मात्र अनुभूति हुने भए किन ती कृतिहरू यति साह्रै लोकप्रिय बन्थे होलान् ? त्यसकारण करुण रसको आस्वादन आनन्दात्मक हुन्छ । उदाहरणको लागि मुनामदन, गौरी खण्डकाव्यलाइ लिन सकिन्छ । मानवले जीवन गुजारा गर्ने क्रममा सुख-दुःख, हर्ष-विस्मात, माया-घृणाजस्ता कुराहरू आइलाग्दछन् जसले गर्दा मानव मनमा उथलपुथल ल्याइदिने गर्दछ । दुःख विस्मात् विछोडजस्ता कुराले मानवलाई दुःखी तुल्याउँछ । यसरी कारुणिक स्थितीको सृजना हुन पुग्दछ र लोक समाजबाट कारुणिक स्वर प्रस्फूटित हुन्छ । यस क्षेत्रमा पनि यस्तै विषयवस्तुका अभिव्यक्ति भएका गीतहरू पाइन्छन् । केही उदाहरणहरू तल प्रस्तुत गरिएको छ । जस्तै :

*गरिपको कर्म नै खोटो, सम्पत्तिमा हँसिया खुर्पेटो ।*
*संसारमा मै रछु दुःखी, मर्छु क्यारे उमेरै नपुगी ।*
*साहुको जाती कहिल्यो हुन्ननी, गाली गर्दा यति मन रुन्ननी ।*
*दैला मुनि धानकोदो गोडौंला, सामन्तलाई मासेरै छोडौंला ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.१०.१.३ हास्य रस

विकृत, अनौचित्य या अवांछनीय आतार व्यावहारको खिल्ली उडाउँदा, जसमाथी आघात पर्न जान्छ त्यही नै व्यङ्ग्य हो । अनौठो विकासरयुक्त वाणी सुन्दा या त्यस किसिमको रूप रंग देख्दा मानवीय मनमा उत्पन्न हुनजाने एक प्रकारको सुखद, मनोरञ्जनात्मक र विनोदात्मक भावले हास्य रसको उत्पन्न हुन्छ । जीवनमा मिलन-विछोड, सुख-दुःख, हाँसो-आँशु संयोगको जिन्दगीभरको दुःखीलाई हाँसोले शान्ति र उत्साह थपिदिन्छ । हाँसोले रिसलाई पनि कम गर्दछ । हाास्नु स्वास्थ्यको लागि पनि फाइदाजनक हुन्छ । यस क्षेत्रमा हाँसो उठ्ने गीतहरू पनि प्रशस्त मात्रामा पाइन्छन् । जस्तै :

*मलाई लाने भए*

*सिंगापुरे साडि ल्याउ*

*एसी भाको गाडि ल्याउ । (रोइला)*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.१०.१.४ वीर रस

वीर रसको स्थाई भाव उत्साह हो । अन्याय, अत्याचारको विरुद्धमा उत्रने, शत्रुको हाँकलाई सामना गर्ने, गरिवहरूको दुःख एवं दुर्दशालाई हटाउन अथवा अधर्मको नाश गर्ने कार्यमा प्रवृत्त हुनका लीग हाम्रो मनमा एक किसिमको अदम्य उत्साह आउँदछ जसबाट वीर रसको उत्पत्ति हुन्छ । कुनै पनि परिवेशसँग जुध्नको लागि त्यसका विरुद्धमा प्रतिरोध गर्ने आँट उत्साह र साहस जागेर आउँछ त्यो उत्साहले नै वीर रसले भरिभूर्ण भएका गीतहरूको सृजना गर्न सक्दछ । यस क्षेत्रमा पनि यस्ता वीर रसले भरिपूर्ण गीतहरू पाइन्छन् । जस्तै :

*दैला मुनि धानकोदो गोडौँला,*
*सामन्तलाई मासेरै छोडौँला ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.१०.१.५ शान्त रस

भरत मुनिले आफ्नो नाट्यशास्त्रमा शानत रसको स्थान नै देखाएका छैनन् । तत्व ज्ञान तथा वैराग्यबाट शान्त रसको उदय हुन्छ । सांसारिक विषयहरू क्षणिक हुन्छन् भन्ने धारणाले उत्पन्न हुने एक किसिमको संसार प्रतिकै वितृष्णा भाव शान्त रस हो । जति नै उन्नती गरे पनि जीवन शुन्यबाट आएर शुन्यमा विलाएर जाने हो । बौद्धिक ज्ञान र आध्यात्मिक भावना नै ठूलो हो भन्ने भावनाहरू यसप्रकारका गीतमा भरिएका हुन्छन् । यसप्रकार सार्दीखोला र पुरुन्चौर क्षेत्रमा यस्ता शान्त रसका गीतहरू पनि छिटफुट मात्रामा पाइन्छन् । जस्तै :

*संसार लानु कै छैन रित्तै नै हुन्छ,*

*ए हरि ! भक्तलाई लैजाऊ वैकुण्ठ ।*

*तेरो मेरो भन्दा भन्दै जीवन विति गो,*

*हरि नाम जप्नलाई फुर्सद कहिले हो ?*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.१०.२ लय र छन्दका आधारमा विश्लेषण

लय र छन्द फरक विषय हुन् । लोकगीतमा लय अत्यन्त आवश्यक हुन्छ । लय विना लोकगीतको खास अर्थ रहँदैन । लय लोकगीतको प्राण हो । ठाउँ अनुसार यसलाई भाका वा भाखा पनि भन्ने गरिन्छ । काव्यमा भाव अनुसार छन्दको आवश्यकता हुन्छ भने लोकगीतमा लयकोय त्यति नै आवश्यकता हुन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतहरूमा द्रुत, मध्य र वलम्वित लयको प्रयोग भएको देखिन्छ ।

### ४.१०.२.१ लय

लोकगीतको प्राण लय हो भन्ने कुरा माथि उल्लेख भइसकेको छ । लयका मुख्य तीन भेदहरू रहेको पाइन्छ । द्रुत, मध्य र विलम्वित । सार्दीखोला र पुरुन्चौर क्षेत्रमा लोकगीतमा यी तीनै किसिमका लयको प्रयोग भएको पाइन्छ ।

### ४.१०.२.१.१ द्रुत लय

गीतलाई छिटो छिटो तरिकाले गाउने क्रममा यस लयको प्रयोग गरिन्छ । सामान्यतया दुई चरणका झ्याउरे गीतहरूमा द्रुतलयको प्रयोग गरिएको पाइन्छ । यस क्षेत्रमा चुड्का, भजन, झ्याउरे, आदी गीतमा यो लय/भाकाको प्रयोग भएको हुन्छ । जस्तै :

*'मलाई बगाउला कि, फूल बगाउने नदीले' (चुड्का)*

### ४.१०.२.१.२ विलम्वित लय

यस लयलाई गायक-गायिकाहरूबाट लेग्रो तानेर गाइन्छ । यस्ता गीतको संरचना मध्य र द्रुत लयको जस्तै हुन पनि सक्छ तर गायन प्रकृया ढिलो हुन्छ । शान्त प्रकृतिको मानिने यस लयको प्रयोग यस क्षेत्रका यानिमाया, सोरठी आदि लोकगीतमा पनि हुने गरेको पाइन्छ । जस्तै :

*हा..... छुट्टीमा आको यो लाहुरे दाइलाई केले मान राख्नी हो ... नानीरलै ।*

*हा..... रातै र भरी बनाको मैले तीनपाते चाख्नी हो... ननीरलै ॥*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.१०.२.१.३ मध्य लय

गायक-गायिकाबाट न त धेरै छिटोछिटो नत धेरै ढिलो गर्रा गाइएको लय नै मध्य लय हो । कतिपय लोकगीत तथा झ्याउरे गीतहरू द्रुत र विलम्वित लयमा गाइन्छ भने कतिपय मध्य लयमा गाइन्छ । चुड्का तथा टुक्काको प्रयोग नहुने, शिरफूले, सालैजो, देउसी, भैलो, आदि गीतहरूमा मध्यलयको प्रयोग भएको पाइन्छ । जस्तै :

*रुने गर्छु वनभित्र पसेर*

*चरी रुखमा म भुइँमा बसेर*

*वर्खा लाग्यो खडेरी प-यो*

*पानी पनि परेर एक तर्को ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.१०.२.२ सवाइ छन्द

झ्याउरे जस्तै नेपाली धरातलमै जन्मिएको अर्को जातीय छन्द सवाइ हो । नेपाली समाजमै सिर्जना भएको नेपाली जनजीवनमा भिजेको र नेपाली लोक मानसमा प्रचलित भएको हुनाले यसलाई जातीय छन्द मानिन्छ । यस छन्दमा पनि छन्द गण र मात्राको केही विचार गरिँदैन । यसमा लयले नै छन्दको काम गरेको हुन्छ । सामान्यतः यस छन्दको एउटा पङ्ति बाह्र, तेह्र, चौध र पन्ध्र तथा त्यस भन्दा बढी अक्षरले बनेको हुन्छ । यसको उदाहरण तल प्रस्तुत गरिएको छ । जस्तै :

*सुन सुन साथी हो म केही भन्छु*

*दुईहजार दश सालको सवाई कहन्छु ।*

*शीरमा लाउने शीरबन्दी त नाकमा लाउने फूली*

*साह्रै राम्रो भाको थियो मार्सि धान फूली ।*

*बढी आयो गररर फाटि गो भँगालो*

*गैह्री खेतको शीरलाई हाल्यो अँगालो ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.१०.२.३ झ्याउरे छन्द

नेपाली धरातलमै जन्मिएको एउटा जातीय छन्द झ्याउरे हो । यस छन्दमा गण र रसको मात्राको किटान नगरिएको हुँदा रचनागत सहजता बढी हुन्छ । यसकारण झ्याउरे छन्दमा अत्याधिक गीत रचना हुन पुगेका छन् । धेरै गायक गायिकाहरूले आफ्ना अन्तर्मनका भावनाहरू यसै छन्दका साहाराले अभिव्यक्त गरेको पाइन्छ । यो सामान्यतया लामो र छोटो गरी दुई प्रकारका देख्न सकिन्छ । जस्तै :

*मन्दिरको गजुर यो मायालाई*

*कही गरी नभुल्नु हजुर ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.१०.३ अलंकारको आधारमा विश्लेषण

अलंकार भाषाको कला हो । यो साहित्यको बाहिरी सौन्दर्य वा शोभा हो । यसको सैद्धान्तिक चर्चा भएको पहिलो उपलब्ध ग्रन्थ भरतको नाट्यशास्त्रम् हो । ऋग्वेदमा 'अरंकृत', 'अरकृति', 'अरकृत' जस्ता शब्दहरू अलंकार या आभूषणको तात्पर्यमा प्रयोग भएको पनि भेटिन्छ (पौडेल, २०६६:६८) । अलंकारको शाब्दिक अर्थले भूषित गर्ने वा शोभा बढाउने तर्फ नै इंगित गरेको छ । जस्तै गरगहनाले कुनै नारीलाई जसरी सिंगार्ने काम गर्छ, त्यस्तै अलंकारले पनि काव्यलाई सिंगार्ने काम गर्दछ । दण्डिल अलंकारलाई काव्य शोभाकारक तत्वका रूपमा लिएर यसलाई सवल सम्प्रदायका रूपमा विकास गर्न चाहेका छन् (पौडेल, २०६६:६९) । साहित्यलाई चमत्कारपूर्ण बनाउने बस्तु नै अलंकार हो । लोकगीतमा अलंकारको ध्यान नदिइँदा नदिइँदै पनि अलंकारको प्रवेश भएको पाइन्छ । नेपाली लोकगीतमा शब्दालंकार र अर्थालंकार दुवैको प्रयोग भएको पाइन्छ । शब्दालंकारले सांगितिक माधुर्य भर्ने काम गर्छ भने अर्थालंकारले विम्वको प्रस्तुतिद्वारा भावलाई प्रकाश पार्दछ । सार्दीखोला र पुरुन्चौर क्षेत्रमा प्रचलित लोकगीतमा योजनाबद्ध तरिकाले अलंकारको प्रयोग नगरिएता पनि केही गीतहरूमा भने शब्दालंकार मध्येको अनुप्रास र अर्थालंकार मध्येको उपमा रूपक, उत्प्रेक्षा आदि अलंकारको प्रयोग भेट्न सकिन्छ ।

### ४.१०.३.१ अनुप्रास अलंकार

नेपाली लोकगीतमा वर्ण प्रयोगका तहमा स्वभावतः अनुप्रास भएको देखिन्छ । वाक्यका शब्दमा एउटा वा धेरै अक्षरहरू क्रमैले दोहोरिएर आए भने अनुप्रास अलंकार हुन्छ । अनुप्रासको प्रयोगले शब्दहरू दोहोरिएर उस्तै उस्तै किसिमले आउने हुँदा श्रुतिरम्य हुन्छ । लोकगीतको मुख्य आकर्षण भनेकै अनुप्रास हो । अनुप्रासले भरिएको एक गीतको चरण जस्तै :

*'जन्मायौ किन प्रभु हुर्कायौ किन, तेरो मेरो भन्दा भन्दै आइपुग्यौ लिन ।' (भजन)*

*'माया पारी म भएँ वारी, शुन्य भयो भेट हुने चौतारी ।' (झ्याउरे)*

### ४.१०.३.२ श्लेष अलंकार

लोकगीतमा श्लेषको प्रयोग विभिन्न स्थानमा नगन्य पाराले आएको हुन्छ । यसको प्रयोग उपमाको जस्तो हुन्छ । तल प्रस्तुत घाम र जुन को माया र प्रेमसँग सम्बन्धित भएर आएका छन् ।

*भेट कहिल्यै छैन*

*माया मार्‍यौ भै गयो*

*घाम र जुन झैँ भयो । (रोइला)* (विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.१०.३.३ उपमा अलंकार

कुनै बस्तुहरू बीचको समानता देखाउने क्रममा दुईवटा वस्तुहरूलाई दाँजेर उ जस्तै त्यो भन्नु पर्दा उपमा अलंकार हुन्छ । उपमाका शाब्दिक अर्थ नजिकै राखेर समानता देखाउनु हो । एउटा वस्तुको प्रतीकको रूपमा अर्केलाई राखेर त्यसको समानता प्रस्तुत गर्नु नै उपमा हो । जस्तै : हिउँजस्तै गोरी भन्नु पर्दा गोरी हिउँको उपमा हो ।

*कताबाट आयौ*

*कालि रैछ्यौ कौवा झैँ*

*अग्लि रैछ्यौ टौवा झैँ ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.१०.३.४ रूपक अलंकार

उपमेयमा उपमाको आरोप हुनु नै रूपक हो । एउटा वस्तुलाई अर्को वस्तुसँग सँगै राख्नु रूपक अलंकार हो । जस्तै फूल जस्ती मायालु भन्दा उपमा हुन्छ भने मायालु नै फूल हुन् भन्दा रूपक अलंकार बन्न पुग्दछ । जस्तै :

*चोखो माया थियो*

*जुनको र घामको*

*सिताको र रामको ।* (विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.१०.३.५ उत्प्रेक्षा अलंकार

कुनै वस्तुलाई अर्काको रूपमा तुलना नगरिकन केवाल सादृष्यको रूपमा रादेर यस्तो हो कि भन्ने संकेत गरिन्छ भने त्यो उत्प्रेक्षा अलंकार हुन्छ । यस क्षेत्रमा उत्प्रेक्षा अलंकार प्रयोग भएका गीतहरू पनि पाउन सकिन्छ । जस्तै :

*यो मायाले दिएर भर पनि*

*व्यार्थै मैले विगारेँ घर पनि ।*

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

### ४.१०.३.६ अन्त्यानुप्रास अलंकार

नेपाली लोकगीतमा प्राय अन्त्यानुप्रास मिलेका हुन्छन् । अन्त्यानुप्रासले नै लोकगीत वा कविता जुनसुकैलाई घतिलो र चोटिलो बनाउने काम गर्दछन् । अन्त्यानुप्रासको साथसाथै आदि र मध्य अनुप्रासको समेत झन्कार पाइन्छ । यी क्षेत्रमा प्रचलित अन्त्यानुप्रासयुक्त गीतहरूको एक उदाहरण तल प्रस्तुत छ । जस्तै :

*"गुलियो कसार*

*पूर्वको ढोका उघारी हेर्दा लागेछ असार ।"*

(असारे गीत)

*"यो मायालाई कहाँ जान दिम्ला*

*सुथरीले बाँधेर यहीँ लिम्ला ।"*

(झ्याउरे)

(विस्तृत गीत परिशिष्टमा समावेश गरिएको छ ।)

## ४.११ निष्कर्ष

सामान्यतया नेपाली लोकगीतहरूको विशेषता नै सार्दीखोला र पुरुन्चौर गा.वि.स. क्षेत्रका लोकगीतहरूको विशेषता मान्न सकिन्छ । जाति विशेष र स्थान विशेषमा लोकगीतका आआफ्ना मौलिक विशेषताहरू भेट्टाउन सकिन्छ । जिन्दगीको कठोर भोगाइ

र प्रेम, विछोड, प्रियजनको वियोग, आदीबाट निस्केका भावना र यथार्थका विविध पक्षलाई समेटी यही विषयलाई आधार बनाइ सबै लोकगीतका विशेषतालाई आधार बनाइ सबै लोकगीतका विशेषताहरू तल उल्लेख गरिएको छ । जस्तै :

(क) मौखिक परम्परामा जीवित रहनु ।

(ख) एक पुस्ताबाट अर्कोमा हस्तान्तरण हुनु ।

(ग) मनोरञ्जनको माध्यम हुनु ।

(घ) प्रश्नोत्तरात्मक शैली हुनु ।

(ङ) अन्त्यानुप्रासको प्रवलता हुनु ।

(च) समाजको शोषण दमनलाई विषयवस्तु बनाउनु ।

(छ) लोक भाषाको प्रयोग गर्नु ।

(ज) मध्य, विलम्वित र द्रुत तीनै प्रकारका लयको प्रयोग हुनु ।

(झ) जातीयताको छनक पाइनु ।

(ञ) प्राकृतिको सजीव चित्रण पाइनु ।

(ट) शहरमा भन्दा बढी गाउँमा गाइनु ।

# पञ्चम अध्याय

# सारांश र सुझाव

## ५.१ सारांश

सार्दीखोला र पुरुन्चौर गा.वि.स. कास्की जिल्लामा रहेको पहाडी गाउँहरू हुन् । लोकसाहित्यको वास्तविक खजाना ग्रामीण क्षेत्रमा पाइन्छ । लोकसाहित्यको विभिन्न विधाहरू मध्ये सबैभन्दा कर्णप्रिय विधा लोकगीत हो । श्रुति परम्परामा जीवित स्वतःस्फूर्त लयात्मक तथा गेयात्मक अभिव्यक्ति नै लोकगीत हो । यसमा मानव जीवन तथा लोकजीवनमा भोग्नु परेका हर्ष-विस्मात, दुःख सुख, घात प्रतिघात, आदि सम्पूर्ण परिस्थिति प्रतिविम्वित भएका हुन्छन् । तसर्थ लोकगीतहरूले लोकसंस्कृतिलाई नै जीवन्त बनाएका छन् । लोकगीतमा शीर्षक, संरचना, लय, भाषा, गेयता, कथनपद्धति, भाव तत्व समावेश भएका हुन्छन् । यसमा रचयिता अज्ञात हुनु, मौलिक र स्वभाविक हुनु, कथनमा विविधता ल्याएर उपदेश दिने खालका हुनु, सामाजिक पृष्ठभूमिमा रहेर धार्मिक तथा सांस्कृतिक छाप बसाल्ने सामर्थ्य हुनु, आदि लोकगीतका विशेषता मानिन्छन् । लोक गीतलाई लयका आधारम, सहभागिताका आधारमा, प्रकार्यका आधारमा, क्षेत्रीय आधारमा, जातिय आधारमा साथै विषयका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । तथापि विषयका आधारमा गरिएको वर्गीकरण बढी वैज्ञानिक मानिन्छ । यो अध्ययन पत्र तयार गर्ने क्रममा सम्बन्धित गा.वि.स.मा गएर सांस्कृतिक क्षेत्रमा क्रियाशील व्यक्तिहरू, लोकगीत गाउन रुची भएकाहरू, लोकगीतका अनुरागी तथा पारखीहरूसँग भेट गरेर छलफल समेत गरी विभिन्न गीतहरू संकलन गर्ने कार्य गरिएको छ । यस क्षेत्रका बालकदेखि बुढापाकासम्मका व्यक्तिहरूले सुरिलो भाकामा गीत गाउँदा बनपाखामा उडिरहेका चराचुरुङ्गी पनि गीत सुनेर रोकीएका हुन् कि भन्ने भान हुन्छ । साथै सार्दीखोलाका सुसावट पनि झन् बढी सुसाएको भान पर्दछ । यस क्षेत्रमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् । यस क्षेत्रमा धार्मिक सहिष्णुता पनि देख्न सकिन्छ । हिन्दू धर्म मान्नेहरूले दशैं, तिहार, पुषेपन्ध्र, माघेसक्रांति, चैते दशैं, बैशाखको सक्रान्ति, साउने सक्रान्ति, कृष्ण जन्माष्टमी, तीज, आदि चाडवाडहर मनाउने गर्दछन् । बौद्ध धर्म मान्नेहरूले ल्होछार, बैशाखे पूर्णिमा मान्ने गर्दछन् । कोही कोहीले भने दशैं

तीजजस्ता पर्व पनि मान्ने गरेको पाइन्छ । यस क्षेत्रका मानिसहरू अध्ययन र रोजगारीका लागि शहर र विदेशतिर लागेको पाइन्छ ।

धार्मिक, सांस्कृतिक, पर्यटकीय, सामाजिक र लोकसाहित्यको दृष्टिले यो क्षेत्र महत्त्वपूर्ण मानिए तापनि पहिले तथा हालका स्थानीय लोककलाकारहरूको बारेमा तथा उनीहरूको गीतका पनि खोजमूलक कार्य नहुनु साथै लिखित प्रमाण नराखिनुले पनि यहाँका लोकगीतहरूको आवश्यक संरक्षण हुन सकेको देखिँदैन । यसक्षेत्रमा गाइने गीत बाह्रमासे अन्तर्गतका झ्याउरे, बालगीत, एकोहोरी तथा दोहोरी, रोइला, सालैजो आदि पर्दछन् । धार्मिक गीत अन्तर्गत विभिन्न धार्मिक कार्यक्रममा गाइने भजनहरू पर्दछन् । संस्कार गीतमा रत्यौली प्रमुख रहेको छ । त्यसैगरी श्रमगीतमा असारे, दाइँ गीत आदि पर्दछन् भने पर्वगीत अन्तर्गत तीजे गीत, देउसी र भैलो पर्दछन् । यस क्षेत्रका गीतहरूमा सामाजिक, सांस्कृतिक, आर्थिक, प्राकृतिक आदि सबैको चित्रण भएको पाइन्छ । यस क्षेत्रका लोकगीतहरूमा विभिन्न प्रकारका अलंकार तथा रसहरूको प्रयोग भएको छ ।

## ५.१ सुझाव

लोकगीत नेपाली लोकसाहित्यको प्राण हो । त्यसैले यो सार्दीखोला र पुरुन्चौर क्षेत्रको मात्र नभएर सम्पूर्ण नेपालीको सुखको सुसेली र दुःखको सुस्केरा पनि हो । लोकगीतमा हाँसो, रोदन देखि लिएर मनोरञ्जन, विकृति, विसंगती माथि प्रहार गर्ने पद्धति पनि अटाएको पाइन्छ । समयको परिर्वतनसँग लोकगीतका विषयवस्तु, भाका, लय र शब्दहरूमा पनि परिवर्तन आएको पाइन्छ । उहिले श्रुति परम्पराबाट विस्तारित र विकसित हुँदै आएको लोकगीतलाई अहिले रेडियो, टेलिभिजन, सिडी, भिसिडि, मोबाइल आदि आधुनिक प्रविधिले मानिसका जहाँ र जुनसुकै समयमा पनि सुन्न सकिने गरी कानकानमा पुऱ्याइदिएको छ । यसैगरी उहिलेको खाँटि परम्परा पनि भत्कींदै गएको देखिन्छ । जस्तो अचेल तीजे गीत र रत्यौलीमा समेत पुरुषहरूको सहभागिता बढ्न लागेको पाइन्छ । कतिपय लोक भाका र परम्पराहरू बिँडो थामिदिने र खोजीनीति गर्ने व्यक्तिको अभावले लोपप्रायः अवस्थामा पनि पुगेको पाइन्छ ।

लोकगीतको परम्परा र यसको विकास केवल मानिसको भावनात्मक पक्षसँग मात्र सम्बन्धित छैन । समय र समाजमा आएको परिवर्तनले लोकगीतको विषयवस्तु र भाकाहरू बदलिँदै

गएको पाइन्छ । यसमा मानिसका आर्थिक, सामाजिक, शैक्षिक आदि पक्षहरूले पनि प्रभावित गरिरहेको तथ्यलाई नकार्न सकिँदैन । जस्तो, उहिले यातायतको असुविधाले चेलीवेटिहरू टाढा टढाबाट चाडपर्व मान्न आउन असंभवजस्तो हुने गर्दथ्यो भने अहिले बैदेशिक रोजगारी र अध्ययनमा गाउँबाट युवाहरू पलायन हुने र गाउँ नै रित्तिने अवस्था पनि आएको छ ।

सार्दीखोला र पुरुन्चौर गा.वि.स.को लोकगीतहरूको अध्ययन गरे पश्चात् प्राप्त निचोडहरूलाई आधार मानेर यस क्षेत्रको लोकगीतका सम्बन्धमा गर्नुपर्ने र गर्नसकिने केही सुझावहरूलाई निम्न बुँदाहरूमा उल्लेख गरिएको छ ।

(क) लोकगीतको संरक्षणमा नयाँ पुस्तालाई प्रोत्साहित गरिनु पर्दछ ।

(ख) पुरानो परम्परामा भएका कुरीति, अन्धविश्वास, विकृति र नकारात्मकतालाई हटाउने र सकारात्मकतालाई बल मिल्ने किसिमका कार्य गरिनु पर्दछ ।

(ग) मादल, मुजुरा, बाँसुरी, खैँजडी जस्ता मौलिक वाद्यवादनहरूको संरक्षणमा ध्यान दिनु पर्दछ ।

(घ) आधुनिक सूचना तथा सञ्चार प्रविधिहरू रेडियो टिभि आदिमा मौलिक लोकभाकालाई संरक्षण गर्ने र यसमा आएका विकृति विसंगतिलाई निरुत्साहित गर्ने नीति बनाउन सहयोग गर्नु पर्दछ ।

(ङ) लोकगीतका सम्बन्धमा अध्ययन, अनुसन्धान, लेख, पुस्तक र अन्य रचना प्रकाशनलाई प्रोत्साहित गरिनु पर्दछ ।

(च) लोकगीतको सम्बर्द्धन र प्रवर्द्धनमा समाजका विभिन्न भाषाभाषी, जातजाति र संस्कृतिका सबै मानिसहरूलाई समान व्यवहार र अवसर प्रदान गरिनु पर्दछ र उनीहरूबीचको सम्बन्धलाई सुमधुर बनाउने प्रयास गरिनु पर्दछ ।

## सन्दर्भग्रन्थसूची


आर.डि. र एल.एल. (२०२३), *नेपालका विभिन्न जाति र लोकगीत एक परिचय,* ललितपुर : जगदम्बा प्रकाशन ।

उपाध्याय, कृष्णदेव (१९९८), *लोक साहित्यकी भूमिका,* इहलावाद : साहित्य भवन लिमिटेड।

कर्मा, लिलासिंह (२०२३), *हाम्रो लोक साहित्य,* काठमाडौँ : साझा प्रकाशन ।

कोइराला, शम्भुप्रसाद (२०५६), *लोकसाहित्य : सिद्धान्त र विश्लेषण,* विराटनगर : धरणीधर पुस्तकालय ।

खनाल, कुलप्रसाद (२०६३), "लोक साहित्यमा पीडाका गीतहरू", *पृथ्वी वाङ्मय ( अनुसन्धानमूलक पत्रिका),* वर्ष ६, अङ्क ६, पेज (१-८), पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

गिरी, जिवेन्द्रदेव (२०५७), *लोकसाहित्यको अवलोकन,* काठमाडौँ : एकता बुक्स प्रकाशन ।

गौतम, शोभाकान्त (२०६०), "नेपाली लोकसाहित्य : शिक्षण, समस्या र समाधान", *पृथ्वी वाङ्मय (अनुसन्धानमूलक पत्रिका),* वर्ष ३, अङ्क ३, पेज (३४२-३४६), पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

थापा, धर्मराज (२०३०), *गण्डकीका सुसेलीहरू,* काठमाडौँ : नेराप्रप्र ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), *नेपाली साहित्य विवेचना,* काठमाडौँ : त्रिभुवन विश्व विद्यालय, काठमाडौँ ।

न्यौपाने, कुसुमाकर (२०७०), *नेपाली लोकगीत,* पोखरा : फिस्टेल पब्लिकेशन प्रा.लि. ।

पन्त, कालीभक्त (२०२०), *हाम्रो साँस्कृतिक इतिहास,* काठमाडौँ : साझा प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०५७), *नेपाली लोकगीतको आलोक,* काठमाडौँ : रत्न पुस्तक भण्डार

पराजुली, ठाकुर (२०५६), *नेपाली साहित्यको परिक्रमा,* काठमाडौँ : साझा प्रकाशन ।

*पुरुन्चौर गाउँ विकास समितिको वस्तुस्थिति विवरण, २०६७,* गाउँ विकास समितिको कार्यालय, पुरुन्चौर, कास्की ।

बन्धु, चुडामणि (२०५८), *नेपाली लोक साहित्य,* काठमाडौँ : एकता बुक्स प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३), *लोकवार्ता विज्ञान र लोक साहित्य,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, विष्णुहरि (२०६७), *कास्कीकोट क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन,* (अप्रकाशित अध्ययन पत्र), पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

*सार्दीखोला गाउँ विकास समितिको वस्तस्थिति विवरण, २०६७,* गाउँ विकास समितिको कार्यालय, सार्दीखोला, कास्की ।

# परिशिष्ट

**१. भ्याउरे गीत : भीम कुमारी ढुंगाना, वर्ष ५२, पुरुन्चौर गा.वि.स., वडा नं. २**

देउरालीमा हो पात बजाउँदै
सम्झँ माया यी आँखा भिजाउँदै ।
चरी वन भरी, छेउछेउमा समुन्द्र पीर छ मन भरी ।

निष्ठुरीलाई सम्झेर म बस्दा
गयो मेरो कलिलो अवस्था
चरी वन भरी, छेउछेउमा समुन्द्र पीर छ मन भरी ।

चौतारीको पातलो छपनी
झिल्के थिएँ बैशमा म पनि
चरी वन भरी, छेउछेउमा समुन्द्र पीर छ मन भरी ।

घाँस काटौं गाउजो र गोलेनी
रुन्छ मन हाँसेर बोलेनी
चरी वन भरी, छेउछेउमा समुन्द्र पीर छ मन भरी ।

जाली रुमाल धोवील धोइ फाट्यो
सम्झनाले रोएरै दिन काट्यो
चरी वन भरी, छेउछेउमा समुन्द्र पीर छ मन भरी ।

मेलापात भैँसी र भकारो
माया विना जिन्दगी अँध्यारो
चरी वन भरी, छेउछेउमा समुन्द्र पीर छ मन भरी ।

**२. बालगीत : सविन बाँस्तोला, वर्ष ७, पुरुन्चौर गा.वि.स., वडा नं. ३ ।**

(क) कुखुरी काँ

कुखुरी काँ
बासी भात खाँ
खोइबासी भात ?
बिरालोले खायो ।
खोइ बिरालो ?
मुसा मार्न गयो ।
खोइ मुसो ?
गाईले कुल्च्यो ।
खोइ गाई ?
खोलाले बगायो ?
खोई खोलो ?
सुक्यो ।

(ख) ताराबाजी लै लै

ताराबाजी लै लै
मामा आए घोडा
माइज्यू आइन डोली
पापा ल्याइन् सोली
बुबुमाम सुपुक्क
काफल गेडि कुटुक्क
बिरालो भन्छ म्याउँ म्याउँ
अगुल्टो भन्छ उछिट्टयाउँ ।

**३. एकोहोरी गीत : लेखमाया गौतम, वर्ष ४२, पुरुन्चौर गा.वि.स., वडा नं. ५ ।**

(क) **रुँदारुँदै फाट्यो चोलानी...**

जन्म दियौ यो पापी छोरीलाई
दुःख पाए जिन्दगी भरीलाई
रुँदारुँदै फाट्यो चोलनी
यो जीवनमा यत्तिकै भईरह्यो
मरे भेट बासँग होला नि ।

सबै देख्छु बाउआमा साथैमा
मलाई भनी आँसु भो हातमा
रुँदा रुँदै फाट्यो चोलानी
यो जीवनमा यत्तिकै भईरह्यो
मरे भेट बासँग होला नि ।

हिँड्नु पऱ्यो आँसी ली मेलामा
लाऊलाऊ खाँउखाँउ भन्ने यो बेलामा
रुँदा रुँदै फाट्यो चोलानी
यो जीवनमा यत्तिकै भईरह्यो
मरे भेट बासँग होला नि ।

आमा त्यस्तै बाबा काख टुटेको
भयो कर्म सिसा झैँ फुटेको
रुँदा रुँदै फाट्यो चोलानी
यो जीवनमा यत्तिकै भईरह्यो
मरे भेट बासँग होला नि ।

साथीसँग पढ्न म सकिनँ
कुन जुनीको पापले हो किन ?

रुँदा रुँदै फाट्यो चोलानी
यो जीवनमा यत्तिकै भईरह्यो
मरे भेट बासँग होला नि ।

**(ख) झल्को मनैमा...**

झर्दाखेरी निरमाया ओराली, कुरी बस्थैँ बजाउँदै मुरली ।
झल्को मनैमा, सँगै दिन बिताउँथैँ पारीवनैमा ॥
टिप्थे काफल रुखैमा चढेर, सँगै रुन्थे कुनै दिन लडेर ।
झल्को मनैमा, सँगै दिन बिताउँथैँ पारीवनैमा ॥
कस्तो रैछ कर्मको खेल पनि, विना वर्ष उर्लियो भेल पनि ।
झल्को मनैमा, सँगै दिन बिताउँथैँ पारीवनैमा ॥
शीतल छैन बरपिपल छायाँमा, ग्रहण लग्यो यो चोखो मायामा ।
झल्को मनैमा, सँगै दिन बिताउँथैँ पारीवनैमा ॥
झर्छ आँसु मनमा पीर पारेर, गयौ तिमी नौडाँडा काटेर ।
झल्को मनैमा, सँगै दिन बिताउँथैँ पारीवनैमा ॥
घात गऱ्यौ यो आत्मा जलाई, बधाई छ निष्ठुरी तिमीलाई ।
झल्को मनैमा, सँगै दिन बिताउँथैँ पारीवनैमा ॥

**(ग) टप्प टिपी...**

टप्प टिपी फूल यो लाउँ कि शिरैमा,
गुम्सिएर कति बसौँ पिरैपिरमा ।
बैँसालु यो उमेरमा दबाएर रहर,

रातोदिन झार्दै आँसु सहौँ कति कहर ।

यो मुटुमा नघोचेको छैन कुनै प्रहर,

सक्तिनँ म जानीजानी पिउनलाई जहर ।

फूल फुल्यो बगैँचामा भमराको ताँती,

मैलाई किन डस्न आउँछ दुःख नानाभाँती ।

मनको वह मनै रह्यो कतै कोरिएन,

मुहारमा कहिले पनि हाँसो भरिएन ।

**४. दोहोरी गीत : दुर्गा आचार्य, वर्ष ४३, सार्दीखोला गा.वि.स. वडा नं. १ ।**

केटा : भेट भो माया विहेमा आको
सञ्चै छौ कि मौकाले भेट भाको
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

केटी : सपनीमा मन्दिर थियो
आयौ तिमी देउताले बास दियो
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

केटा : यो बैनीको घर कता पऱ्यो ?
मैले मायाँ लगाउने सुर गऱ्यो ।
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

केटी : बिहान पिएन क्याम्पसमा पढ्दछु
घर देउराली पोखरा बस्दछु
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

केटा : कति किलास पढ्दछौँ नानी
चोखो माया लाउनी कि नलाउनी
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

केटी : भन दाजै तिम्रो घर कहाँ पऱ्यो ?
चोखो माया लगाउने सुर गऱ्यो
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

केटा : घर त मेरो यहाँ होइन कसेरी
मनमा माया छ मेरो बेस्सरी
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

केटी :  पढाई कति के काममा लाउनुभो
मौका संजोग यहाँ आज आउनुभो
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

केटा :  अँग्रजीमा डिग्री म पढ्दैछु
स्कुलमा मास्टरी गर्दैछु
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

केटी :  इलम पढाई रैछ नि गजब
विहे गरे भयो नि अब त
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

केटा :  जिन्दगी त घामछायाँ पानी हो
राम्री माया पाए त लानी हो
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

केटी :  चोखो माया लगाउन हामी
जिन्दगीमा सम्झाउनी विर्साउनी
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

केटा :  मुक्तिनाथ सुनैको गजुर
पक्का बिहे हुने भो हजुर
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

केटी :  साइत जुराई आउनुहोस् लिन
प्रतीक्षामा बस्नेछु दिन दिन
तिमलाई टाढा मलाई नि टाढा
माछिकाँडे डाँडैमा घर सार ।

**५. रोइला : फूलशोभा गुरुङ, वर्ष ४३ सार्दीखोला गा.वि.स. वडा नं. १ ।**

केटा : पारी वन पालेमा
अग्लो रुख टुनियो
यतै बसे हुनी हो ।

केटी : बस्न मन त थियो
कुरा काट्छन् अरुले
घर बिगार्नेहरूले ।

केटा : तिम्लाई लान भनी
आको म त रमाउँदै
खरको गाँज समाउदै ।

केटी : मलाई लाने भए
सिंगापुरे साडि ल्याउ
एसी भाको गाडि ल्याउ ।

केटा : मैले लाने थिएँ
बर्खे बाटो कच्चा छ
तिम्रो पेटमा बच्चा छ ।

केटी : त्यसो न भन दाई
मन मेरो सच्च छ
तिम्रो भन्दा अच्छा छ ।

केटा : अचार करेलीको
तिहुन मीठो लौकाको

नछोड है मौकाको ।

केटी : देउराली र डाँडैमा

पिपलु र वर छ

तिम्रो के नै भर छ ?

केटा : पोखराको बजारमा

खाउँला बदाम किनेर

लाउँला माया चिनेर

केटी : अलि बेमानी छौ रे

कतै धोका दिन्छौ कि

मलाई छोडि हिँड्छौ कि ।

**६. सालैजो : भीमकुमारी तामाङ, वर्ष ३३, सार्दीखोला गा.वि.स. वडा नं. ३ ।**

हा..हा.. सुरिलै गयो वाँसैको लिंगो

सालैजो भइँ छोयो टुप्पैले...

हा..हा.. न तिम्रो छोरो न तिम्रो छोरी

सालैजो के गऱ्यो रूपैले ।

हा..हा. हाँसो र खेलो यो सबैसित

सालैजो जुग जानी कोसित

हा..हा.. जुग जाने कोसित...

हा..हा.. कुरालाई परे नेपालै जाउँला

धनपरे तिरौँला..

हा..हा.. धनपरे तिरौँला ।

हा..हा.. भुर्जुङखोला बयर पाक्यो

सालैजो चरीले चाखेको

हा.. हा.. त्यत्तिमा सारै गाउने सीप छैन

सालैजो वचनै राखेको ।

हा.. हा.. सेतीको पुल लचक्कै लच्क्यो

सालैजो फलामै जीपले

हा.. हा.. विग्रेको चरन सपारी लैजाउ

सालैजो तिम्रै सीपले ।

**७. भजन :नारायण वास्तोला, वर्ष ४८, पुरुन्चौर गा.वि.स. वडा नं. ३,**

(क) **चुड्का भजन**

कोटी नमस्कार,

देउता जति सबैलाई, देउता जति सबैलाई ।

शंख धुनी लगाए

कैलाशैमा शिवले, कैलाशैमा शिवले ।

रामको फूलबारीमा

छड्के हान्यो मृगले, छड्के हान्यो मृगले ।

छल हो रामैको

हैन मृग सुनको, हैन मृग सुनको ।

मैले चिनिनकि

रामकी सीता हैनन् कि रामकी सीता हैनन कि ।

रामलाई बनीबास

भरतलाई रँजाई, भरतलाई रँजाइँ ।

भाई लक्ष्मन

रामकै सेवक हुनु भो, राम कै सेवक हुनु भो ।

राम सिकार खेल्दै

सीता लग्यो रावणले, सीता लग्यो रावणले ।

(ख) **प्रभाती भजन**

हरे राम हरे राम राम राम हरे हरे ।

हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ॥

राधे श्याम राधे श्याम श्याम श्याम राधे राधे ।
राधे कृष्ण राधे कृष्ण कृष्ण कृष्ण राधे राधे ॥

हरे राम हरे राम राम राम हरे हरे ।
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ॥
राधे श्याम राधे श्याम श्याम श्याम राधे राधे ।
राधे कृष्ण राधे कृष्ण कृष्ण कृष्ण राधे राधे ॥

हरे राम हरे राम राम राम हरे हरे ।
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ॥
राधे श्याम राधे श्याम श्याम श्याम राधे राधे ।
राधे कृष्ण राधे कृष्ण कृष्ण कृष्ण राधे राधे ॥

हरे राम हरे राम राम राम हरे हरे ।
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ॥
राधे श्याम राधे श्याम श्याम श्याम राधे राधे ।
राधे कृष्ण राधे कृष्ण कृष्ण कृष्ण राधे राधे ॥

**(ग) आरती भजन**

आरती जगाऊ भक्त, आरती जगाऊ
शिवजीको मन्दिरमा भक्त हो आरती जगाऊ
सञ्जे जगाऊ भक्त सञ्जे जगाऊ
आरतीको बेला भो भक्त हो सञ्जे जगाऊ ।
पूर्वको सन्ध्या उठी पश्चिम दिशा जाइ
पश्चिमका बरणजीले दिपखा जगाई ।
आरती जगाऊ भक्त, आरती जगाऊ
शिवजीको मन्दिरमा भक्त हो आरती जगाऊ ।

सञ्जे जगाऊ भक्त सञ्जे जगाऊ
आरतीको बेला भो भक्त हो सञ्जे जगाऊ ।
पश्चिमकी सन्ध्या उठी पूर्वदिशा जाइ
पूर्व दिशामा चन्द्रसूर्यले दिपखा जगाइ
आरती जगाऊ भक्त, आरती जगाऊ
शिवजीको मन्दिरमा भक्त हो आरती जगाऊ
सञ्जे जगाऊ भक्त सञ्जे जगाऊ
आरतीको बेला भो भक्त हो सञ्जे जगाऊ ।
दक्षिणकी सन्ध्या उठी उत्तरदिशामा जाई
उत्तरदिशामा सप्तर्षिले दिपखा जगाई
आरती जगाऊ भक्त, आरती जगाऊ
शिवजीको मन्दिरमा भक्त हो आरती जगाऊ
सञ्जे जगाऊ भक्त सञ्जे जगाऊ
आरतीको बेला भो भक्त हो सञ्जे जगाऊ ।
उत्तरकी सन्ध्या उठी दक्षिण दिशामा जाइ
दक्षिण दिशामा काली नागले दिपखा जगाइ
आरती जगाऊ भक्त, आरती जगाऊ
शिवजीको मन्दिरमा भक्त हो आरती जगाऊ
सञ्जे जगाऊ भक्त सञ्जे जगाऊ
आरतीको बेला भो भक्त हो सञ्जे जगाऊ ।
पातालकी सन्ध्या उठी आकाश दिशामा जाइ
आकाशमा नौ लाख ताराले दिपखा जगाइ
आरती जगाऊ भक्त, आरती जगाऊ
शिवजीको मन्दिरमा भक्त हो आरती जगाऊ
सञ्जे जगाऊ भक्त सञ्जे जगाऊ
आरतीको बेला भो भक्त हो सञ्जे जगाऊ ।
आकाशकी सन्ध्या उठी मर्त्यलोक जाइ
मर्त्यलोकमा शेषनागले दिपखा जगाइ

आरती जगाऊ भक्त, आरती जगाऊ
शिवजीको मन्दिरमा भक्त हो आरती जगाऊ
सञ्जे जगाऊ भक्त सञ्जे जगाऊ
आरतीको बेला भो भक्त हो सञ्जे जगाऊ ।
मर्त्यलोककी सन्ध्या उठी स्वर्ग लोकमा आइ
स्वर्गलोकमा इन्द्रदेवले दिपखा जगाइ
आरती जगाऊ भक्त, आरती जगाऊ
शिवजीको मन्दिरमा भक्त हो आरती जगाऊ
सञ्जे जगाऊ भक्त सञ्जे जगाऊ
आरतीको बेला भो भक्त हो सञ्जे जगाऊ ।

**८. गोडेलो गीत : कुमारी थापा, वर्ष २८, पुरुन्चौर गा.वि.स. वडा नं. १ ।**

घैया धान ठोसारा तिम्रो त ईश्वर म छँदैछु

मेरो त को छ र .......... ?

मेरो त को छ र ? हो किमा होइन, हो भनी देउ न

मेरो त को छ र .......... ?

धोबीले धोइरहन्छु, करिम बिग्री बसेकी म त चमदारा रोइरहन्छु ।

चमदारा रोइरहन्छु, हो किमा होइन, हो भनी देऊ न चमदारा रोइरहन्छु ।

जेठै र मासका यिनै चर्का घाम

एकलै घैया गोड्याछै नि है ।

तिमरा स्वामी कहाँ गए त नि ?

एकलै घैया गोड्याछौ नि है ।

न अदार बादल न सयल

कुन आइ बोल्छ घाडिमा है ।

पाँचै र वर्षमा छोडेर गए

सत् मेरो डगेको थिएन नि है ।

न आकाशमा बादल न वृक्ष मुनि

ककोमा सयल परो नि है ?

अहिलेसम्म सत् डगेको थिएन

कुन पापी आई डगो नि है ।

कहाँ गए तिमरा जेठाजु ?

एकलै घैया गोड्छै नि है ।

जेठाजु जेठानी पलाङ्मा छ नि

हेर त कोइ छैनन् नि है ।

कहाँमा गए बाबा र आमा ?

एकलै घैया गोड्छौ नि है ।

बाबा र आमा पलाङमा नै छन् नि

हेर त कोही छैनन् नि है ।

आठै र वर्षमा विहे गरी जानु भो

तँलाई के कुचो धन्दा चाहियो नि है ?
बाबा र आमा के काम गर्छन् ?
एकलै घैया गोड्छौ नि है ।
ढुटाको रोटो पागाको गुनियो
कसले तिमीलाई दियो नि है ।
मेरा त स्वामी परदेश गए ।
तँलाई त कसले बोलन लाग्यो ?
के कुछु धन्दा छैन नि है ?
आठै र वर्षमा विवाह गरिदिए
सत् मेरो डगाइस् नि है ।

**९. असारे गीत : हिरा आचार्य, वर्ष ३२, सार्दीखोला गा.वि.स. वडा नं. ६ ।**

असारे मास दवदवे हिलो छुनलाई घिन लाग्यो,
पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो
हो किमा होइन हो भनी देऊ न
छ बीस रिन लाग्यो ।

असारे रोपाइँ भलपानी छोपाइँ
मंसीर राख्ने दाइँ ।
हो किमा होइन हो भनी देऊ न
जानेको कै नि नै ।

असारै मास गुलियो कुरा राखेको कसार
पूरवै ढोका उघारी हेर्दा लागेछ असार
हो किमा होइन हो भनी देऊ न
लागेछ असार ।

छुपुमा छुपु खेतै र रोपम् हातमा बीउ छइन्जेल
भलै र लाम्ला भलै र खाम्ला शैबको जीउ छइन्जेल
हो किमा होइन हो भनी देऊ न
शैबको जीउ छइन्जेल ।

असार महिना दश र पन्ध्र रोपाइँको चटारो
राखने लुगा झिकिदेउ आमा गौँथले पेटारो
हो किमा होइन हो भनी देऊ न
गौँथले पेटारो ।

**१०. दाईं गीत : सुर्य आचार्य, वर्ष २४, सार्दीखोला गा.वि.स. वडा नं. ३ ।**

मियाको टुप्पामा बसिहाल्यो कोइली

गोरु खेद्नी केटीलाई ढिँडोको चोइली

हो..हो.. माले गोरु हो..हो ।

एउटा गोरु झाले माले अर्को गोरु तिखे

गोरु खेद्नी केटा त साह्रै रैछ लिखे

हो..हो.. काले हो..हो ।

पुतली गाईको बाच्छो बरादो माली गाईको नाती

हिँड्न लाग्यो मेरो भाइ बरादो हो धान परालमाथि ।

हो हो ..............

रिङ्दै जाऊ घुम्दै जाऊ मेरो भाइ बरादो हो

माल मधेसको सह ल्याउ ।

हो हो हो ................

सिङले बोक खुरले माड मेरो भाई बरादो हो

कानले बताउ पुछारले बडार हवाइ हवाइ हो ।

हो हो हो...............

मियोको टुप्पोमा मेरो भाई बरादो हो परालको तान्द्रो

गोरु धपाउने ठिटालाई मेरो भाइ बरादो मुसाको आन्द्रो ।

ह.... ह.... ह............

माल मधेरको सह ल्याऊ

रिङ्दै जाऊ घुम्दै जाऊ मेरो भाई बरादो

माल मधेसको ल्याऊ हवाइ हवाइ ।

ह ह ह...............

रिङ्दै जाऊ घुम्दै जाऊ मेरो भाई बरादो हो

अन्नपूर्ण भरिपूर्ण माल मधेसको सह ल्याउ हवाइहवाइ हो ।

ह ह ह ................ ।

**११. तीजे गीत : दुर्गा वास्तोला, वर्ष ५९, पुरुन्चौर गा.वि.स. वडा नं. ३ ।**

**(क) अलच्छिनी बुहारी**

पोखराको बजारमा बसको लाइन
अलच्छिनी बुहारीको सुन बइन ।
घाँस काट्न पठाम् भने सेउलै सेउला ल्याइदिन्छे
भात खाँदा चारमाना सबै भ्याइदिन्छे ।
मकै दल्न पठाम् भने ठेलै ठेला गर्काउनी
मेला जाँदा गाउँलेले सधैँ फर्काउनी ।
भित्र बाहिर हिँड्दा पनि उफ्रि उफ्रि हिन्दछे
कोदो चोर्न पाएदेखि चुरोट किन्दछे ।
मकै दल्न पठाम भने चामल जति फीँदमा
कठै बरा चामल त डाली पिँधमा ।
यो बुहारी आए पछि सम्पत्ति नि तुरियो
त्यही पीरले छोरो पनि कतार हुरियो ।

**१२. तीजे गीत : प्रभा आचार्य, वर्ष २८, सार्दीखोला गा.वि.स. वडा नं. ४ ।**

**(ख) वर्ष दिनको तीजमा**

वर्ष दिनको तीजमा, मत जान्छु माइतमा
नकराउनु समीराजै हिँड्ने साइतमा
खर्च छैन दलेर चामल छैन कुटेर
समीजीले खानु हो मकै भुटेर ।
घुरुघुरु मोही पारैँ, राखैँ भाँडा भोरेर
समीजीले खानुहोला कराइ कोरेर ।
ठूलाठूला स्कुलमा सानासाना घरैमा
गाईडिँयालाई नपारे दाम्ला भरैमा ।
माइत जाँदा खाएको हुँ मैले मकै भुटेर
घर जाँदा समीजीले मारे कुटेर ।
घर जाने बेला भयो बहु कता दुकुरी
कठै बरा साथमा छैन कुटुरी ।

**१३. भैलो गीत : माधव नेपाली, वर्ष २६, पुरुन्चौर गा.वि.स. वडा नं. ८ ।**

ए, हो भन भन साथी हो  भैलो ।
ए, राम्ररी भन  भैलो ।
ए, स्वर मिलाइ भन  भैलो ।
ए, वर्षमा दिनको  भैलो ।
ए, तिहारमा  भैलो ।
ए, हजुरको  भैलो ।
ए, आँगनमा  भैलो ।
ए, आइपुग्यौँ हामी  भैलो ।
ए, खोलाको बाटो  भैलो ।
ए, बलौटे माटो  भैलो ।
ए, लड्दे र पड्दै  भैलो ।
ए, लक्षिमीको  भैलो ।
ए, आशिक छर्दै  भैलो ।
ए, आएका हामी  भैलो ।
ए, एक घर होइन  भैलो ।
ए, दुई घर होइन  भैलो ।
ए, चारै दिशा  भैलो ।
ए, जानु नै पर्ने  भैलो ।
ए, भैलीलाई दान  भैलो ।
ए, दिनुहोस् अब  भैलो ।
गाउँदै आइयो देउसी र भइलो
सबै मिलि गरौँ न रमाइलो ।
गाउँदै आइयो देउसी र भइलो
सबै मिलि गरौँ न रमाइलो ॥
ए, आउनु भो आमा  भैलो ।
ए, धानमाथि चामल  भैलो ।
ए, चामलमाथि दियो  भैलो ।

| | |
|---|---|
| ए, त्यसपछि रोटि | भैलो । |
| ए, दिनुभो आमाले | भैलो । |
| ए, यो घरमा | भैलो । |
| ए, लक्षिमीले | भैलो । |
| ए, बासै गरुन् | भैलो । |

थालैमा अक्षेता पाती,
विदावादी भएर जाउँ साथी ।
थालैमा अक्षेता पाती,
विदावादी भएर जाउँ साथी ॥

**१४. देउसी गीत : पूर्ण ब. गुरुङ, वर्ष ३८, सार्दीखोला गा.वि.स. वडा नं. ७ ।**

| | |
|---|---|
| आहइ भन मेरा भाई हो | देउसीरे |
| आहइ राम्ररी भन | देउसीरे |
| आहइ स्वर मिलाइकन | देउसीरे |
| आहइ झिलिमिलि झिलिमिलि | देउसीरे |
| आहइ केको झिलमिलि | देउसीरे |
| आहइ फूलको भिलिमिलि | देउसीरे |
| आहइ बत्तीको झिलिमिलि | देउसीरे |
| आहइ बर्षमा दिनको | देउसीरे |
| आहइ तिहारै | देउसीरे |
| आहइ देउसीरे खेल्दै | देउसीरे |
| आहइ हजुरको | देउसीरे |
| आहइ आँगनी | देउसीरे |
| आहइ आइपुग्यौं हामी | देउसीरे |
| आहइ भट्याउनेको | देउसीरे |
| आहइ स्वरैमा राखि | देउसीरे |
| आहइ बजाउनेको | देउसीरे |
| आहइ गलैमा राखी | देउसीरे |

आहइ देउसीरे भन		देउसीरे
ए, हाँसेर बोलिदेउ माया
यसै गरी भेट कहिले हुन्छ र ?
ए, हाँसेर बोलिदेउ माया
यसै गरी भेट कहिले हुन्छ र ?
आहइ भन मेरा भाई हो		देउसीरे
आहइ राम्ररी भन		देउसीरे
आहइ हामी त्यसै		देउसीरे
आहइ आएका होइनौँ		देउसीरे
आहइ बलीराजाले		देउसीरे
आहइ पठाएर		देउसीरे
आहइ आएका हामी		देउसीरे
आहइ गाउँदै गीत		देउसीरे
आहइ छमछमी नाँच्दै		देउसीरे
आहइ ठूलो घर खोज्दै		देउसीरे
आहइ दान लिन		देउसीरे
आहइ आएका हामी		देउसीरे
पशुपतिमा सुनैको गजुर
देउसी खेल्न आएको हजुर ॥

**१५. रत्यौली : हरि आचार्य, वर्ष ३९, सार्दीखोला गा.वि.स. वडा नं. १**

सरर पिलेनमा आए ढिलो हुन्छ बस कुर्न नलाए ।
हाम्रो बाबु गएको ठाउँमा बत्ति बाल्न पर्दैन त्यो गाउँमा ।
सबै खुसी भएको दिन गयो छोरो कलहको विउ लिन ।
आमाले सारेको फूल बाबुले कहिले नि नभुल ।
रेलैमा फिरिरी केहो कान्छीले बुनेको रुमाल ।
हाम्रो भाइले लाएको टोपी, टलटल टल्केको त्यही हो कि ।
हाम्रो भाई कहाँ पुग्यो होला, यति बेला ओडायो दोसल्ला ।

माझी दाई तारिदेऊ डुङ्गा, मायालाई दिनु छ फूल थुङ्गा ।

तल तल खोलीमा पानी, पर्ख सानु म पनि उहीँ जानी ।

छमछम नाचनी मयालाई, फूल टिपि लाइदिउँ कि पहेँलै ।

कुक्क कुक्क बाँडुल्की लायो, ढुक्क मलाइ मयाले सम्झियो ।

हेर दाई कमलका फूल, टिपि दाई डोलीमा चढेर ।

भोली त बुहारी आउँछे, सासुलाई बोकेर डुलाउँछे ।

**१६. रत्यौली : भगवती अधिकारी, वर्ष ४५, पुरुन्चौर गा.वि.स. वडा नं. ४ ।**

चैतमा मकै रोप्यो असारैमा धान,
खरी झरे झर्ला ठोकीदे मादलु ।
रत्यौलीमा नाच्नलाई किन खोज्छ्यौ मान
खरी झरे झर्ला ठोकीदे मादलु
मैले गीत गाउँदा गम्कीदे मादलु ।
सबै मिलि रत्यौलीमा नाच्ने हो गाउने हो,
खरी झरे झर्ला ठोकीदे मादलु
यति राम्रो लर्के जोवन कहिलेलाई साँच्ने हो ।

खरी झरे झर्ला ठोकीदे मादलु
सानो छन्जेल गाइको बाच्छो ठूलो भइसी बहर
खरी झरे झर्ला ठोकीदे मादलु
आजको यस रतेउलीमा पुर्‍याउने हो रहर
खरी झरे झर्ला ठोकीदे मादलु
मैले गीत गाउँदा गम्कीदे मादलु ।

खरी झरे झर्ला ठोकीदे मादलु
कोही पूर्वका कोही पश्चिमका सइँसाथी भेटियो
खरी झरे झर्ला ठोकीदे मादलु
यो मनको तिर्सना बल्ल पो मेटियो,

खरी झरे झर्ला ठोकीदे मादलु
मैले गीत गाउँदा गम्कीदे मादलु ।

**१७. पीडाका गीतहरू : बलराम ढुङ्गाना, वर्ष ४३, पुरुन्चौर गा.वि.स. वडा नं. ३ ।**

घान्द्रुके बनैमा, पीडा परो के गर्नु मनैमा ।
हो र माया उँधौली पालो छ, न समाउनी नटेक्नी डालो छ ।
कोही रैनछ दुःखीको लागि, सबैभन्दा मै रछु अभागी ।
संगीसँगै रमाउने बेलैमा, हाम फालौं कि साउने भेलैमा ।
साहुको सेवा गरिपको कर्ममा, कहिले बनमा कहिले पर्ममा ।
गरिपको कर्म नै खोटो, सम्पत्तिमा हँसिया खुर्पेटो ।
संसारमा मै रछु दुःखी, मर्छु क्यारे उमेरै नपुगी ।
साहुको जाती कहिल्यो हुन्ननी, गाली गर्दा यति मन रुन्ननी ।
दैला मुनि धानकोदो गोडौंला, सामन्तलाई मासेरै छोडौंला ।
गरिपको कर्म नै खोटो, सम्पत्तिमा हँसिया खुर्पेटो ।